महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७८
बागमती प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

बागमती प्रदेश


रसुवा
धादिङ
नुवाकोट
सिन्धुपाल्चोक
काठमाडौं
भक्तपुर
दोलखा
चितवन
मकवानपुर
ललितपुर
काभ्रेपलाञ्चोक
रामेछाप
सिन्धुली

महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८

बागमती प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

नेपालका महालेखापरीक्षक

बबरमहल, काठमाडौं
नेपाल

पत्र संख्या : २०७८/७९
च.नं.: ४९

मिति : २०७८।५।४

विषय : वार्षिक प्रतिवेदन

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
बागमती प्रदेश, हेटौंडा ।

नेपालको संविधानको धारा २४१ बमोजिम बागमती प्रदेशको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेश गरेको छु ।

भवदीय

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

फोन नम्बर ४२६२९५८ फ्याक्स नम्बर ४२६८३०९ पोष्ट बक्स नम्बर १३३२८

विषय-सूची

परिच्छेद	शीर्षक	पृष्ठ
महालेखापरीक्षकको भनाइ		
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति		
संचितकोष उपर राय		
परिच्छेद १	**लेखापरीक्षण गरिएका निकायको विवरण**	१
परिच्छेद २	**लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति**	४
परिच्छेद ३	**लेखापरीक्षणबाट देखिएका व्यहोरा**	७
	लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा	७
	मन्त्रालयगत र निकायगत व्यहोरा	१६
	१. प्रदेश सभा सचिवालय	१६
	२. प्रदेश लोक सेवा आयोग	१८
	३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१९
	४. आर्थिक मामिला तथा योजना मन्त्रालय	२२
	५. आन्तरिक मामिला तथा कानुन मन्त्रलय	२९
	६. उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय	३२
	७. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	३९
	८. भौतिक पूर्वाधार विकास मन्त्रालय	५०
	९. सामाजिक विकास मन्त्रालय	७५
	१०. मुख्य न्यायाधिवक्ताको कार्यालय	८२
	११. प्रदेश योजना आयोग	८३
परिच्छेद ४	**प्रतिवेदन कार्यान्वयन स्थिति**	८४
परिच्छेद ५	**सुधारका क्षेत्रहरू**	८५
	अनुसूचीहरू	८९

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय, पूर्ण स्वामित्व भएका संगठीत संस्था र संघीय कानुन बमोजिम महालेखा परीक्षकबाट लेखापरीक्षण हुने भनी तोकिएका संस्था वा निकायको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको आधारमा लेखापरीक्षण हुने व्यवस्था छ । नेपालको संविधानको धारा २९४(३) बमोजिम संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेश गर्ने र सोही ऐनको दफा १९(५) मा उक्त प्रतिवेदन मुख्यमन्त्री मार्फत प्रदेश सभामा पेश हुने व्यवस्था छ । उल्लेखित व्यवस्था बमोजिम आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षण गरी यो प्रतिवेदन तयार पारिएको छ । प्रतिवेदनमा लेखापरीक्षण गरिएको निकायको विवरण, लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोराहरू, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति र भविष्यमा गर्नुपर्ने सुधार समावेश गरिएको छ । प्रस्तुत प्रतिवेदन प्रदेश सभा, सार्वजनिक लेखा समितिमा छलफलद्वारा कार्यान्वयनमा आई आर्थिक अनुशासन कायम गर्न महत्त्वपूर्ण योगदान पुग्ने कुरामा विश्वस्त छु ।

नेपालको संविधान, लेखापरीक्षण ऐन २०७५, संघ एवं प्रदेशले तर्जुमा गरेका कानुन, लेखापरीक्षण मानदण्ड एवं असल अभ्यासहरू अनुसरण गरी वस्तुनिष्ठ ढंगले यो प्रतिवेदन तयार गरिएको छ । सरकारी लेखापरीक्षकहरूको आचारसंहिता लागु गरी सो को पालना सुनिश्चित गर्न अनुगमनको समेत व्यवस्था मिलाईएको छ । लेखापरीक्षणको क्रममा लेखा उत्तरदायी अधिकृत लगायत सम्बद्ध पक्षसँग आवश्यक छलफल गरी प्राप्त राय, सल्लाह र सुझाव बमोजिम लेखापरीक्षणलाई उद्देश्यमूलक बनाउने प्रयास गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न गुणस्तर आश्वस्तता पुनरावलोकन प्रणालीलाई सुदृढ तुल्याईएको छ ।

यस वर्ष कानुनको पालना, जवाफदेहिता वहन, लेखापालन र आर्थिक कारोबारको स्थिति, सार्वजनिक सम्पत्ति र स्रोत साधनको उपयोग, सार्वजनिक निर्माण र सेवा प्रवाह जस्ता विषयलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ । यो वर्ष प्रदेश अन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सहित मन्त्रालय र मातहतका कार्यालय, प्रदेशसभा सचिवालय, मुख्य न्यायधिवक्ताको कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालय समेत १९१ निकाय र १ विषयको रु.५१ अर्ब ९ करोड ५ लाख ८३ हजार लेखापरीक्षण सम्पन्न भई रु.७२ करोड ५२ लाख २९ हजार बेरुजु कायम भएको छ । यो बेरुजु कुल लेखापरीक्षण अङ्कको १.४२ प्रतिशत हुन आउँछ । गत वर्ष लेखापरीक्षण अंकको २.५० प्रतिशत बेरुजु कायम भएको थियो । गत वर्ष सँग तुलना गर्दा बेरुजु प्रतिशत घटेको छ । यस वर्ष म्याद ननाघेको पेस्कीलाई लगती बेरुजु मानिएको छैन ।

प्रदेश अन्तर्गतका कार्यालयहरूको लेखापरीक्षणबाट मुख्य रूपमा कतिपय आवश्यक कानुन निर्माण गर्नुपर्ने, दरबन्दी बमोजिमका कर्मचारीको पदपूर्ति गर्नुपर्ने, बजेटमा समावेश भएका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने र प्रदेशस्तरका सेवा प्रवाहलाई नियमित एवं व्यवस्थित गर्न एकीकृत कार्यालयको अवधारणा अनुसार सीमित संख्याका कार्यालयबाट कार्यसम्पादन गर्ने व्यवस्था गरिनुपर्ने देखिएको छ । प्रदेश र स्थानीय तहका पदाधिकारीले प्राप्त गर्ने सेवा सुविधामा एकरुपता कायम गर्नुपर्ने, राजस्व सङ्कलनलाई प्रभावकारी बनाई संघीय सरकारबाट प्राप्त हुने अनुदानप्रतिको निर्भरतालाई न्यूनिकरण गर्ने, अनुत्पादक खर्च नियन्त्रण गर्न मितव्ययिता सम्बन्धी नीतिलाई प्रभावकारी रूपले कार्यान्वयन गर्ने, दिगो विकास

लक्ष्यलाई प्राप्त गर्न योजना तथा कार्यक्रममा समावेश गरी संघीय सरकार तथा स्थानीय तहसँग समन्वयात्मक ढङ्गले कार्य गर्नुपर्दछ ।

विकास निर्माणतर्फ परियोजना बैंकमा संकलित योजनामध्ये बढी उपलब्धीमुलक छनौट गरी कार्यान्वयन गर्ने, संघ, प्रदेश र स्थानीय तहमार्फत एकै प्रकृतिका कार्यक्रमहरू सम्पादन भई दोहोरिने, खप्टिने तथा टुक्रिने प्रवृत्ति नियन्त्रण गर्ने, साना तथा टुक्रे आयोजनमा लगानी नगर्ने, अनुदान र सहायता जस्ता वितरणमुखी कार्यक्रमहरूमा बजेट परिचालित गर्दा उपलब्धिको सुनिश्चितता गर्ने, अनुदानको अनुगमन प्रभावकारी बनाउने र जटिल प्रकृतिका निर्माण सुधारका कार्यहरू समेत उपभोक्ता समितिबाट गराउने प्रक्रियामा सुधार गरी जनसहभागिता जुटाई कार्यक्रम कार्यान्वयन गर्नुपर्ने देखिन्छ । त्यस्तै फजुल खर्च घटाउने, अनावश्यक खर्च कटौती गर्ने, प्रदेश सरकार र मातहतका निकायमा हुने अनियमितता, भ्रष्टचारजन्य क्रियाकलाप नियन्त्रण गर्न नियमित अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गरी सुशासन कायम गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

प्रदेशस्तरमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहलाई नमूनाको रूपमा सञ्चालन गर्न सकिने देखेको छु । यस प्रतिवेदनमा प्रदेश सरकारको कार्य क्षेत्र र मन्त्रालय तथा निकायहरूको विस्तृत विश्लेषण सहित समावेश भएका प्रतिवेदनका व्यहोरा र सुझावबाट प्रदेशस्तरको शासकीय व्यवस्था र विकास निर्माण कार्य सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । महालेखापरीक्षकले प्रदेश प्रमुखसमक्ष पेश गरेको प्रतिवेदन यथासमयमा प्रदेश सभामा पेश हुनु पर्दछ । यसबाट जनप्रतिनिधिको थलोमा समयमै प्रतिवेदनउपर छलफल भए समस्या समाधान गर्न सहज हुने भएकोले यस्तो प्रतिवेदन पेश भएपछि प्रदेश सभामा तत्काल पेश गरी छलफलको व्यवस्था हुनुपर्दछ ।

प्रदेश सरकारलाई संघ र स्थानीय तहबीच समन्वय कायम गरी वित्तीय अनुशासन कायम गर्न र उपलब्ध स्रोत साधनको अधिकत्तम प्रयोग गर्दै विकास निर्माण, सेवा प्रवाह र रोजगारी सिर्जना जस्ता कार्यमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्ने अवसर प्राप्त भएको छ । नेपालको संविधान बमोजिम आन्तरिक आय परिचालन गरी आत्मनिर्भर हुनेतर्फ प्रदेश सरकारका काम कारवाही निर्देशित गर्नुपर्ने देखिन्छ ।

अन्त्यमा, लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा अमूल्य सुझाव दिई सहयोग गर्ने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्री तथा मन्त्रीज्यूहरू, माननीय प्रदेश सभाका सभामुख तथा उपसभामुखज्यू, प्रदेश सभा सदस्यज्यूहरू लगायत प्रदेशका सबै निकाय र पदाधिकारी तथा विकास साझेदार, नागरिक समाज र सञ्चारकर्मीहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, कोरोना भाइरसको महामारीको बाबजूद अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था** : नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ बमोजिम प्रत्येक कार्यालयले सबै प्रकारका आय व्यय तथा कारोवारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ ।

२. **उद्देश्य** : सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्न तथा वित्तीय प्रतिवेदनउपर आश्वस्तता प्रदान गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ । देहायका विषयहरू सुनिश्चित गर्नु लेखापरीक्षणको अन्य उद्देश्यहरू रहेका छन्:

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थ स्थिति चित्रण गरेको,
- प्रदेश सञ्चित कोष तथा अन्य सरकारी कोषको हिसाब यथार्थपरक रहेको,
- प्रदेश विनियोजन ऐन बमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवं दाखिला गरेको,
- सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरूपयोग हुन नपाउने व्यवस्थापन गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको र सोको कार्यान्वयन भएको,
- आर्थिक कारोवार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवं पुष्टयाई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- आर्थिक कारोवार गर्दा मितव्ययिता कार्यदक्षता र प्रभाकारितामा पर्याप्त ध्यान दिएको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको,
- कोभिड १९ को विश्वव्यापी महामारीको रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धमा सञ्चालित क्रियाकलाप र खर्च कानुनसम्मत् एवं प्रभावकारी तवरले गरेको ।

३. **क्षेत्र** : यो वर्ष प्रदेश सभा, प्रदेश मन्त्रालय, संवैधानिक अंग, प्रदेश कार्यालय र समिति तथा अन्य संस्था समेत १९२ निकाय र विषयको २०७६।७७ को कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा कानुनको परिपालना, विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्यांकन गर्न सूचना तथा तथ्यांकसमेत संकलन गरी अध्ययन एवं विश्लेषण गरिएको छ ।

४. **पद्धति** : लेखापरीक्षण ऐन, २०७५ मा उल्लेखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय, कार्यमूलक, प्रकोप व्यवस्थापन तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ । समग्र लेखापरीक्षण गर्नुपर्ने निकायहरूलाई जोखिम मूल्यांकनको आधारमा न्यून, मध्यम र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च जोखिमयुक्त ६३ निकायको विस्तृत लेखापरीक्षण, मध्यम जोखिमयुक्त ८० निकायको प्रदेश एकल कोष खाताबाट छनौट गरिएका कारोवारको परीक्षण र न्यून जोखिमयुक्त ४८ निकायको सम्बन्धमा दूर लेखापरीक्षण कार्यविधि अवलम्बन गरी लेखापरीक्षण गरिएको छ ।

यसका अलावा लेखापरीक्षणबाट देखिएका व्यहोराउपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको र सो उपर निकायबाट प्राप्त जवाफ/प्रतिकृया समेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरीवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन र छनौट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकनसमेत गर्ने गरिएको छ । नीतिगत विषयमा राय लिन लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषयविज्ञ संलग्न गराइएको छ ।

५. **छलफल र अन्तर्क्रिया** : महालेखापरीक्षकको २०७६/७७ को लेखापरीक्षणको सिलसिलामा बागमती प्रदेशका सम्पूर्ण निकायका उच्च पदस्थ पदाधिकारीहरूसँग लेखापरीक्षणमा महालेखापरीक्षकको भूमिका, जवाफदेहिता, पारदर्शिता र लेखापरीक्षण कार्यक्रम सम्बन्धमा भर्चुअल माध्यमबाट छलफल भएको थियो ।

६. **वार्षिक प्रतिवेदन** : महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्नसक्ने नेपालको संविधानको धारा २९४ को उपधारा (३) को व्यवस्था अनुसार यो प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा ५ परिच्छेद तथा १५ अनुसूची रहेका छन् । परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, परिच्छेद ३ मा लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा, परिच्छेद ४ मा प्रतिवेदन कार्यान्वयन स्थिति र परिच्छेद ५ मा सुधारका क्षेत्रहरू उल्लेख गरिएको छ ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७८।७९
च.नं.: १३३

मिति : २०७८।०५।०३

श्री सचिवज्यू,
आर्थिक मामिला तथा योजना मन्त्रालय,
हेटौंडा, मकवानपुर ।

विषय : प्रदेश संचितकोषको आर्थिक विवरण उपर लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले बागमती प्रदेश संचितकोषको आर्थिक वर्ष २०७६।७७ को प्राप्ति भुक्तानीको एकीकृत आर्थिक विवरण, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू (अनुसूची-१५) को लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६/७७ को प्राप्ति भुक्तानीको एकीकृत आर्थिक विवरण, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको आर्थिक विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान र आर्थिक कार्यविधी र वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रूपमा आर्थिक विवरणलाई सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन :

१. प्रदेश सरकारका मन्त्रालय र मातहतको लेखापरीक्षणबाट रु.७२ करोड ५२ लाख २९ हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१४ करोड ७८ लाख २३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१५ करोड ६१ लाख ८५ हजार, अनियमित भएको रु.३५ करोड १८ लाख ४१ हजार र पेस्की बाँकी रु.६ करोड ९३ लाख ८० हजार रहेको छ ।

२. प्रदेश सरकारको स्थिर सम्पत्ति मूल्याङ्कन गरी आर्थिक विवरणमा खुलासा गरेको छैन ।

३. प्रदेश सरकारबाट स्थानीय तहलाई रु.१ अर्ब २४ करोड ८६ लाख समानीकरण अनुदान निकासा भएकोमा महालेखा नियन्त्रकको कार्यालयबाट प्राप्त विवरण अनुसार रु.७८ करोड १० लाख खर्च भई रु.४६ करोड ७६ लाख स्थानीय तहहरूमा मौज्दात रहेको छ । उक्त मौज्दात रहेको रकम समेत प्रदेश लेखा नियन्त्रक कार्यालयले खर्च देखाएको छ । मौज्दात रकम पनि खर्च देखाउँदा हिसाब यथार्थपरक देखिदैन् ।

४. आन्तरिक मामिला तथा कानुन मन्त्रालयको कोरोना कोषमा रु.४० करोड जम्मा गरेको आधारमा खर्च देखाएको छ । सो कोषमा रु.३० करोड ७३ लाख २४ हजार मौज्दात नै देखिएकोले प्रदेश संचित कोषको खर्चले यथार्थ चित्रण गर्दैन ।

५. राजस्व बाँडफाँट अन्तरगत प्रदेश सरकारलाई प्राप्त हुनुपर्ने मूल्य अभिवृद्धि कर बापत रु.५ अर्ब १९ करोड ३३ लाख र अन्तःशुल्क रु.१ अर्ब ९४ करोड ३६ लाख प्राप्त भएको देखिएको छ । महालेखा नियन्त्रकको कार्यलयले २०७७।०३।२० पश्चात संकलन भएको मूल्य अभिवृद्धी कर र अन्तशुल्क वापतको बाँडफाँड हुने

राजस्व २०७७।०७।२५ मा र प्राकृतिक श्रोतको रोयल्टी वापत २०७६।७७ मा प्राप्त राजस्व २०७७।०९।२७ मा मात्र बाँडफाँड गरिएकोले प्रस्तुत प्रदेश संचित कोषको हिसाबले यथार्थ राजस्वको अवस्था चित्रण गर्दैन् ।

६. प्रदेशले स्थानीय तह ११९ बाट रु.१ अर्ब ३ करोड ८० लाख आयमा लेखाङ्कन गरेको छ । स्थानीय तहबाट प्राप्त हुने बाँडफाँड राजस्व सम्बन्धमा अनुगमन गरेको छैन ।

७. प्रदेश सरकारबाट स्थानीय तहलाई प्रदान गरिएको सर्शत, समपुरक र विशेष अनुदानमध्ये आषाढ मसान्त सम्म सम्बन्धित स्थानीय तहमा खर्च नभई रु.१ अर्ब १५ करोड ५१ लाख फिर्ता गर्नुपर्नेमा रु.८९ करोड ५४ लाख मात्र फिर्ता गरेकोले छुट रु.२५ करोड ९७ लाख फिर्ता गर्न बाँकी रहेको छ । स्थानीय तहमा खर्च नभई बाँकी रहेको रु.१ अर्ब १५ करोड ५१ लाख रकम यथार्थमा खर्च नभई प्रदेश सरकारबाट स्थानान्तरण भई स्थानीय तहको खातामा मौज्दात रहेको भएपनि प्रदेश संचित कोषमा खर्च देखाएकोले संचितकोषको खर्च यथार्थपरक छैन ।

८. ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र स्रोत सुनिश्चितता, राजस्व असुली, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह लगायतका विषयमा कमीकमजोरी देखिएका छन् ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । संञ्चितकोषको आर्थिक विवरण तयार गर्ने प्रदेश लेखा नियन्त्रकको कार्यालयसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी प्रदेश सरकारमा रहेको छ । प्रदेश मन्त्रालयका लेखाउत्तरदायी अधिकृतहरू प्रदेश संचितकोषको आर्थिक प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्ततालेसामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रूपमा गलत आँकडा मानिएको छ ।

(रामु प्रसाद डोटेल)
उप-महालेखापरीक्षक

परिच्छेद-१

लेखापरीक्षण गरिएका निकायको विवरण

- **समष्टिगत लेखापरीक्षण**

लेखापरीक्षण गरिएका निकाय र विषय	संख्या	रकम (रु.हजारमा)
१. सरकारी कार्यालय	१८३	५०४४०६७७
२. अन्य संस्था तथा समिति	८	६४९९०६
३. कार्यमूलक लेखापरीक्षण —१		-
जम्मा	**१९१**	**५१०९०५८३**

यो वर्ष प्रदेश मातहत १८३ सरकारी निकायको रु.५० अर्ब ४४ करोड ६ लाख ७७ हजार तथा अन्य संस्था र समिति ८ को रु.६४ करोड ९९ लाख ६ हजार समेत रु.५१ अर्ब ९ करोड ५ लाख ८३ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण गरिएका निकायहरूको विवरण **अनुसूची-१ (क)** मा उल्लेख छ ।

१. **सरकारी निकाय :** यो वर्ष १८३ सरकारी निकायको विनियोजन/राजस्व/धरौटी र अन्य कारोवारतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

क्र.सं.	कारोवार	लेखापरीक्षण सम्पन्न	
		२०७५/७६	२०७६/७७
१.	विनियोजन	२०६५२७०२	२६३८५८८६
२.	राजस्व	१६९०१७२०	२१५२५२४८
३.	धरौटी	८०४९४७	१२४६९७९
४.	अन्य कारोवार	५५०७७४	१२८२५६४
जम्मा		**३८९१०१४३**	**५०४४०६७७**

लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षण रकमको विवरण **अनुसूची - २** मा उल्लेख छ ।

लेखापरीक्षण गर्नुपर्ने मध्ये ५ निकायको विनियोजन, राजस्व र धरौटीतर्फ रु.१ अर्ब ६९ करोड २३ लाख ७६ हजारको लेखापरीक्षण बाँकी रहेको छ । विस्तृत विवरण अनुसूची-३ मा छ ।

२. **समिति र अन्य संस्था** : यो वर्ष ७ समिति र १ अन्य संस्थाको रु.६४ करोड ९९ लाख ६ हजारको लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद-३ को मन्त्रालय खण्डमा समावेश छ । एक समितिको लेखापरीक्षण बाँकी रहेको छ । लेखापरीक्षण गरिएका निकायको विस्तृत विवरण **अनुसूची-५** मा उल्लेख छ ।

- **बजेट र राजस्वको कार्यान्वयन स्थिति**

३. **बजेट तथा खर्च :** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७६।७७ को बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छः

(रु.हजारमा)

शीर्षक/क्षेत्र	२०७६/७७ को		
	बजेट अनुमान	यथार्थ खर्च	प्रतिशत
चालु	२०१३०१०२	१२२६८८४९	६०.९४
पूँजीगत	२७१७७७८४	१५६८२०२१	५७.७०
जम्मा	४७६०७८८६	**२७९५०८७०**	**५८.७१**

बजेट अनुमानको तुलनामा पूँजीगत खर्च ५७.७० प्रतिशत मात्र गरिएको अवस्थाले प्रदेशको कार्यसम्पादनमा प्रभावकारिता आएको छैन । समयमा योजना स्वीकृति, कार्यक्रम संचालन र सेवाप्रवाहको अवस्थामा सुधार, कार्य प्रक्रियामा सरलीकरण गरी विनियोजन दक्षता बढाउनुपर्दछ ।

४. **स्रोतगत खर्च :** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार २०७६।७७ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रु.हजारमा)

स्रोत	२०७६/७७ को			अनुमानको तुलनामा खर्च प्रतिशत
	अनुमान	प्राप्ति	यथार्थ खर्च	
संघीय सरकार अनुदान				
समानीकरण अनुदान	७५९६४००	७५९६४००.००	४२७८२०७	५६.३२
शसर्त अनुदान	७४६४९००	७९७८४९६	५९५०५१२	७४.५८
विशेष अनुदान	१००००००	४१००००	५२८९०	१२.९०
समपुरक अनुदान	२००००००	६४६६००	१२२५६३	१८.९५
जम्मा	**१८०६१३००**	**१६६३१४९६**	**१०४०४१७२**	५७.६०
प्रदेश सरकार				
राजस्व बाँडफाँट	१८२९४९००	१४९९६१८३	१७५४६६९८	५५.३२
आन्तरिक स्रोत	४५०००००	६५४०५५३		
गत वर्षको नगद	६७५१६८६	१०१८२७९५		
जम्मा	**२९५४६५८६**	**३१७१९५३१**	**१७५४६६९८**	**५५.३२**
कुल जम्मा	**४७६०७८८६**	**४८३५१०२७**	**२७९५०८७०**	

यो वर्ष प्रदेश सरकारको कुल खर्च रु.२७ अर्ब ९५ करोड ८ लाख ७० हजारमध्ये संघीय सरकारको अनुदानबाट ३७.२२ प्रतिशत र प्रदेश सरकारको राजस्वबाट ६२.७८ प्रतिशत व्यहोरेको छ । संघीय सरकारबाट प्राप्त हुने प्रक्षेपण गरेको समपुरक अनुदान तथा विशेष अनुदान कम प्राप्त भएको छ भने गत वर्ष खर्च गर्न नसकेको कारण अनुमानभन्दा बढी नगद मौज्दात देखिएको छ । उपलब्ध स्रोत परिचालन नभएको कारणले विकास निर्माण, खर्च व्यवस्थापन तथा कार्य सम्पादन नतिजामा प्रभावकारिता आएको छैन ।

५. **संघलाई बजेट** - प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटको उद्देश्य परिपूर्तिका लागि प्रदेश कानुन बमोजिम विकास निर्माण तथा सेवा प्रवाहका कार्य अगाडि बढाउनुपर्नेमा प्रदेशले विनियोजन गरेको बजेटबाट कार्यक्रम संचालन गर्न संघीय कार्यालयलाई बजेट अख्तियारी दिएकोमा संघीय

कार्यालयहरूले चालुतर्फ रु.४१ करोड ७२ लाख ९४ हजार र पूँजीगततर्फ रु.६३ करोड १५ लाख ७६ हजार समेत रु.१ अर्ब ४ करोड ८८ लाख ७० हजार बजेट खर्च गरेका छन् । उक्त रकमको लेखापरीक्षणबाट देखिएका व्यहोराहरू सम्बन्धित कार्यालयमा उपलब्ध गराईएकोले प्रदेशको आय-व्ययको कारोवारमा समावेश गरिएको छ । यस सम्बन्धी विवरण अनुसूची-१३ मा छ ।

६. **राजस्व असुली** : सरकार संचालनको मुल आधार राजस्व संकलन र परिचालन भए तापनि २०७६।७७ मा प्रदेश सरकारले संघीय सरकारबाट बाँडफाँट भई प्राप्त हुने मूल्य अभिवृद्धि कर रु.५ अर्ब १९ करोड ३३ लाख ४७ हजार, अन्तशुल्क रु.१ अर्ब ९४ करोड ३६ लाख २६ हजार समेत रु.७ अर्ब १३ करोड ६९ लाख ७३ हजार रहेको छ । प्रदेशले संकलन गरेको प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने राजस्वमध्ये सवारी साधन कर मात्र बिभाज्य कोषमा जम्मा गरी सोको ६० प्रतिशतले हुने सवारी साधन कर रु.३ अर्ब ८९ करोड ५९ लाख १२ हजार प्रदेश सरकारको संचितकोषमा जम्मा भएको छ । यसैगरी घर जग्गा करबाट बाँडफाँट भई प्रदेशलाई रु.६ अर्ब ४४ करोड ५४ लाख ५० हजार प्राप्त भएको छ ।

७. **कर तथा शुल्क** - प्रदेशले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्नेसमेत व्यवस्था छ । प्रदेशलाई घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना कानुन बनाई कर तथा शुल्कका दर तोक्ने अधिकार छ । प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन, नियमन र कार्य संचालन गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयको रहेको परिप्रेक्ष्यमा आर्थिक ऐन समेत जारी भई कार्यान्वयनमा आएको भएतापनि सबै क्षेत्रको संभाव्य राजस्वको प्रक्षेपण र असुली कार्यमा प्रभावकारिता आउन सकेको छैन ।

परिच्छेद-२

लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति

१. **बेरुजु :** बागमती प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २(ब) मा प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोवार गरेको वा राखुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमुनासिब तरिकाले आर्थिक कारोवार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याइएको कारोवारलाई बेरुजुको रूपमा परिभाषित गरेको छ ।

सोहि ऐनले बेरुजुलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ । यस कार्यालयले बेरुजु वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजुमा हिनामिना र मस्यौट, हानी, नोक्सानी र अन्य असुल गर्नुपर्ने गरी ३ समूहमा, नियमित गर्नुपर्ने बेरुजुलाई अनियमित भएको, प्रमाण कागजात पेश नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा र पेस्कीलाई कर्मचारी, मोबिलाइजेशन, प्रतितपत्र र संस्थागत पेस्की गरी ४ समूहमा वर्गीकरण गरेको छ ।

यो वर्ष प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको बेरुजु रु.७२ करोड ५२ लाख २९ हजार रहेको छ । सो बेरुजु अंकको वर्गीकरण निम्नानुसार छः

(रु.हजारमा)

वर्गीकरण	सरकारी कार्यालय	समिति तथा अन्य संस्था	जम्मा	कुल बेरुजुको प्रतिशत
जम्मा बेरुजु	**७१६३४८**	**८८८१**	**७२५२२९**	**१००.००**
१. असुल गर्नुपर्ने	**१४६३६३**	**१४६०**	**१४७८२३**	**२०.३८**
२. नियमित गर्नुपर्ने	**५००६०५**	**७४२१**	**५०८०२६**	**७०.०५**
• अनियमित भएको	३४४५२१	७३२०	३५१८४१	४८.५१
• प्रमाण कागजात पेश नभएको	१५६०८४	१०१	१५६१८५	२१.५३
३. पेस्की	**६९३८०**	**-**	**६९३८०**	**९.५६**
• कर्मचारी पेस्की	१०९४८	-	१०९४८	१.५०
• मोविलाइजेशन पेस्की	-	-	-	-
• प्रतितपत्र पेस्की	-	-	-	-
• अन्य पेस्की	५८४३२	-	५८४३२	८.०५

बेरुजु वर्गीकरणको विवरण **अनुसूची-१० र ११** मा छ ।

२. **अद्यावधिक बेरुजुः** गत वर्ष सम्म रु.९८ करोड ८२ लाख ८७ हजार बेरुजु रहेकोमा यो वर्ष रु.३२ करोड ८४ लाख ३२ हजार सम्परीक्षण भई रु. ६५ करोड ९८ लाख ५५ हजार बाँकी रहेको र यो वर्ष रु.७२ करोड ५२ लाख २९ हजार थप भई जम्मा बेरुजु रु. १ अर्ब ३८ करोड ५० लाख ८४ हजार कायम भएको छ । यस सम्बन्धी विवरण **अनुसूची -१२** मा रहेको छ ।

(रु.हजारमा)

क्र.सं.	विवरण	गत वर्ष	यो वर्ष	जम्मा रकम
१.	प्रदेश सरकारी निकायको बेरुजु	६४४६३४	७१६३४८	१३६०९८२
२.	समिति तथा अन्य संस्था	१५२२१	८८८१	२४१०२
	जम्मा	**६५९८५५**	**७२५२२९**	**१३८५०८४**

३. **बेरुजु विश्लेषण :** प्रदेश सरकारी कार्यालय, अन्य संस्था र समितिको बेरुजुको अवस्था निम्नानुसार रहेको छ :

३.१ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३८ मा बेरुजु फर्स्यौंट गर्ने जिम्मेवारी सम्बन्धित लेखाउत्तरदायी अधिकृतको हुने व्यवस्था छ । सोही ऐनको दफा ३५(४) मा औंल्याइएको बेरुजुको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फर्स्यौंट गर्ने र फर्स्यौंट नगरेमा लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ । सोही व्यवस्था बमोजिमको प्रक्रिया पूरा गर्दासमेत २०७६।७७ को बेरुजु फर्स्यौंट नभएकाले उक्त व्यहोरा वार्षिक प्रतिवेदनमा समावेश गरिएको छ । यस सम्बन्धी विवरण **अनुसूची-१४** मा रहेको छ ।

३.२ **सरकारी कार्यालयतर्फ** - यो वर्ष रकमगत आधारमा बढी बेरुजु हुने मन्त्रालयहरू निम्नानुसार छनः

(रु. हजारमा)

क्र.सं.	मन्त्रालय	लेखापरीण अङ्क	बेरुजु अङ्क				कुल बेरुजुको प्रतिशत	ले.प.अङ्कको तुलनामा बेरुजु प्रतिशत
			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	पेस्की बाँकी	जम्मा		
१.	भौतिक पूर्वाधार विकास मन्त्रालय	२००२९५२१	८४९४२	१६७१६३	५२६६	२५७३७१	३५.९३	१.२८
२.	सामाजिक विकास मन्त्रालय	४३४७०२१	३०१२०	१५५४१९	४८८९६	२३४४३५	३२.७३	५.३९
३.	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	२९२९०३८	१५१५४	१२५३२२	१५८८	१४२०६४	१९.८३	४.८५
४.	भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय	३१०८८०१	१४४१२	४२२६७	०	५६६७९	७.९१	१.८२
५.	अन्य	२००२६२९६	१७३५	१०४३४	१३६३०	२५७९९	३.६०	०.१२
	जम्मा :	**५०४४०६७७**	**१४६३६३**	**५००६०५**	**६९३८०**	**७१६३४८**	**१००**	**१.४२**

सरकारी कार्यालयतर्फ भौतिक पूर्वाधार विकास मन्त्रालय बढी बेरुजु हुने मन्त्रालय तथा निकायको क्रममा पहिलो स्थानमा रहेको, सामाजिक विकास मन्त्रालय दोस्रो, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय तेस्रो तथा भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय चौथो नम्बरमा रहेका छन् ।

३.३ यो वर्ष १८३ प्रदेश कार्यालयको लेखापरीक्षण गरेकोमा ६८ कार्यालय (३७.१५ प्रतिशत) मा लगती बेरुजु देखिएको छैन । समिति तथा अन्य संस्था ८ मध्ये ३ कार्यालयमा लगती बेरुजु देखिएको छैन ।

३.४ यो वर्ष प्रदेश मातहतका निकाय तथा समितितर्फ २ हजार ३०६ दफामध्ये प्रतिक्रियाबाट २१५ दफा फर्स्यौंट भई २ हजार ९१ दफा बेरुजु देखिएकोमा १ हजार ५०५ दफा सैद्धान्तिक र ५८६ दफा लगती बेरुजु कायम भएको छ ।

३.५ प्रदेश सरकारी कार्यालयतर्फ गत वर्षसम्मको पेस्की रु.४७ करोड ६६ लाख ५ हजार बाँकी रहेकोमध्ये रु.२६ करोड ७४ लाख ७८ हजार (५६.१२ प्रतिशत) फर्स्यौंट भई बाँकी रु.२० करोड ९१ लाख २७ हजार र यो वर्ष थप रु.५१ करोड १७ लाख ५ हजार समेत कुल पेस्की रु.७२ करोड ८ लाख ३२ हजार बाँकी रहेको छ । यो वर्ष थप भएकोमध्ये म्याद ननाघेको पेस्की रु.४४ करोड २३ लाख २५ हजार र म्याद नाघेको पेस्की रु.६ करोड ९३ लाख ८० हजार रहेको छ । सोमध्ये कर्मचारीतर्फ

रु.१ करोड २७ लाख ६२ हजार (१.७७ प्रतिशत), मोबिलाइजेशनतर्फ रु.५८ करोड ९४ लाख ५५ हजार (८१.७७ प्रतिशत) र अन्य पेस्की रु.११ करोड ८६ लाख १५ हजार (१६.४६ प्रतिशत) रहेको छ । पेस्की बाँकीको अध्यावधिक विवरण **अनुसूची ६** मा रहेको छ ।

३.६ लेखापरीक्षणबाट सरकारी कार्यालय, समिति र अन्य संस्थाबाट यो वर्ष लेखापरीक्षणको दौरानमा रु.२४ लाख ३५ हजार र प्रारम्भिक प्रतिवेदन पठाएपछि रु.७० लाख ८२ हजार र सम्परीक्षणको क्रममा रु.१ करोड ७९ लाख ९४ हजार समेत रु.२ करोड ७५ लाख ११ हजार असुल भई राजस्वमा दाखिला भएको छ । यस सम्बन्धी विवरण **अनुसुची-७** मा छ ।

३.७ सरकारी कार्यालय, समिति तथा अन्य संस्थातर्फ २४ निकायको रु.१८ लाख ८० हजार अग्रिम कर कट्टी नगरेकोमा ९ निकायको रु.५ लाख ७१ हजार असुल भई रु.१३ लाख ९ हजार बाँकी छ । यस सम्बन्धी विवरण **अनुसूची-८** मा छ ।

३.८ प्रदेश सरकारी कार्यालय, अन्य संस्था र समितितर्फ यो वर्षको सम्पन्न लेखापरीक्षण र बेरुजु अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रु.हजारमा)

प्रतिवेदन	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क	प्रतिशत	पेस्की बाहेकको बेरुजु	पेस्की बाहेकको बेरुजु प्रतिशत
२०७५	२७४६२९	९७२	०.३५	९७२	०.३५
२०७७	३९४७५४०१	९८७३१५	२.५०	५१०७१०	१.२९
२०७८	५१०९०५८३	७२५२२९	१.४२	६५५८४९	१.२८

परिच्छेद -३
लेखापरीक्षणबाट देखिएका व्यहोरा

लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा

१. **लेखापरीक्षण वक्यौता :** प्रदेश सरकार अन्तर्गतको ६ निकायको विनियोजन रु.१ अर्ब ५६ करोड ४९ लाख ८५ हजार, राजस्व तर्फको रु.१ करोड १४ लाख ८९ हजार र धरौटी तर्फको रु.११ करोड ५९ लाख २ हजार समेत रु.१ अर्ब ६९ करोड २३ लाख ७६ हजारको लेखापरीक्षण वक्यौता रहेको छ । विस्तृत विवरण **अनुसूची-३** मा उल्लेख छ ।

२. **कानुन तर्जुमा** : संघीय संरचना अनुसार प्रदेशको संचालन र व्यवस्थापनका लागि २०७६।७७ सम्म ५८ ऐन, २८ नियमावली, २ विनियमावली, १० गठन आदेश, २३ कार्यविधि, ५ निर्देशिका, १ मापदण्ड र ३ अध्यादेश प्रतिस्थापन कानुन समेत १३० कानुन तथा कार्यविधि निर्माण गरेको छ । प्रदेशको संचालन र व्यवस्थापनको लागि आवश्यक कानुन र कार्यविधिको पहिचान गरी तर्जुमा गर्नुपर्दछ ।

३. **कानुनमा सामञ्जस्यता :** स्थानीय सरकार संचालन ऐन, २०७४ को साबिक दफा ६४ को उपदफा १,१(च), ३ र ४ मा ढुङ्गा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरूको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरूले संकलन गरेर स्थानीय विभाज्य कोषमा जम्मा गर्ने व्यवस्था गरी बाँडफाँट हुने व्यवस्था थियो । संघीय आर्थिक ऐन, २०७५ द्वारा उक्त दफा खारेज गरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२(क) थप गरेर स्थानीय तहहरूले गिट्टी, ढुङ्गा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो सञ्चित कोषमा जम्मा गर्ने व्यवस्था गरेको छ । यसै सम्बन्धमा प्रदेश आर्थिक ऐन, २०७६ को दफा ९ मा संघीय कानुनसँग बाझिने गरी ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तरको शुल्क असुली र बाँडफाँट सम्बन्धी व्यवस्था गरेको छ । बागमती प्रदेश आर्थिक ऐन, २०७६ को दफा ९(५) अनुसार गिट्टी, ढुङ्गा, बालुवा बापत सङ्कलित करको चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ ।

यसैगरी संघीय मन्त्रिपरिषद्ले ढुङ्गा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी गिट्टी, ढुङ्गा, बालुवा बिक्री बापतको राजस्व स्थानीय तहले संकलन गरी प्रदेश र स्थानीय तहबीच क्रमशः ४० र ६० प्रतिशत हुनेगरी बाँडफाँट गर्ने व्यवस्था गरेको छ जुन स्थानीय सरकार संचालन ऐनको दफा ६२(क) विपरीत देखिन्छ । यस वर्ष कतिपय पालिकाले गिट्टी, ढुङ्गा, बालुवा बिक्रीबाट प्राप्त राजश्व बाँडफाँट गरी पठाएको र विभिन्न २६ स्थानीय तहले रु.१७ करोड १५ लाख ५१ हजार बाँडफाँट गर्न बाँकी देखिएको छ । गिट्टी, ढुङ्गा, बालुवा बिक्रीबाट प्राप्त हुने राजस्व उत्पत्तिको आधार एवं सो राजस्व संकलन गर्दा पर्ने वातावरणीय असर लगायत समग्र व्यहोरा प्रदेशसँग सम्बन्धित भएकाले राजस्व बाँडफाँट सम्बन्धी कानुन तर्जूमा गर्दा सो विषयलाई मध्यनजर राखेर संघीय कानुनसँग नबाझिने गरी स्पष्ट कानूनी व्यवस्था गर्ने र सोको आधारमा राजस्व संकलन तथा बाँडफाँट गर्नुपर्दछ ।

४. **संगठन र व्यवस्थापन :** प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी सेवा प्रवाहको लागि आवश्यक जनशक्ति निर्धारण गरी पदपूर्ति गर्नुपर्दछ । प्रदेश सरकार अन्तर्गतका १८५ सरकारी निकायमा ३ हजार ८७५ दरबन्दी रहेकोमा २ हजार ५८२ अर्थात् ६७ प्रतिशत पदपूर्ति भई १ हजार २९३ पद रिक्त रहेको छ । स्वीकृत दरबन्दीको एक तिहाई पद रिक्त रहेकोले प्रदेश कार्यालयहरूको सेवा प्रवाहमा असर पर्ने देखिएको छ ।

५. **तहगत दोहोरो संरचना :** संघीय व्यवस्था अनुरूप स्थानीय तथा प्रदेशमा हस्तान्तरण हुने कार्य संघ आफैले गर्ने तथा प्रदेश वा स्थानीय तहले गर्ने कार्य र साझा रूपमा गर्ने कार्य स्पष्ट उल्लेख गरिएको छ । स्थानीय तहमा हस्तान्तरण भएका कार्यक्रम संचालन गर्न तथा संघबाट खारेज भएका पूर्वाधार, कृषि, स्वास्थ्य, वन, शिक्षा लगायतका क्षेत्रमा दोहोरो हुने गरी प्रदेशस्तरमा समेत कार्यालय स्थापना गरेको छ । यसबाट समग्र शासन प्रणालीको खर्च बढ्ने र कार्य क्षेत्रमा दोहोरोपना हुने देखिन्छ । प्रदेश सरकारले संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा यसमा ध्यान दिनुपर्दछ ।

६. **कार्य जिम्मेवारी :** प्रदेश सरकार (कार्य विभाजन) नियमावली २०७४ अनुसार प्रदेश सरकार अन्तर्गत विद्यमान विभिन्न सात मन्त्रालयहरूको कार्य जिम्मेवारी तोकिएकोमध्ये सबै मन्त्रालयका लागि तोकिएका कार्य जिम्मेवारी आंशिक रूपमा मात्र कार्यान्वयनमा आएको छ । मन्त्रालयहरूले कार्यान्वयन हुन बाँकी कार्य जिम्मेवारीहरू कार्ययोजना बनाई क्रमशः कार्यान्वयन गर्नुपर्दछ ।

७. **बजेट कार्यान्वयन** : प्रदेश अर्थमन्त्रीले आगामी आर्थिक वर्षको प्रदेश सरकारको राजस्व र व्ययको अनुमान प्रत्येक वर्ष असार महिनाको १ गते प्रदेश सभामा पेश गर्नुपर्ने र सो साथ राजस्व संकलन, मध्यमकालीन खर्च संरचना, अनुदान, सार्वजनिक ऋण र लगानी सम्बन्धी नीतिगत व्यवस्था सहितको बजेट अनुमान गर्नुपर्ने व्यवस्था छ । प्रदेश सरकारको आर्थिक वर्ष २०७६।७७ को वार्षिक बजेट र सोको कार्यान्वयन स्थिति विश्लेषण गर्दा निम्नानुसार देखिएको छः

७.१ आर्थिक मामिला तथा योजना मन्त्रालयले रु.४७ अर्ब ६० करोड ७९ लाखको आय-व्यय अनुमान पेश गरेकोमा गत वर्षको बचत कर र अन्य राजश्व समेत रु.४८ अर्ब ३५ करोड १० लाख आय र रु.३० अर्ब ८६ करोड (फिर्ता र समायोजन रु.२ अर्ब ९० करोड ९१ लाख समेत) व्यय भई रु.१७ अर्ब ४९ करोड १० लाख बचत रहेको देखिन्छ । प्रदेश सभाबाट स्वीकृत बजेट अनुसार खर्च गर्न नसकेको कारण बचत रकम वृद्धि हुँदै गएको छ । आर्थिक वर्ष २०७५/०७६ को अन्त्यमा रु.१० अर्ब १८ करोड २८ लाख बचत रहेको थियो । खर्च गर्ने दक्षता बढाई बजेटलाई यथार्थपरक बनाउनु पर्दछ ।

७.२ गत वर्षको बचत, कर र अन्य राजश्वसमेत कुल आय रु.४८ अर्ब ३५ करोड १० लाखमध्ये बाँडफाँट भई प्राप्त हुने कर तथा अन्य राजश्वबाट रु.२० अर्ब ३९ करोड ३८ लाख ७५ हजार अर्थात् ४२.१८ प्रतिशत, संघीय सरकारबाट हस्तान्तरित अनुदानबाट रु.१६ अर्ब ६३ करोड १४ लाख ९७ हजार (३४.४० प्रतिशत) र बाँकी गत वर्षको नगद मौज्दात तथा बेरुजुबाट प्राप्त भएको छ । जस अनुसार आयको उल्लेखनीय हिस्सा संघीय अनुदान र गत वर्षको मौज्दात रहेको देखिएकोले आन्तरिक आय परिचालनमा थप जोड दिनुपर्दछ ।

८. **चौमासिक खर्च :** स्वीकृत बजेट अनुसार चौमासिक रूपमा कार्यक्रम संचालन गरी भुक्तानी हुने व्यवस्था गर्न नसकिएको कारण कुल खर्चमध्ये तेस्रो चौमासिक र असार महिनामा बढी खर्च भएको देखिएको छ :

(रु. हजारमा)

विवरण	कुल खर्च	पहिलो चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	असार महिना
चालु तथा पूँजीगत खर्च	२७९५०८७०	२०१७८४०	६०५४३४६	१९८७८६८४	१३०५७१८४
प्रतिशत	५८.७१	७.२२	२१.६६	७१.१२	४६.७१
पूँजीगत खर्च	१५६८२०२१	६१३२८८	३५१७७२४	११५५१००९	८७२७५३५
प्रतिशत	५७.७०	३.९१	२२.४३	७३.६६	५५.६५

उल्लिखित तालिकाबाट कुल बजेट खर्च रु.२७ अर्ब ९५ करोड ८ लाख ७० हजारको ७१.१२ प्रतिशत तेस्रो चौमासिक र ४६.७१ प्रतिशत असार महिनामा खर्च भएको एवं कुल पूँजीगत खर्च रु.१५ अर्ब ६८ करोड २० लाख २१ हजारको ७३.६६ प्रतिशत तेस्रो चौमासिक र ५५.६५ प्रतिशत असार महिनामा खर्च भएको छ । पहिलो र दोस्रो चौमासिकमा न्युन खर्च र आर्थिक वर्षको अन्त्यमा खर्च गर्ने विगतको प्रवृत्तिमा सुधार भएको छैन ।

९. **विनियोजन दक्षता** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ अनुसार बजेट प्रस्ताव गर्दा त्यस्तो खर्च सिर्जना गर्ने स्पष्ट आधार सहित प्रस्तावित रकमको पुष्ट्याई खुलाउनु पर्ने एवं नयाँ आयोजनाको हकमा रकम प्रस्ताव गर्दा सम्भाव्यता अध्ययनको आधारमा खर्च हुन सक्ने रकम मात्र पुष्ट्याँई सहित प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । प्रदेश सरकारको २०७६।७७ को बजेट खर्चको स्थिति निम्नानुसार छ :

(रु.हजारमा)

मन्त्रालय	विनियोजित बजेट	जम्मा खर्च	खर्च प्रतिशत
प्रदेश व्यवस्थापिका	४२५३९०	२१२६५०	४९.९९
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	४३७८२०	१२५८०४	२८.७३
आर्थिक मामिला तथा योजना मन्त्रालय	८६११४८३	४५११८९९	५२.३९
आन्तरिक मामिला तथा कानुन मन्त्रालय	१८९३१००	१०५९७४७	५५.९८
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	५०२३११४	२२७८९९१	४५.३७
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	४९२८८४४	२८९७५३५	५८.७९
भौतिक पूर्वाधार विकास मन्त्रालय	२००९१५९९	१२८२९०६२	६३.८५
सामाजिक विकास मन्त्रालय	६११४९४३	४००९३५५	६५.५७
मुख्य न्यायाधिवक्ताको कार्यालय	१६५१९	१०१३२	६१.३४
प्रदेश नीति तथा योजना आयोग	६५०७४	१५६९५	२४.१२
जम्मा	**४७६०७८८६**	**२७९५०८७०**	**५८.७१**

द्रष्टव्य - *अर्थ विविध र स्थानीय तहतर्फ देखाएको बजेट र खर्च आर्थिक मामिला तथा योजना मन्त्रालयमा समावेश छ ।*

उल्लिखित तालिकाको विश्लेषणबाट गर्दा कुल बजेटको औसतमा ५८.७१ प्रतिशत मात्र खर्च देखिन्छ । मन्त्रालयगत रूपमा सामाजिक विकास मन्त्रालय लगायत ३ मन्त्रालयले औसतभन्दा केही बढी र बाँकी मन्त्रालयले औसतभन्दा कम खर्च गरेको देखिन्छ । सबैभन्दा कम खर्च प्रदेश योजना आयोगको २४.१२ प्रतिशत र बढी सामाजिक विकास मन्त्रालयको ६५.५७ प्रतिशत रहेको छ । समग्रमा सबै मन्त्रालयहरूको खर्च गर्न सक्ने क्षमता कमजोर रही स्वीकृत बजेटको न्यून प्रतिशत मात्र खर्च भएकोले खर्च गर्ने क्षमता अभिवृद्धि गर्नुपर्दछ ।

१०. **बजेट वक्तव्यको कार्यान्वयन** : प्रदेश सरकारको २०७६।७७ को बजेट वक्तव्यमा घोषणा भएका विभिन्न मन्त्रालय एवं निकायसँग सम्बन्धित नीति तथा कार्यक्रमहरू कार्यान्वयन हुन सकेको छैन । बजेटमा घोषणा भएअनुसार प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण, सेवा प्रवाहको न्यूनतम मापदण्ड निर्धारण, वित्तीय प्रशासन र राजस्व चुहावट नियन्त्रण रणनीति तर्जुमा, प्रदेश सुरक्षा नीति तर्जुमा, प्रदेश अनुसन्धान व्यूरो स्थापना, प्रदेश सभा भवन निर्माण, अल्पसंख्यक तथा लोपोन्मुख जातिको निःशुल्क स्वास्थ्य परीक्षण, प्रत्येक स्थानीय तहमा पन्ध्र शैय्याको अस्पताल स्थापना, इलेक्ट्रोनिक मास ट्रान्जिट प्रणाली संचालन र विद्युतीय सवारी साधन संचालनमा प्रोत्साहन, रुवी भ्याली गाउँपालिकाको एकीकृत विकास कार्यक्रम संचालन, एकीकृत वस्ती विकास कार्यक्रम, सबै जिल्लामा एकीकृत सरकारी भवन तथा आवास गृह निर्माण लगायतका नीति तथा कार्यक्रमहरू कार्यान्वयनमा आएको छैन ।

११. **मितव्ययिता कायम गर्ने मार्गदर्शन** : नेपाल सरकारबाट २०७५।१।२६ मा स्वीकृत सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ मा कार्यालय भवन, पदाधिकारीको कार्यकक्षको फर्निसिङ र पदाधिकारीलाई उपलब्ध गराइने सवारी साधनको किसिम, इन्धन, मर्मत खर्चमा एकरूपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने र अर्थ मन्त्रालयको परामर्शमा भवन, कार्यकक्ष, फर्निसिङको मापदण्ड र सवारी साधन इन्धन, मर्मतको मापदण्ड तयार गर्ने नीतिगत व्यवस्था भएकोमा मापदण्ड तयार गरी कार्यान्वयनमा नल्याएकोले प्रशासनिक खर्च मितव्ययी हुन सकेको छैन ।

१२. **सवारी साधन खरिद** : सवारी साधन खरिद सम्बन्धी मार्गदर्शन, २०७४ मा महाशाखा प्रमुख/ कार्यालय प्रमुखलाई बढीमा ३० लाख रुपैयाँसम्मको सवारी साधन उपलब्ध गराउने व्यवस्था छ । प्रदेश मन्त्रालय र मातहत निकायले यो वर्ष रु.३३ करोड १४ लाख ४२ हजारको सवारी साधन खरिद गरेकोमा उक्त मापदण्डको पालना भएको छैन । गत वर्ष सवारी साधन खरिदमा रु.२६ करोड ४७ लाख ७९ हजार खर्च भएकोमा यस वर्ष सो खर्च २५.१८ प्रतिशनले वृद्धि भएको छ । सवारी साधन खरिदमा भएको वृद्धिसँग मर्मत र इन्धन खर्च समेत वृद्धि हुने भएकोले सवारी साधन खरिदमा मापदण्डको पालना गरी मितव्ययिता कायम गर्नुपर्दछ ।

१३. **अनुदान कार्यविधि** : संघीय संसद राष्ट्रिय सभा प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको वार्षिक प्रतिवेदन, २०७६ मा विधायिकी अधिकार संसदमा मात्र निहित हुने, संसदले बनाएको कानुनमा प्रत्यायोजित अधिकार प्रदान गर्न सकिने व्यवस्था रहेको साथै प्रत्यायोजित अधिकार अन्तर्गत बनेका दस्तावेजहरूमध्ये कुन कानुनको कुन दफाले दिएको अधिकार प्रयोग गरी प्रत्यायोजित विधायन बनाइएको हो स्पष्ट नखुलाई जारी भएका निर्देशिका वा कार्यविधि र मापदण्डले कानूनी हैसियत प्राप्त गर्न नसक्ने व्यहोरा उल्लेख छ । प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले विभिन्न कार्यविधि बनाई सोही आधारमा यो वर्ष रु.१ अर्ब ६५ करोड ६७ लाख अनुदान खर्च गरेको छ । यसरी अनुदान वितरणका लागि जारी गरिएका कार्यविधिहरूमा प्रत्यायोजित विधायनको स्रोत खुलाएको छैन । संघीय संसद राष्ट्रिय सभा प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको उल्लिखित प्रतिवेदन अनुसार कानूनी आधार उल्लेख नगरी जारी भएका ती कार्यविधिले कानूनी हैसियत प्राप्त गरेको मान्न मिल्ने देखिएन । यसरी कानूनी हैसियत प्राप्त नहुने कार्यविधिको आधारमा अनुदान खर्च गरेको कानुनसम्मत् देखिएन ।

१४. **आवधिक योजनाको समीक्षा** : प्रदेश नीति तथा योजना आयोगले पहिलो आवधिक योजना २०७६।७७-२०८०।८१ तर्जुमा गरी लागू गरेको छ । उक्त योजनाको प्रभावकारी कार्यान्वयनको लागि प्रत्येक वर्ष हासिल गर्नुपर्ने नतिजा समेतको सूचकहरू उल्लेख गरेको छ । सो बमोजिम पहिलो वर्ष बहुआयमिक गरिबी सूचकाङ्क १०.८ प्रतिशतमा झार्ने, मानव विकास सूचकाङ्क ०.६४७ पुर्‍याउने, आर्थिक वृद्धि दर ९ प्रतिशत, उद्योग क्षेत्रको वृद्धिदर १३.८ प्रतिशत, प्रतिव्यक्ति आय २ हजार १११ अमेरीकी डलर पुर्‍याउने लगायतको लक्ष्य राखेकोमा सोको प्रगति समीक्षा गरेको छैन । प्रत्येक वर्षको लागि तोकिएका सूचकहरू बमोजिम नतिजा हासिल गर्न नसकेमा आवधिक योजनाले परिकल्पना गरेका सोच, लक्ष्य र उद्देश्यहरू प्राप्त गर्न नसकिने हुँदा नतिजाको समीक्षा गरी कार्ययोजना बमोजिम तोकिएको समयभित्र क्रियाकलापहरू संचालन गर्नुपर्दछ ।

१५. **दिगो विकास लक्ष्य** : प्रदेशमा दिगो विकासका बारेमा जनचेतना अभिवृद्धि गर्ने, राष्ट्रिय दिगो विकास लक्ष्यका रणनीतिहरूमा प्रादेशिक दृष्टिकोणका लागि पैरवी गर्ने, राष्ट्रिय स्तरका लक्ष्यहरूलाई प्रादेशिक

सन्दर्भ अनुरूप बनाउने, अनुगमन मूल्याङ्कन गर्ने, स्थानीय तहका विकास क्रियाकलापहरूको योजना, ढाँचा निर्माण, कार्यान्वयन र अनुगमनमा संलग्न गराउने एवं योजना र नीति तथा कार्यक्रममा दिगो विकासका सूचकहरूलाई समाहित गराई सोको आधारमा सञ्चालित आयोजना तथा कार्यक्रमको उपलब्धि मापन गर्ने कार्य शुरु भएको छैन । प्रदेश नीति तथा योजना आयोग मार्फत संघीय सरकार एवं राष्ट्रिय योजना आयोगसँग समन्वय गरी प्रदेश सरकारले दिगो विकास लक्ष्य २०१६-२०३० का सूचकहरूलाई आन्तरिकीकरण गर्नुपर्दछ ।

१६. **प्रदेश गौरवका योजना** : प्रदेश सरकारको २०७६।७७ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा विभिन्न ४ योजनालाई प्रदेश गौरवको आयोजना घोषणा गरेको देखिन्छ । घोषित आयोजनाहरूको कार्यन्वयन अवस्था निम्नानुसार छ :

१६.१ प्रदेश विश्वविद्यालय स्थापना र संचालनको लागि नीतिगत तथा कानूनी व्यवस्था गर्ने उल्लेख भएकोमा यस वर्ष उक्त कार्य भएको छैन ।

१६.२ हेटौंडा अस्पताललाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान नामाकरण गरी स्वास्थ्य सेवाको गुणस्तरमा वृद्धि गर्ने गरी घोषणा गरेकोमा कार्य शुरु भएको छैन ।

१६.३ संघीय सरकारसँगको समन्वय र सहकार्यमा पुष्पलाल प्रदेश चक्रपथ (रामेछाप, दोलखा, सिन्धुपाल्चोक, नुवाकोट, धादिङ, चितवन, मकवानपुर, सिन्धुली र काभ्रेपलाञ्चोक) को गुरुयोजनाको मस्यौदा प्राप्त भई चक्रपथको खण्डहरूको पहिचान गर्ने कार्य भएको जनाएको छ ।

१६.४ पोष्टबहादुर बोगटी सुरुङ्ग मार्ग (भिमफेदी-कुलेखानी) को विस्तृत परियोजना प्रतिवेदनको लागत अनुमान तयार गर्न रु.४ लाख ७३ हजार र विस्तृत परियोजना प्रतिवेदन तयारीमा रु.१ करोड ३१ लाख ७९ हजार र सुरुङ्ग क्षेत्रको भौगोलिक सर्वेक्षणको लागि रु.१९ लाख २ हजार समेत रु.१ करोड ५५ लाख ५४ हजार खर्च भएको छ ।

आयोजनाको क्षेत्र, भौगोलिक आवश्यकता, प्राविधिक आर्थिक, सामाजिक र वातावरणीय रूपमा सम्भाव्यता, लाभान्वित जनसंख्या, निर्माण अवधि, रोजगारी सिर्जना, लाभ लागत विश्लेषण लगायतका आधारमा प्रदेशमा कार्यान्वयन गर्ने गौरवका आयोजना पहिचान र छनौट गर्ने मापदण्ड निर्धारण गरी मापदण्डको आधारमा प्रदेश गौरवका आयोजनाहरू पहिचान एवं छनौट गर्नुपर्नेमा यस्तो मापदण्ड बनाउन बाँकी देखिन्छ । हाल प्रदेश सरकारले पहिचान गरेका गौरवका आयोजनाहरू उपयुक्त आधारमा पर्याप्त विश्लेषण गरी छनौट भएको देखिंदैन । प्रदेश गौरवका आयोजना छनौट गर्ने मापदण्ड तयार गर्नुपर्दछ ।

१७. **उपभोक्ता समिति मार्फत कार्य** : सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ९७ मा उपभोक्ता समिति मार्फत कार्य गराउँदा अवलम्बन गर्नुपर्ने विधिहरू उल्लेख छ । उल्लेखित व्यवस्था विपरित रु.१ करोडभन्दा बढी लागत अनुमान रहेको कार्य समेत उपभोक्ता समितिबाट गराउने, खर्चको विल भरपाई व्यवस्थित नहुने, खर्च सार्वजनिकीकरण नगर्ने, आयोजना स्थलमा सूचना पाटी नराख्ने, जटिल प्रकृतिका जनश्रमदान प्राप्त नहुने आयोजना समितिबाट गराउने, हेभी मेशिनरी प्रयोग हुने कार्य समेत समितिबाट गराउने, समितिले गर्नुपर्ने कार्य निर्माण व्यवसायीबाट गराउने लगायतको अवस्था रहेको छ । यसका साथै सम्पन्न आयोजना हस्तान्तरण नहुने, हस्तान्तरण भएका आयोजनामा मर्मत सम्भारको व्यवस्था नहुने स्थिति छ । उपभोक्ता समितिको गठन, दर्ता, नवीकरण, समितिबाट गराउन सकिने नसकिने कामको वर्गीकरण, धरौटी, म्याद थप लगायत विषयहरूमा थप स्पष्ट गरी कार्यविधि समेत तर्जुमा गरी उपभोक्ता समिति मार्फत गर्ने कार्यलाई थप व्यवस्थित गर्नुपर्दछ ।

१८. **आयोजना बैङ्क** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(२) मा बजेट प्रस्ताव गर्ने विभिन्न सात आधारमध्ये आयोजना बैङ्कमा प्रविष्ट भएका आयोजनाको लागि रकम प्रस्ताव गर्ने व्यवस्था समेत रहेको छ । यो वर्ष आयोजना बैङ्कको मापदण्ड र सफ्टवेयर लगायतका कार्यका लागि रु.३४ लाख २० हजारको कार्यक्रम स्वीकृत भएकोमा खर्च भएको छैन । प्रदेश स्तरमा संचालन हुने आयोजनाहरूलाई एकिकृत एवं व्यवस्थित बनाउन आवश्यक पर्ने आयोजना बैङ्क स्थापना गरेको छैन । कार्यान्वयन गर्ने निकाय/मन्त्रालयहरूले सम्भाव्यता अध्ययन गरेको, आवधिक योजना र प्रदेशको प्राथमिकता अनुकुलका आयोजना समावेश गरी आयोजना बैङ्क निर्माण गरी ऐनको व्यवस्था अनुसार त्यस्ता आयोजनाहरूको लागि बजेट प्रस्ताव गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

१९. **सार्वजनिक खरिद** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा वार्षिक खरिद योजना स्वीकृत गराई खरिद गर्नुपर्ने उल्लेख छ । प्रदेश मन्त्रालय र मातहतका २० निकायले यो वर्ष सार्वजनिक निर्माण, वस्तु तथा सेवा खरिद गर्दा वार्षिक खरिद योजना अनुसार खरिद कार्य गर्नुपर्नेमा यस वर्ष मेशिनरी औजार एवं फर्निचर खरिद, परामर्श सेवा, निर्माण लगायतको कार्यमा रु.२७ करोड १७ लाख ४९ हजारको सोझै खरिद गरेको नियमसम्मत देखिएन । खरिद कार्य कानुनसम्मत् हुनुपर्दछ ।

२०. **आयोजना स्वीकृती** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफल समेतको विचार गरी प्रदेश सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्दछ । जिल्लास्तरीय आयोजनाहरू प्रदेश योजना आयोग वा मन्त्रालयको नीतिभित्र रही सम्बन्धित मन्त्रालयका सचिवले र प्रदेशस्तरीय आयोजनाको हकमा प्रदेश योजना आयोग वा मन्त्रालयले स्वीकृत गर्नुपर्ने व्यवस्था छ । यसरी स्वीकृत आयोजना कार्यान्वयन गर्नको लागि विस्तृत सर्वेक्षण, ड्रइङ्ग, डिजाइन, लागत अनुमान र सोअनुसार वार्षिक कार्यक्रम निश्चित गरी सोही आधारमा वार्षिक बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था रहेकोमा आर्थिक मामिला तथा योजना मन्त्रालयले उपरोक्त अनुसारको प्रक्रिया पूरा नगरी कार्यक्रम तथा वजेट स्वीकृत गरेको छ । कानूनी प्रक्रिया पूरा गरेर आयोजना स्वीकृत तथा संचालन गर्नुपर्दछ ।

२१. **सेवा प्रवाह** : प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ मा प्रदेश स्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टी सर्भेक्षण तथा सेवा प्रवाहको अनुगमन गर्ने उल्लेख भएकोमा सो सम्बन्धी कार्य नभएको, स्वीकृत दरबन्दीको ६७ प्रतिशत मात्र पदपूर्ति भएको, प्रदेश सरकार संचालनको लागि आवश्यक कानुन एवं कार्यविधिहरू बन्न बाँकी रहेको लगायतको कारण प्रदेश सरकारको सेवा प्रवाहमा अपेक्षित सुधार हुन सकेको छैन । सेवा प्रवाहलाई सबल र चुस्त बनाउनु पर्दछ ।

२२. **आन्तरिक नियन्त्रण** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० अनुसार प्रदेश तहका सबै लेखा उत्तरदायी अधिकृतहरूले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी सो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र लागु गरी सक्नुपर्ने व्यवस्था छ । प्रमाणिकरण भएको २ वर्ष वितिसक्दा पनि आन्तरिक नियन्त्रण प्रणाली तर्जूमा गरी लागू गरेको ऐनको दफा ३१ अनुसार आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयनका लागि आन्तरिक नियन्त्रण समिति गठन गठन नभएको व्यहोरा गत विगतको प्रतिवेदनमा औँल्याएकोमा यो वर्ष पनि सुधार भएको छैन । आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

२३. **आन्तरिक लेखापरीक्षण :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२(१) मा प्रदेश सरकार अन्तर्गतका कार्यालय तथा निकायको आन्तरिक लेखापरीक्षण चौमासिक रूपमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुने व्यवस्था भएकोमा चौमासिक रूपमा लेखापरीक्षण नगरेको, कानुनको परिपालन, स्रोतको नतिजामूलक उपयोग, नीतिगत एवं प्रक्रियागत पक्षहरूमा सुझाव सहितको टिप्पणी नगरेको लगायतका अवस्था देखिएको छ । आन्तरिक लेखापरीक्षण प्रभावकारी गराउनु पर्दछ ।

२४. **सम्पत्तिको अभिलेख तथा प्रतिवेदन :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम मन्त्रालयहरूले आफ्नो जिम्मामा रहेको घर, जग्गा, सवारी साधन लगायत जिन्सी मालसामनको लगत तथा मातहत कार्यालयहरूबाट प्राप्त प्रतिवेदन र आफ्नो कार्यालय समेतको जिन्सी प्रतिवेदन एकीकृत रूपमा तयार गरी भाद्र मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्नेमा पठाएका छैनन् ।

२५. **लेखाङ्कन तथा प्रतिवेदन** : कारोवारको लेखा र प्रतिवेदनको ढाँचा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा २०७६।२।१९ र नेपाल सार्वजनिक वित्तीय क्षेत्र प्रतिवेदन लेखामान, (नेप्सास)को ढाँचा २०७५ मार्गमा नै स्वीकृत भई सकेको छ । प्रदेश मन्त्रालय तथा केन्द्रिय निकायहरूले स्वीकृत भए बमोजिमको ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गर्नुपर्नेमा सो अनुसार गरेको छैन । तोकिएको ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गरिनुपर्दछ ।

कोभिड-१९ को व्यवस्थापन सम्बन्धी विशेष लेखापरीक्षणबाट देखिएको प्रमुख व्यहोरा

२६. **जोखिम मूल्याङ्कन तथा पूर्व तयारी :** नेपालमा पहिलो संक्रमित २०७६ माघमा पहिचान भइसके पश्चात जोखिम मूल्याकन तथा पूर्वतयारीका कार्यहरू गर्नुपर्नेमा प्रदेशले जोखिम आकलन तथा पूर्वतयारी सम्बन्धी कार्यहरू पर्याप्त मात्रामा सम्पादन गरेको देखिएन । साझा अधिकारको सूचीमा संक्रामक भएपनि रोग सम्बन्धी प्रदेशले कानुन तर्जुमा गरेको छैन । साथै संक्रामक रोगको रोकथाम नियन्त्रण र उपचार सम्बन्धी व्यवस्थापनको लागि स्थायी संयन्त्र पनि रहेको छैन । कोभिड-१९ जोखिम न्यूनीकरण कार्ययोजना बेग्लै तयार गरेको छैन । आफनो बेग्लै कार्ययोजना नहुँदा सङ्घीय कार्ययोजनामा नै निर्भर रहेको देखिन्छ । कोभिड-१९ को संक्रमण लगायतका महामारी रोकथाम, नियन्त्रण र व्यवस्थापन सम्बन्धमा मुख्यमन्त्रीको संयोजकत्वमा प्रदेश कोरोना संकट व्यवस्थापन केन्द्र, आन्तरिक मामिला तथा कानुन मन्त्रीको संयोजकत्वमा प्रदेश स्तरीय कोरोना नियन्त्रण समिति ,सामाजिक विकास मन्त्रीको संयोजकत्वमा स्वास्थ्य व्यवस्थापन समिति र उद्योग पर्यटन वन तथा वातावरण मन्त्रीको संयोजकत्वमा बजार अनुगमन उच्चस्तरीय समिति गठन भई क्रियाशील रहेको देखिन्छ । जोखिम मूल्याङ्कन तथा पूर्वतयारी नहुँदा संक्रमितको अनुमान आवश्यक स्वास्थ्य सामग्रीको खरिद, अस्पताल पूर्वाधार, क्वारेन्टिन तथा आइसोलेशन केन्द्र स्थापना सम्बन्धी कार्यहरू योजनाबद्ध तवरले हुन सकेको देखिएन ।

२७. **खर्च व्यवस्थापन :** कोरोना रोकथाम, नियन्त्रण तथा उपचारको लागि वागमती प्रदेश अन्तर्गत २०७६।७७ मा सङ्घीय र प्रदेश स्रोततर्फ रु.२४ करोड ४३ लाख १४ हजार बजेट व्यवस्था भएकोमा रु.१८ करोड ८० लाख ५ हजार अर्थात् ७६.९५ प्रतिशत खर्च भएको छ । खर्च सम्बन्धमा निम्नानुसार देखिएको छः

२७.१ सङ्घीय स्रोतको पुँजीगत बजेटबाट कोभिड-१९ संक्रमण उपचार केन्द्र तयार गर्न अस्पतालमा आई.सी.यू. तथा आईसोलेशन वार्ड स्थापनाका लागि संरचनात्मक सुधार, औजार उपकरण खरिद, फर्निचर र फर्निसिङ् एवं कोभिड-१९ परीक्षणको लागि आवश्यक पर्ने औजार उपकरण खरिद गर्न प्रदेश जनस्वास्थ्य प्रयोगशाला, काभ्रे, भक्तपुर र सिन्धुली अस्पतालमा रु.२ करोड ४ लाख २७ हजार खर्च भएको छ ।

२७.२ सङ्घीय स्रोतको चालु बजेटबाट प्रदेश जनस्वास्थ्य प्रयोगशाला, धादिङ्ग, त्रिशुली, रसुवा, चौतारा, भक्तपुर र सिन्धुली अस्पतालले कोभिड-१९ रोकथाम, नियन्त्रण तथा उपचारमा संलग्न कर्मचारीहरूका लागि जोखिम भत्ता, हेजार्ड भत्ता, आई.सी.यू. र आइसोलेशन वार्डका लागि बेडिङ्ग सामग्री खरिद, औषधि एवं मास्क, पञ्जा लगायतका स्वास्थ्य सामग्री खरिदको लागि रु.१ करोड ३३ लाख १४ हजार खर्च भएको छ ।यसरी प्राप्त रकममध्ये हेटौंडाले रु.६५ लाख ५० हजार र रामेछाप अस्पतालले रु.११ लाख २६ हजार खर्च गरेका छैनन् । ती अस्पताललाई उपचारमा संलग्न कर्मचारीहरूलाई जोखिम भत्ता वितरण गर्न प्राप्त रकम समेत खर्च भएको छैन ।

२७.३ प्रदेश स्रोतको पुँजीगत बजेटबाट सामाजिक विकास मन्त्रालय, स्वास्थ्य आपूर्ति केन्द्र, अस्पताल तथा स्वास्थ्य कार्यालयहरू समेत १२ निकायले कोभिड-१९ रोकथाम, नियन्त्रणको लागि गाडी खरिद, आई.सी.यू. तथा आईसोलेशन वार्डको लागि औजार उपकरण, फर्निचर तथा फर्निसिङ सामानहरू खरिदको लागि रु.५ करोड २९ लाख ४१ हजार खर्च गरेका छन् ।

पुँजीगततर्फको खर्चमध्ये ६ अस्पतालहरूलाई रु.४ करोड २० लाख, ४ स्वास्थ्य कार्यालयहरूलाई रु.१ करोड ६८ लाख समेत रु.५ करोड ८८ लाख गाडी खरिद गर्न उपलब्ध गराएकोमा सबै कार्यालयहरूले प्राप्त बजेटकै हाराहारीमा गाडी खरिद गरी रु.४ करोड १७ लाख ७८ हजार खर्च गरेका छन् । यसैगरी आई.सी.यू. तथा आईसोलेशन वार्डको लागि औजार उपकरण र फर्निचरमा रु.१ करोड ७ लाख ५३ हजार खर्च भएको छ । कोभिड-१९ को रोकथाम नियन्त्रण र उपचारमा स्वास्थ्य सामग्री, औषधि उपकरणभन्दा सवारी साधनलाई प्राथमिकतामा राखी खरिद गर्दा पर्ने असरको मूल्याङ्कन गरिएको छैन । आवश्यकता पहिचान एवं प्राथमिकता निर्धारण गरी खरिद गर्ने एवं खरिद भएका सवारी साधन र औजार उपकरणहरूको प्रयोगबाट संक्रमितको उपचारलाई थप प्रभावकारी बनाउनु पर्दछ ।

२७.४ प्रदेश स्रोततर्फको चालु बजेटबाट सामाजिक विकास मन्त्रालय, स्वास्थ्य आपूर्ति केन्द्र, अस्पतालहरू, स्वास्थ्य कार्यालयहरू र आयुर्वेद कार्यालय समेत ३९ निकायले जोखिम भत्ता, हेजार्ड भत्ता, बिरामीका लागि खाद्यान्न, एम्बुलेन्स परिचालन, स्वास्थ्यकर्मी तालिम, प्रचार प्रसार, उपचारमा संलग्न जनशक्तिको लागि होटल व्यवस्थापन औषधि तथा स्वास्थ्य सामग्री एवं उपकरण खरिदको लागि रु.१० करोड १३ लाख २३ हजार खर्च गरेका छन् ।

जनस्वास्थ्य प्रयोगशालाको लागि कोभिड-१९ रोकथाम तथा उपचारमा संलग्न कर्मचारीहरूको लागि जोखिम भत्ता शीर्षकमा बजेट विनियोजन नभएकोमा समेत रु.८ लाख २३ हजार खर्च गरेको छ । प्रदेशतर्फको चालु बजेटमा कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारबारे चिकित्सक लगायत स्वास्थ्यकर्मीहरूका लागि तालिम कार्यक्रममा रु.१६ लाख ७६ हजार बजेट विनियोजन भएकोमा तालिम कार्यक्रम सञ्चालन नभएको कारण खर्च भएको छैन । नयाँ प्रकारको संक्रमणको बारेमा चिकित्सक लगायत स्वास्थ्यकर्मीहरूलाई तालिम कार्यक्रम सञ्चालन गरिनुपर्दछ ।

२७.५ कोभिड-१९ को संक्रमणको नियन्त्रण र उपचारको लागि आवश्यक औषधि उपकरण खरिद लगायत स्वास्थ्य पूर्वाधारको विस्तारको लागि प्रदेश सरकारले विभिन्न अस्पताल तथा स्वास्थ्य कार्यालयहरूलाई रु.२० करोड ४ लाख २६ हजार निकासा भई रु.१५ करोड ४२ लाख २६ हजार खर्च भएको छ । खर्चमध्ये विभिन्न १० कार्यालयलाई कोभिड-१९ रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि रकम निकासा भई रु.४ करोड १७ लाख ७८ हजार खर्च भएको छ । आइसोलेशन र आईसीयू सामग्री खरिदमा रु.१ करोड ११ लाख ६३ हजार, जोखिम भत्तामा रु.३ करोड ७६ लाख ६ हजार, कर्मचारी व्यवस्थापन, प्रचार प्रसार, अध्ययन अनुसन्धान, होटल क्वारेन्टिन व्यवस्थापन लगायतमा रु.६ करोड ३७ लाख १८ हजार खर्च भएको छ ।

२७.६ केन्द्रीय कोभिड-१९ कोषबाट कोभिड-१९ रोकथाम, नियन्त्रण तथा उपचारको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई रु.४ करोड प्राप्त भएकोमा यस वर्ष उक्त रकम खर्च भएको छैन । महामारी रोकथाम नियन्त्रण र उपचारको रकम अत्यावश्यक प्रयोजनमा दक्षतापूर्वक उपयोग गर्नुपर्दछ।

२८. **कोष स्थापना :** आन्तरिक मामिला तथा कानुन मन्त्रालयले प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ को दफा ४५ बमोजिम कोरोना भाइरस संक्रमण, रोकथाम, नियन्त्रण तथा उपचार सहयोग कार्यविधि, २०७६ जारी गरी एक कोष खडा गरेको छ । उक्त कोषमा प्रदेश सरकारबाट प्राप्त रु.४० करोड, प्रदेशका विभिन्न संघ संस्था पदाधिकारी र कर्मचारीहरूबाट सहयोग प्राप्त रु.४ करोड ४० लाख २४ हजार समेत रु.४४ करोड ४० लाख २४ हजार आम्दानी भएको छ । कोषबाट काठमाण्डौ बाहेकका प्रदेश स्थित १२ जिल्ला विपद् व्यवस्थापन समितिलाई रु.५ लाखका दरले रु.६० लाख र प्रदेश स्थित ११९ स्थानीय तहहरूलाई प्रति स्थानीय तह रु.१० लाखदेखि रु.२० लाखसम्मका दरले जम्मा रु.१३ करोड ७ लाख समेत रु.१३ करोड ६७ लाख निकासा दिई रु.३० करोड ७३ लाख २४ हजार मौज्दात रहेको छ । कोषमा उपलब्ध रकम कार्यविधि अनुसार महामारी रोकथाम नियन्त्रण र उपचारमा खर्च गर्नुपर्दछ ।

२९. **निर्देशिका र मापदण्ड :** नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय लगायतका निकायले कोरोना संक्रमण महामारी रोकथाम र नियन्त्रणका लागि गर्ने काम व्यवस्थित गर्न क्वारेन्टिन, कन्ट्रयाक ट्रेसिङ, आइसोलेशन, कोभिड - १९ अस्पताल र क्लिनिक सञ्चालन तथा व्यक्तिगत सुरक्षा सामग्रीको प्रयोग लगायतका लागि विभिन्न मापदण्ड तथा निर्देशिका जारी गरेको छ । यी मापदण्ड तथा निर्देशिकाको प्रयोगले सीमित साधन स्रोतबाट अधिकतम उपलब्धी हासिल गर्न मद्दत गर्ने, कोरोना भाइरसको संक्रमण नयाँ भएकोले प्राविधिक रुपमा पनि एकै प्रकारको सेवा प्रदान गर्न निर्देशिकाले ठूलो सहयोग गर्ने एवं सेवाको गुणस्तरसमेत कायम हुने अपेक्षा गरेको छ । प्रदेश सरकारले यिनै निर्देशिकाहरूनै पालना गर्ने गराउने गरेकामा सोको पालना अवस्था सम्बन्धमा समीक्षा भएको छैन । निर्देशिका र मापदण्डको पालना एवं अनुगमन गर्नुपर्दछ ।

३०. **आइसोलेसन वार्ड तयारी :** त्रिशुली अस्पताल नुवाकोटमा १० शैयाको कोभिड-१९ आइसोलेसन वार्ड तयारी र सञ्चालनको लागि ११ स्थानीय तहबाट रु.३२ लाख आर्थिक सहयोग प्राप्त भएकोमा वेड, लकर, स्ट्याण्ड, ट्रली उपकरण एवं सर्जिकल सामग्री औषधि र पीपीई सेट खरिद लगायत आइसोलेसन वार्ड तयारी र सञ्चालन गर्न रु.२७ लाख ३७ हजार खर्च भएको छ । बचत रकम तोकिएकै प्रयोजनमा खर्च गर्नुपर्दछ ।

३१. **जोखिम भत्ता :** कोरोनाको महामारीमा काम गर्ने स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीलाई उत्प्रेरणा गर्न सङ्घीय सरकारले रकम उपलब्ध गराएकोमा उक्त रकमलाई कोरोना महामारीमा खटेका कर्मचारीलाई यस वर्ष सामाजिक विकास मन्त्रालयले रु.१३ लाख ८५ हजार, भक्तपुर अस्पतालले रु.७३ लाख ६८ हजार, सिन्धुली अस्पतालले रु.५० लाख, हेटौंडा अस्पतालले रु.८९ लाख ७५ हजार, धादिङ्ग अस्पतालले रु.४४ लाख १५ हजार, त्रिशुली अस्पतालले रु.४४ लाख ३२ हजार लगायत प्रदेश अन्तर्गतका विभिन्न ३७ कार्यालयहरूमा रु.४ करोड ४६ लाख ४७ हजार खर्च भएको छ । कोभिड-१९ संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ बमोजिम महामारी रोकथाम नियन्त्रण उपचार संलग्नता अनुसार जोखिम भत्ता वितरण हुनुपर्दछ ।

मन्त्रालय र निकायगत व्यहोरा

प्रदेश सभा सचिवालय

प्रदेश सभाको काम कारबाही संचालन र व्यवस्थापन गर्न नेपालको संविधानको धारा १९५ बमोजिम प्रदेश सभा सचिवालयको स्थापना भई संचालनमा रहेको छ । प्रदेश व्यवस्थापिकाको कार्य संचालनमा आवश्यक सहयोग गर्ने प्रशासकीय निकायको रूपमा सचिवालयको स्थापना भएको हो । बागमती प्रदेश सभामा ११० सभासद् रहने व्यवस्था छ ।

यो वर्ष सचिवालयको विनियोजन रु.२१ करोड २६ लाख ५० हजार, राजस्व रु.७६ हजार, धरौटी रु.४५ लाख ५० हजार समेत रु.२१ करोड ७२ लाख ७६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **कानुन तर्जुमा** : संघीय संरचना अनुसार प्रदेशको संचालन र व्यवस्थापनका लागि २०७६।७७ सम्म ५८ ऐन, २८ नियमावली, २ विनियमावली, १० गठन आदेश, २३ कार्यविधि, ५ निर्देशिका, १ मापदण्ड र ३ अध्यादेश प्रतिस्थापन कानुन समेत १३० कानुन तथा कार्यविधि निर्माण गरेको छ । प्रदेशको संचालन र व्यवस्थापनको लागि आवश्यक कानुन र कार्यविधिको पहिचान गरी तर्जुमा गर्नुपर्दछ ।

२. **संसदीय समितिको निर्णय कार्यान्वयन** : नेपालको संविधानको धारा १९३ मा प्रदेश सभाले विषयगत समिति गठन गर्न सक्ने व्यवस्था अनुसार बागमती प्रदेश सभाले प्रदेश मामिला समिति, अर्थ तथा विकास समिति, सार्वजनिक लेखा समिति, शिक्षा, स्वास्थ्य तथा कृषि समिति र उद्योग, पर्यटन तथा वातावरण समिति गठन गरेको छ । यसरी गठन भएका समितिहरूले २०७४।७५ देखि २०७६।७७ को तीन वर्षको अवधिमा विभिन्न ५१९ निर्णयहरू गरेका छन् । समितिका निर्णय तथा निर्देशनहरूको कार्यान्वयनको अवस्था सम्बन्धमा अनुगमन गरेको छैन । समितिको निर्णय तथा निर्देशनहरूको कार्यान्वयन र पालना सम्बन्धमा अनुगमन गरी कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ ।

३. **भूतप्रभावी कानुनबाट सुविधा** : प्रदेश सरकार मन्त्रिपरिषद्को २०७६।७।२९ को निर्णयले बागमती प्रदेश सभाका पदाधिकारीहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची-१ र २ संशोधन गरी प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको सेवा सुविधामा २०७६।४।१ देखि लागू हुने गरी वृद्धि गरेको छ । यस प्रकार भूतप्रभावी कानुन निर्माण गरी १०३ पदाधिकारीहरूलाई रु.३७ लाख ४८ हजार र सुविधा अन्तर्गत नियुक्त १०६ कर्मचारीहरूलाई रु.३८ लाख ३१ हजार समेत रु.७५ लाख ७९ हजार थप पारिश्रमिक भुक्तानी गरेको छ । भूतप्रभावी कानुन निर्माण गरी सुविधा थप गर्ने कार्य कानुनको सिद्धान्तबमोजिम मिल्ने देखिएन ।

४. **बजेट वक्तव्यको कार्यान्वयन** - बागमती प्रदेश सरकारको २०७६।७७ को बजेट वक्तव्यमा प्रदेश सभा भवन निर्माण र मिडिया सेन्टर स्थापना (भवन निर्माण) गर्ने उल्लेख गरेको कार्यमा सो को प्रगति भएको छैन । भौतिक पूर्वाधार तथा विकास मन्त्रालयबाट सभा भवन निर्माण कार्य अगाडि बढाएको र शहरी विकास तथा भवन कार्यालयबाट लागत अनुमान प्राप्त हुन नसकेकोले मिडिया सेन्टर स्थापना (भवन निर्माण) कार्य शुरु भएको छैन ।

५. **प्रगति समीक्षा :** बागमती प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ र २७ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायले प्रगति विवरण तयार गरी समीक्षा गर्नुपर्ने व्यवस्था छ । सचिवालयको यस वर्षको समग्र भौतिक प्रगति ५६ प्रतिशत रहेको छ । कुल ३१ क्रियाकलापमध्ये सभा भवन लगायत १७ क्रियाकलापहरूमा कुनै कार्य नभई प्रगति शुन्य रहेको १० क्रियाकलापहरूमा ५० प्रतिशतसम्म भौतिक प्रगति भएको छ । निर्धारित लक्ष्य प्राप्त गर्नुपर्दछ ।

६. **दरबन्दी र पदपूर्ति** : सचिवालय अन्तर्गत मर्यादापालक बाहेक ३६ दरबन्दी रहेकोमा एक सचिव, दुई उप सचिव सहित ७ दरबन्दी रिक्त रहेको देखिन्छ । दरबन्दी बमोजिम पदपूर्ति नहुँदा दैनिक कार्य संचालन, अनुगमन मूल्याङ्कन जस्ता कार्यमा समस्या देखिएको छ । स्वीकृत दरबन्दी पदपूर्ति गर्नुपर्दछ ।

- **बेरुजु स्थिति** : सचिवालयको यो वर्ष रु.१९ लाख ७ हजार अनियमित बेरुजु देखिएकोमा फर्स्यौट नभएकोले उक्त बेरुजु बाँकी छ । यस सम्बन्धी विवरण अनुसूची-१० मा रहेको छ ।

प्रदेश लोकसेवा आयोग

नेपालको संविधानको धारा २४४ मा प्रदेश लोकसेवा आयोगको व्यवस्था छ । आयोगमा अध्यक्ष र २ सदस्यहरू रहने व्यवस्था छ ।

यो वर्ष आयोगको विनियोजन रु.१ करोड ३ लाख ८७ हजार, राजस्व रु.९ हजार समेत रु.१ करोड ३ लाख ९६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **आयोगको पहल** : आयोगले प्रदेश र स्थानीय तहको कर्मचारी व्यवस्थापन सम्बन्धमा आकर्षित हुने विभिन्न ऐन कानुनमा भएका व्यवस्थाहरूको सम्बन्धमा सम्बन्धित निकायका प्रमुखहरूलाई जानकारी गराएको छ । यसैगरी स्थानीय तहहरूलाई अवैधानिक तवरबाट कानुन बनाई पदपूर्ती नगर्न ध्यानाकर्षण सहितको परिपत्र गरेको छ । प्रदेश सरकारका निकाय एवं स्थानीय तहहरूबाट खुला तथा बढुवा प्रक्रियाबाट दरबन्दी पदपूर्तीको लागि माग प्राप्त नभएको स्थिति छ । प्रदेश र स्थानीय तहहरूको तदारुकताको अभावमा आयोगबाट पदपूर्ति सम्बन्धी कार्य सुरु भएको छैन ।

२. **परीक्षा संचालन** : कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश र स्थानीय तहको स्वीकृत स्थायी दरबन्दीमा पदपूर्तिका लागि ती निकायबाट माग भई नआएकोले २०७६।७७ मा पदपूर्ति सम्बन्धी कार्य हुन सकेको देखिएन । यसरी पदपूर्ति नभएकोमा प्रदेश र स्थानीय तहका स्वीकृत दरबन्दीमा करारमा कर्मचारी राख्ने गरेको एवं स्थानीय तहले बढुवा गरेको प्रक्रियाको सम्बन्धमा आयोगले कानुनबमोजिम निरीक्षण गर्नुपर्दछ ।

३. **दरबन्दी र पदपूर्ति** : आयोगको स्वीकृत दरबन्दी ४८ मध्ये सचिव सहित ४० पद अर्थात् ८३.३३ प्रतिशत पद रिक्त रहेको छ । स्वीकृत दरबन्दीको २० प्रतिशतभन्दा कम जनशक्तिबाट आयोगको सेवा प्रवाहमा असर पर्ने देखिएकोले दरबन्दीबमोजिम पदपूर्तिको व्यवस्था गर्नुपर्दछ ।

- **बेरुजु स्थिति** : आयोगमा रु.१९ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराए पछि रु.१९ हजार असुल भई फस्यौंट गरेकोले लगती बेरुजु बाँकी छैन । यस सम्बन्धी विवरण अनुसूची-१० मा छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

मूख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यक्षेत्रमा प्रदेश सरकार, (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र संचालन गर्ने, मन्त्रिपरिषदमा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण गर्ने र प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन गर्ने लगायतका कार्य रहेका छन्।

यो वर्ष मातहत समेत २ कार्यालयको विनियोजन रु.११ करोड ५४ लाख १७ हजार, राजस्व रु.१ करोड ११ लाख ५६ हजार र धरौटी रु.१७ लाख ९ हजार र अन्य कारोवार रु.४ करोड १५ लाख ८४ हजार समेत रु.१६ करोड ९८ लाख ६६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । अन्य संस्थातर्फ महिला विकास प्रशिक्षण केन्द्रको रु.२ करोड २२ लाख ३५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी** : प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्य जिम्मेवारीमा उल्लेख भएबमोजिम प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन, प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्भेक्षण र व्यवस्थापन परीक्षण, प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राहि सन्तुष्टि तथा सेवा प्रवाहको अनुगमन एवं गाउँपालिका तथा नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्थापन सम्बन्धी कानुन तर्जुमा लगायतको कार्य हुन बाँकी छ । कार्यान्वयन तालिका बनाई तोकिएको कार्य जिम्मेवारी कार्यान्वयन गर्नुपर्दछ ।

२. **संगठन र व्यवस्थापन** : मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्य जिम्मेवारी अन्तर्गत प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्भेक्षण गर्ने उल्लेख छ । यो वर्ष प्रदेश संगठन तथा व्यवस्थापन सर्वेक्षणको लागि रु.३० लाख बजेट व्यवस्था भएकोमा सो कार्य नभएको कारण खर्च भएको छैन । संगठन तथा व्यवस्थापन सर्वेक्षण मार्फत प्रदेश सरकारको कार्य संचालनको लागि आवश्यक जनशक्ति यकिन गरी दरबन्दी बमोजिमको पदपूर्ति गरी सेवा प्रवाहलाई चुस्त बनाउनु पर्दछ ।

३. **अनुगमन मूल्याङ्कन** : प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेश सरकारको नीति कार्यान्वयन, अनुगमन र मूल्याङ्कन एवं प्रदेश मन्त्रालयहरूको कार्यको अनुगमन र मूल्याङ्कन गर्नुपर्नेमा कार्यालयले अनुगमन मूल्याङ्कनको सूचकाङ्क तयार गरी नीति तथा कार्यक्रम कार्यान्वयनको अनुगमन र मूल्याङ्कन गरेको छैन । यो वर्ष योजना अनुगमन तथा मूल्याङ्कनका लागि सूचना व्यवस्थापन प्रणाली र फलोअप डेक्सको लागि रु.१५ लाख बजेट व्यवस्था भएकोमा खर्च भएको छैन । अनुगमन मूल्याङ्कनको अभावमा कार्यान्वयनमा परेका समस्या र यसले पारेको असर सम्बन्धमा जानकारी प्राप्त गरी आवश्यक सुधार गर्न नसकिने भएकोले यसतर्फ ध्यान दिनुपर्दछ ।

४. **शासकीय सुधार** : प्रत्येक निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन कार्यालयले अन्य मन्त्रालय र मातहतका कार्यालयहरूको आन्तरिक नियन्त्रण प्रणाली, जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयन, वित्तीय सूचना प्रणाली प्रयोग र त्यसको उपयोगको अवस्था, विद्युतीय माध्यमबाट सेवा प्रवाहको अवस्था, एकद्धार सेवा प्रणाली कार्यान्वयन, सेवाको गुणस्तर सुधारको लागि उपयूक्त उपायको अबलम्बन,

सार्वजनिक निर्माण तथा खरिद कार्यको गुणस्तर लगायतको अनुगमन गरी प्रदेशको शासकीय अवस्था र सुशासनको सम्बन्धमा जानकारी हुने गरी प्रगति विवरण तयार गरेको छैन । साथै कार्यालयले यस वर्ष विषयगत मन्त्रालयहरूसँग कार्य सम्पादन करार समेत गरेको छैन । उल्लिखित विषयमा सुधार गर्नुपर्दछ ।

५. **तहगत दोहोरो संरचना :** संघीय व्यवस्था अनुरूप स्थानीय तथा प्रदेशमा हस्तान्तरण हुने, संघ आफैले गर्ने तथा प्रदेश वा स्थानीय तहले सम्पादन गर्ने कार्य र साझा रूपमा गर्ने कार्य स्पष्ट उल्लेख छ । तर स्थानीय तहमा हस्तान्तरण भएका कार्यक्रम संचालन गर्न तथा संघबाट खारेज भएका कार्यालय समेत प्रदेश स्तरमा स्थापना भएका छन् । उदाहरणको लागि मकवानपुर जिल्लामा नै खानेपानी, सरसफाई तथा ढल व्यवस्थापनको कार्य गर्न संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना स्थापना भएकोमा सोही कार्यको लागि प्रदेश सरकारले पनि खानेपानी तथा सरसफाई डिभिजन कार्यालय स्थापना गरेको छ । संघीय संरचनाको सुरुवात हुनुपूर्व मकवानपुर वन डिभिजन कार्यालय एउटा मात्र रहेकोमा हाल प्रदेश सरकारले राप्ति र मकवानपुरमा २ डिभिजन वन कार्यालय स्थापना गरेको छ । स्थानीय तहमा हस्तान्तरण भएका कार्यक्रम संचालन गर्न र संघबाट खारेज भएका कार्यालय समेत प्रदेश स्तरमा स्थापना भएका अन्य उदाहरणहरू निम्नानुसार छन :

विषयगत कार्यालय	**संघ**	**प्रदेश**
सडक तथा पुर्वाधार	सडक डिभिजन कार्यालय	पुर्वाधार बिकास कार्यालय
विषयगत कार्यालय	**प्रदेश**	**स्थानीय तह**
कृषि	कृषि ज्ञान केन्द्र	कृषि कार्यक्रम हस्तान्तरण
घरेलु	घरेलु तथा साना उधोग कार्यालय	घरेलु कार्यक्रम हस्तान्तरण
स्वास्थ्य	स्वास्थ्य कार्यालय	स्वास्थ्य कार्यक्रम हस्तान्तरण
विषयगत कार्यालय	**संघले खारेज गरेको कार्यालय**	**प्रदेशले स्थापना गरेको कार्यालय**
वन	क्षेत्रीय वन निर्देशनालय	वन निर्देशनालय
कृषि	क्षेत्रीय कृषि निर्देशनालय	कृषि बिकास निर्देशनालय र पशुपन्क्षी तथा मत्स्य बिकास निर्देशनालय
सडक	अनुगमन तथा सुपरीवेक्षण कार्यालय	यातायात पुर्वाधार निर्देशनालय
शिक्षा	क्षेत्रीय शिक्षा निर्देशनालय	शिक्षा बिकास निर्देशनालय
स्वास्थ्य	क्षेत्रीय स्वास्थ्य निर्देशनालय	स्वास्थ्य निर्देशनालय

स्थानीय तहमा भएका कार्यक्रमको लागि एवं संघीय सरकारबाट खारेज भएका कार्यालय समेत प्रदेश तहमा स्थापना भएबाट काममा दोहोरोपना एवं प्रशासनिक खर्चमा वृद्धि हुने अवस्था रहेको छ । यसमा सुधार गर्नुपर्दछ ।

६. **लक्ष्य प्रगति** : प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २७ मा कार्यक्रम कार्यान्वयनको प्रगति समीक्षा गर्ने व्यवस्था रहेको छ । यस कार्यालयबाट संचालन गर्ने गरी प्रदेश विकास कार्यक्रम, भवन निर्माण, शासकीय सुधार तथा व्यवस्थापन परीक्षण, प्रदेश समन्वय परिषद्को बैठक लगायत रु.१३ करोड ४७ लाख बजेट व्यवस्था भएका विभिन्न १७ क्रियाकलापहरूमा कार्य हुन नसकि प्रगति शून्य रहेको छ । लक्ष्य अनुसारको प्रगति हासिल गर्नुपर्दछ ।

७. **निर्णय कार्यान्वयन** : प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा कार्यालयले प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन गर्ने उल्लेख छ । २०७४।७५ देखि २०७६।७७ को अवधिमा मन्त्रिपरिषद्को ८२ पटक बैठक बसी विभिन्न ३७८ निर्णयहरू भएकोमा कार्यालयले मन्त्रिपरिषदबाट भएका निर्णयहरू कार्यान्वन सम्बन्धमा अनुगमन गरी प्रतिवेदन तयार गरेको छैन । निर्णय कार्यान्वयनलाई प्रभावकारी बनाउन नियमित रूपमा अनुगमन गर्नुपर्दछ ।

आर्थिक वर्ष	बैठक संख्या	निर्णय संख्या
२०७४।७५	७	२७
२०७५।७६	४३	२११
२०७६।७७	३२	१४०
जम्मा	**८२**	**३७८**

८. **प्रदेश समन्वय परिषद्** : स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार प्रदेश तथा स्थानीय तहले गर्ने काम कारवाहीमा नीतिगत सामन्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट सम्बन्धी विषयमा प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न मुख्यमन्त्रीको संयोजकत्वमा एक प्रदेश समन्वय परिषद् रहने र परिषदको बैठक वर्षको कम्तिमा एक पटक वस्ने व्यवस्था रहेको छ । बैठकको अभावमा प्रदेश र स्थानीय तह बीचको नीतिगत सामन्ञस्यता, योजना व्यवस्थापन, साझा अधिकार क्षेत्रको प्रयोग लगायत ऐनमा उल्लेख भएबमोजिम प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्ने विषयमा छलफल हुन सकेको छैन । परिषद्को काम कारबाहीलाई प्रभावकारी बनाउनु पर्दछ ।

- **बेरुजु स्थिति** : कार्यालयको लगती बेरुजु देखिएको छैन । समिति १ तर्फ रु.१ लाख ९२ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि उक्त बेरुजु फर्स्यौंट गरेकोले लगती बेरुजु बाँकी रहेको छैन । यस सम्बन्धी विवरण **अनुसूची–१० र ११** मा रहेको छ ।

आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेशको आर्थिक विश्लेषण गर्ने, आर्थिक नीतिको तर्जुमा गर्ने र सोको कार्यान्वयन, नियमन, नियन्त्रणको साथै प्रदेश स्तरको श्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारीता र गैर सरकारी क्षेत्रसँगको साझेदारी एवं समन्वय र सहकार्य सम्बन्धी नीति, मापदण्ड बनाई लागू गर्ने लगायतका कार्य रहेका छन्।

यो वर्ष मन्त्रालय र मातहत समेत १४ कर्यालयको विनियोजन रु.४ अर्ब ५१ करोड १८ लाख ९९ हजार, राजस्व रु.१३ अर्ब ४९ करोड ८ लाख १५ हजार, धरौटी रु.१ करोड ५२ लाख ३५ हजार र अन्य कारोवार रु.१ लाख ६७ हजार समेत रु.१८ अर्ब १ करोड ८१ लाख १६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । स्थानीय तहहरूमा वित्तीय हस्तान्तरण भएको रु.४ अर्ब ४५ करोड ५१ लाख ५५ हजार मन्त्रालयको लेखापरीक्षण रकममा समावेश छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी** : प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले प्रदेशको आर्थिक अवस्थाको विश्लेषण, आर्थिक नीतिको तर्जुमा, लगानी प्रक्षेपण, मूल्य स्थिति, सहवित्तीयकरण, प्रादेशिक वित्त सन्तुलन, आवधिक एवं क्षेत्रगत योजना, अन्तर प्रदेश विकास योजनाको समन्वय लगायतका विषयमा कार्यान्वयन र नियमन गर्ने उल्लेख भएकोमा यी कार्य गर्न बाँकी रहेका छन् । तोकिएको जिम्मेवारी पुरा गर्नुपर्दछ ।

२. **बजेट कार्यान्वयन** : प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा प्रदेशबाट सञ्चालित योजनाको लक्ष्य, नीति र नीति आयोगको मार्गदर्शनलाई ध्यानमा राखी प्रदेश सरकारले गर्नुपर्ने काम र हासिल गर्नुपर्ने लक्ष्य एवं आर्थिक स्रोत समेतलाई मध्यनजर राखी बजेट बनाउनुपर्ने व्यवस्था छ । मन्त्रालयले तयार गरेको विगत तीन वर्षको बजेट, खर्च र बचतको अवस्था निम्नानुसार रहेको छ :

(रु. हजारमा)

आर्थिक वर्ष	आय व्यय अनुमान	वास्तविक आय	वास्तविक खर्च	फिर्ता तथा समायोजन	बचत
२०७६।७७	४७६०७८८६	४८३५१०२७	२७९५०८७०	२९०९१३२	१७४९१०२५
२०७५।७६	३४०२६१५९	३३७७३४५६	२०६५२७०२	२९४४५४८	१०१७६२०६
२०७४।७५	१०२०५००	१०२०५००	२६९४७४	४८	७५०९७८

उल्लिखित तालिकाको विश्लेषण गर्दा तीन वर्षमा अनुमानको हाराहारी वा सो भन्दा केही बढी आय प्राप्त भएको छ । अनुमानको तुलनामा २०७४/७५ मा २६.४१ प्रतिशत २०७५/७६ मा ६०.७० प्रतिशत र २०७६/७७ मा ५८.७१ प्रतिशत मात्र खर्च भई तीन वर्षमा औसत ५९.३४ प्रतिशत मात्र खर्च भएको छ । अनुमान अनुसार नै आय प्राप्त भएको तर खर्च न्यून भएको कारण बचत रकम हरेक वर्ष वृद्धि हुँदै गएको छ । खर्च गर्ने दक्षता वृद्धि नभएको कारण बजेट यथार्थमा आधारित देखिएन । खर्च दक्षता बढाई बजेटलाई यथार्थपरक बनाउनु पर्दछ ।

३. **राजस्व प्राप्ति** : गत वर्षको बचत कर र अन्य राजस्व समेत कुल आय रु.४८ अर्ब ३५ करोड १० लाख २७ हजारमध्ये बाँडफाँट भई प्राप्त हुने कर रु.१४ अर्ब ९९ करोड ६१ लाख ८२ हजार (३१ प्रतिशत) तथा प्रदेशबाट सङ्कलित राजस्वबाट रु.६ अर्ब ५४ करोड ५ लाख ५३ हजार (१३.५२ प्रतिशत), संघीय सरकारबाट हस्तान्तरित अनुदानबाट रु.१६ अर्ब ६३ करोड १४ लाख ९७ हजार (३४.४० प्रतिशत) र बाँकी गत वर्षको मौज्दातबाट प्राप्त भएको देखिन्छ । आयको उल्लेखनीय हिस्सा संघीय अनुदान र गत वर्षको मौज्दात रहेको देखिएकोले आन्तरिक आय परिचालनमा थप जोड दिनुपर्ने देखिन्छ ।

४. **संघीय अनुदान** : अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ अनुसार नेपाल सरकारबाट प्रदेश सरकारलाई प्राप्त हुने अनुदान प्राप्ति, खर्च र फिर्ताको स्थिति देहायअनुसार छः

(रु. हजारमा)

खर्च शीर्षक	बजेट	निकासा	खर्च	फिर्ता गर्नुपर्ने
समानीकरण अनुदान	७५९६४००	७५९६४००	४२७८२०७	०
सशर्त अनुदान	७४६४९००	७९७८४९७	५९५०५१२	२०२७९८५
समपुरक अनुदान	१००००००	६४६६००	१२२५६३	५२४०३७
विशेष अनुदान	२०००००	४१००००	५२८९०	३५७११०
जम्मा	**१८०६१३००**	**१६६३१४९७**	**१०४०४१७२**	**२९०९१३२**

यस सम्बन्धमा निम्नानुसार व्यहोरा देखिएको छः

४.१. वित्तीय समानीकरण अनुदान लगायतको बजेट रु.१८ अर्ब ६ करोड १३ लाख मध्ये रु.१६ अर्ब ६३ करोड १४ लाख ९७ हजार (९२.०८ प्रतिशत) निकासा प्राप्त भएको छ । अनुदानमध्ये समानीकरण अनुदान बजेट अनुसार नै निकासा भएकोमा सशर्त अनुदान बजेटभन्दा बढी समपूरक र विशेष अनुदान बजेटभन्दा कम प्राप्त भएको छ ।

४.२. अनुदान निकासा रु.१६ अर्ब ६३ करोड १४ लाख ९७ हजार मध्ये रु.१० अर्ब ४० करोड ४१ लाख ७२ हजार अर्थात् ६२.०८ प्रतिशत मात्र खर्च भएको छ । समानीकरण अनुदान रु.७ अर्ब ५९ करोड ६४ लाख मध्ये रु.४ अर्ब २७ करोड ८२ लाख ७ हजार खर्च भई रु.३ अर्ब ३१ करोड ८१ लाख ९३ हजार बचत रहेको छ । सशर्त, समपुरक र विशेष अनुदान वापत खर्च हुन नसकेको रु.२ अर्ब ९० करोड ९१ लाख ३२ हजार फिर्ता भएको छ ।

यसरी प्राप्त अनुदान खर्च हुन नसकी बचत रहेको एवं फिर्ता भएको स्थितिले प्रदेश सरकारको कार्यसम्पादन स्तरमा सुधार गरी खर्चको दक्षता वृद्धि गर्नुपर्दछ ।

५. **स्थानीय तहमा हस्तान्तरण** : प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार ११९ स्थानीय तहलाई सशर्तमा रु.१ अर्ब ७८ करोड ११ लाख, समानीकरणमा रु.१ अर्ब २४ करोड ८६ लाख, समपुरकमा रु.१ अर्ब २२ करोड ७८ लाख र विशेषमा रु.१९ करोड ७६ लाख समेत रु.४ अर्ब ४५ करोड ५१ लाख अनुदान उपलब्ध गराएको छ । सोमध्ये समानीकरणमा रु.७८ करोड १० लाख, सशर्तमा रु.१ अर्ब ४२ करोड ४२ लाख, समपुरकमा रु.५३ करोड ८७ लाख र विशेषमा रु.८ करोड ८४ लाख समेत गरी कुल रु.२ अर्ब ८३ करोड २३ लाख अर्थात् ६४ प्रतिशत मात्र खर्च भएको छ । खर्च नभई बाँकी रहेको सशर्ततर्फ रु.३५ करोड ६८ लाख, समपुरक रु.६८ करोड ९१

लाख र विशेषतर्फ रु.१० करोड ९२ लाख समेत गरी कुल रु.१ अर्ब १५ करोड ५१ लाख फिर्ता लिनुपर्नेमा रु.८९ करोड ५४ लाख मात्र फिर्ता प्राप्त गरेको छ । बाँकी रहेको रु.२५ करोड ९७ लाखमध्ये लेखापरीक्षण अवधिसम्म पनि २० स्थानीय तहबाट रु.१२ करोड ७८ लाख ९८ हजार फिर्ता हुन बाँकी देखिन्छ ।

६. **प्रदेश विभाज्य कोष** : संघ र प्रदेश तथा प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा रहेका विषयबाट संकलन हुने राजस्वको अद्यावधिक अभिलेख प्रदेश लेखा नियन्त्रक कार्यालयले राख्नुपर्दछ । २०७६।७७ मा कोषमा जम्मा भएको रकम रु.६ अर्ब ४९ करोड ३२ लाखमध्ये रु.६ अर्ब ५ करोड ८८ लाख सोही वर्ष र बाँकी रकम पछिल्लो वर्ष बाँडफाँट भएको छ । प्रदेश विभाज्य कोषबाट स्थानीय तहहरूलाई रु.२ अर्ब ५९ करोड ७२ लाख हस्तान्तरण भएकोमा स्थानीय तहको विभाज्य कोषबाट विज्ञापन कर बापत रु.४ करोड ३० लाख, मनोरञ्जन कर बापत रु.८० लाख, दहत्तर बहत्तर बापत रु.९८ करोड ७० लाख समेत रु.१ अर्ब ३ करोड ८० लाख प्राप्त भएको छ । स्थानीय तहको विभाज्य कोष बाँडफाँट सम्बन्धमा अनुगमन गरी सम्पूर्ण रकम प्राप्ति सुनिश्चितता गर्नुपर्दछ ।

७. **बजेट वक्तव्यको कार्यान्वयन** : यस वर्षको बजेट वक्तव्यमा उल्लेख भएका वित्तीय सुशासन रणनीति तर्जुमा, बजेट तर्जुमा दिग्दर्शन निर्माण, वित्तीय साक्षरतामा आधारित बैंकिङ्ग प्रणाली मार्फत सबै कारोवारको संचालन, राजस्व चुहावट नियन्त्रण रणनीति तर्जुमा एवं प्रदेश विकास सहायता परिचालन नीति तर्जुमा लगायतका कार्य भएको छैन । बजेट निर्माण गर्ने मन्त्रालय आफैले गर्ने भनी घोषणा गरेका कार्य सम्पादन नहुनु उचित देखिएन । संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षेत्रमा दक्षता वृद्धि गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

८. **आयोजना स्वीकृति** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफल समेतको विचार गरी प्रदेश सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्दछ । जिल्लास्तरीय आयोजना प्रदेश योजना आयोग वा मन्त्रालयको नीतिभित्र रही सम्बन्धित मन्त्रालयका सचिवले र प्रदेशस्तरीय आयोजना प्रदेश योजना आयोग वा मन्त्रालयले स्वीकृत गर्नुपर्ने व्यवस्था छ । यसरी स्वीकृत आयोजना कार्यान्वयन गर्नको लागि विस्तृत सर्वेक्षण, ड्रइङ्ग, डिजाइन, लागत अनुमान र सोअनुसार वार्षिक कार्यक्रम निश्चित गरी सोही आधारमा वार्षिक बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था रहेकोमा मन्त्रालयले उपरोक्त अनुसारको प्रक्रिया पूरा नगरी कार्यक्रम तथा वजेट स्वीकृत गरेको छ । कानूनी प्रक्रिया पूरा गरेर आयोजना स्वीकृत तथा संचालन गर्नुपर्दछ ।

९. **सोधभर्ना** : महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार संघीय सरकारबाट वैदेशिक सहायता प्राप्त गरी प्रदेशलाई उपलब्ध गराएको सोधभर्ना हुने ऋणबाट रु.३१ करोड ५५ लाख र सोघभर्ना हुने अनुदानबाट रु.४ करोड १४ लाख स्रोतगत विवरण बेगर अनुदान उपलब्ध भएकोमा प्रदेशले यस आर्थिक वर्षमा ऋण लगानी तथा दायित्व सम्बन्धी विषयमा कुनै अभिलेख नराखेकोले खर्च भएको रकम दातागत अभिलेखमा नजनिने र सोको सोधभर्ना समेत हुने अवस्था छैन । प्रदेश सरकारबाट वैदेशिक सहायता प्राप्ति र अभिलेखको कुनैपनि कार्य नगरेको कारण बजेट सम्बन्धी स्रोतगत विवरण नदेखिनाले सबै आय र व्ययमा नेपाल सरकारको स्रोत कायम भएको अवस्था छ ।

१०. **अर्थ विविध** : प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३६(२) मा खर्च गर्ने वा निकासा दिने अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकमा पर्दछ भने मात्र निकासा दिनुपर्ने उल्लेख छ । विनियोजन ऐनले छुट्याएको रकम सोही प्रयोजनमा खर्च गर्नुपर्नेमा प्रयोजन नखुलाई रु.३ अर्ब २९ करोड ७९ लाख ८५ हजार विनियोजन गरेको छ ।

११. **रकमान्तर** : प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ४१(३) मा विनियोजित बजेटको २० प्रतिशत भन्दा बढी रकमान्तर गर्न नपाईने व्यवस्था भएकोमा विनियोजित बजेट रु.४७ अर्ब ६० करोड ७९ लाखको २४.८० प्रतिशत अर्थात् रु.११ अर्ब ८० करोड ९७ लाख रकमान्तर थप/घट गरेको छ । रकमान्तर मध्ये २०७७ वैशाखदेखि असारसम्म रु.३ अर्ब ३७ करोड ८३ लाख ५१ हजार रकमान्तर भई थपघट भएको छ । आर्थिक वर्षको अन्तिम ६ दिनमा भौतिक पूर्वाधार विकास मन्त्रालयको रु.३२ करोड ४४ लाख ४९ हजार रकमान्तर गरेको छ । एक शीर्षकमा विनियोजित बजेट अर्को शीर्षकमा रकमान्तर गरी खर्च गर्ने कार्यले आर्थिक अनुशासनलाई असर गर्ने भएकोले आर्थिक वर्षको अन्त्यमा रकमान्तर गर्ने परिपाटीलाई नियन्त्रण गर्नुपर्दछ ।

१२. **प्रतिवेदन प्रणाली** : अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३२ मा स्थानीय तहले आफूले गरेको आय व्ययको चौमासिक विवरण त्यस्तो अवधि समाप्त भएको १५ दिनभित्र प्रदेशमा पेश गर्नुपर्ने र प्रदेशले स्थानीय तहबाट समेत प्राप्त गरी आफ्नो आय व्ययको विवरण चौमासिक अवधि समाप्त भएको ३० दिनभित्र नेपाल सरकार अर्थ मन्त्रालयमा पेश गर्नुपर्ने व्यवस्था छ । प्रदेशले यस्तो विवरण स्थानीय तहबाट संकलन गरेको र अर्थ मन्त्रालयमा पठाएको देखिएन जसबाट क्षेत्रगत रूपमा सरकारका तीनवटै तहले गरेको खर्च यकिन हुन सकेन । यस सम्बन्धमा गत वर्षको प्रतिवेदनमा समेत औंल्याएकोमा स्थितिमा सुधार भएको छैन । क्षेत्रगत रूपमा सरकारका तीनवटै निकायले गरेको आय र खर्चको एकीकृत अभिलेख तयार गरी प्रतिवेदन गर्नुपर्ने कानूनी व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

१३. **प्रगति समीक्षा** : बागमती प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ र २७ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायले प्रगति विवरण तयार गरी समीक्षा गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयको यस वर्षको समग्र भौतिक प्रगति चालु कार्यक्रमतर्फ १३.९४ प्रतिशत र पुँजीगत कार्यक्रमतर्फ ४.९६ प्रतिशत रहेको छ । कुल ३४ क्रियाकलाप मध्ये सार्वजनिक निजी साझेदारी कार्यक्रम, पूर्व बजेट छलफल, बजेट कार्यान्वयन समीक्षा र अनुगमन, परियोजना बैंक सम्बन्धी कार्य लगायत १७ क्रियाकलापहरूमा रु.१७ करोड ३० लाख २० हजार बजेट व्यवस्था भएकोमा कुनै कार्य नभई प्रगति शुन्य रहेको छ । बजेट व्यवस्था सहित निर्धारित क्रियाकलापहरूको कार्यान्वयनमा दक्षता अभिवृद्धि गर्नुपर्दछ ।

१४. **दीगो विकास लक्ष्य** : प्रदेशमा दिगो विकासका बारेमा जनचेतना अभिवृद्धि गर्ने, राष्ट्रिय दिगो विकास लक्ष्यका रणनीतिहरूमा प्रादेशिक दृष्टिकोणका लागि पैरवी गर्ने, राष्ट्रिय स्तरका लक्ष्यहरूलाई प्रादेशिक सन्दर्भ अनुरूप बनाउने, अनुगमन मूल्याङ्कन गर्ने, अनुभवहरूबाट सिक्ने, स्थानीय तहका विकासका क्रियाकलपाहरूको योजना, ढाँचा निर्माण, कार्यान्वयन र अनुगमनमा संलग्न गराउने एवं योजना र नीति तथा कार्यक्रममा दिगो विकासका सूचकहरूलाई समाहित गराइ सोको आधारमा संचालित आयोजना तथा कार्यक्रमको उपलब्धि मापन गर्ने कार्य शुरु भएको छैन । नीति आयोग मार्फत संघीय सरकार एवं राष्ट्रिय योजना आयोगसँग समन्वय गरी प्रदेश सरकारले दिगो विकास लक्ष्य २०१६-२०३० का सूचकहरू लाई आन्तरिकीकरण गर्नुपर्दछ ।

प्रदेश लेखा नियन्त्रक कार्यालय

१५. **प्रदेश सञ्चित कोष** : प्रदेश सरकारको २०७६।७७ को सञ्चित कोषको प्राप्ति तथा भुक्तानीको एकीकृत आर्थिक विवरणको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ :

(रु. हजारमा)

आय विवरण	२०७६।७७	२०७५।७६
राजस्व तथा अनुदान	**३१७१९५३०**	**१८६४६८६१**
गत वर्षको मौज्दात	१०१८२७९५	७५१०७४
कर राजस्व	१७५३५६२०	१२५०४७५४
अन्य राजस्व	२८५८२५५	५३७९९२७
गत वर्षको नगद मौज्दात तथा बेरुजु	११४२८६०	१११०६
संघीय सरकारबाट हस्तान्तरित अनुदान	**१६६३१४९७**	**१५१२६५९५**
समानीकरण अनुदान	७५९६४००	५९६९७००
सशर्त अनुदान	७९७८४९७	८५५६८९५
समपुरक अनुदान	६४६६००	६०००००
विशेष अनुदान	४१००००	०
जम्मा आय	**४८३५१०२७**	**३३७७३४५६**
व्यय विवरण		
सञ्चित कोष माथि व्यभार हुने	**६९५६**	**०**
चालु	६९५६	०
पूँजीगत	०	०
विनियोजन ऐनद्वारा खर्च	**२७९४३९१४**	**२०६५२७०२**
चालु	१२२६१८९३	११०९८३३४
पूँजीगत	१५६८२०२१	९५५४३६८
जम्मा व्यय	**२७९५०८७०**	**२०६५२७०२**
कार्यालयबाट खर्च भएको तर बैङ्कबाट भुक्तानी भएको समायोजन खर्च	-४२२	-३२९४
बैङ्कबाट साटन बाँकी चेक पछिको जम्मा खर्च	२७९५०४४८	२०६४९४०८
अनुदान फिर्ता गरिएको रकम	२९०९१३२	२९४१२५३
यस वर्षको बचत रकम	१७४९१४४७	१०१८२७९५
जम्मा व्यय	**४८३५१०२७**	**३३७७३४५६**

प्रदेश सञ्चित कोषको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१५.१. गत वर्षको संचितकोषमा रु.१० अर्ब १८ करोड २७ लाख ९५ हजार बाँकी देखाएकोमा यो वर्ष साट्न बाँकी चेकको रकम रु.४२ लाख २२ हजार समेत रु.१७ अर्ब ४९ करोड १४ लाख ४७ हजार जिम्मेवारी सारेको छ ।

स्थानीय तह र अन्य सरकारी एवं गैरसरकारी निकायहरूलाई गएको अनुदान रकमको निकासालाई नै खर्च कायम गरेको छ । प्रदेश सञ्चित कोषमा खर्च भएको रकममध्ये स्थानीय तहमा वित्तीय हस्तान्तरण अनुदान वापत रु.४ अर्ब ४५ करोड ५१ लाख ५५ हजार पठाएको छ । सो मध्ये खर्च नभई बाँकी रहेको सशर्ततर्फ रु.३५ करोड ६८ लाख, समपुरक रु.६८ करोड ९१ लाख र विशेषतर्फ रु.१० करोड ९२ लाख समेत गरी कुल रु.१ अर्ब १५ करोड ५१ लाख फिर्ता लिनुपर्नेमा रु.८९ करोड ५४ लाख मात्र फिर्ता प्राप्त गरेको छ । बाँकी रहेको रु.२५ करोड ९७ लाखमध्ये लेखापरीक्षण अवधिसम्म २० स्थानीय तहबाट रु.१२ करोड ७८ लाख ९८ हजार फिर्ता हुन बाँकी छ । यसरी पठाएको सबै अनुदान प्रदेश संचित कोषमा खर्च देखाएकोमा फिर्ता हुने रु.१ अर्ब १५ करोड ५१ लाख स्थानीय तहमा खर्च नभै फिर्ता आएकोले सो रकमले प्रदेशको खर्च तथा राजस्व वृद्धि भएको छ । निकासाको आधारमा खर्च देखाएकोले सञ्चित कोषको खर्च यथार्थपरक रहेको छैन ।

१५.२. आन्तरिक मामिला तथा कानुन मन्त्रालयको कोरोना कोषमा रु.४० करोड जम्मा गरेको आधारमा खर्च देखाएको छ । सो कोषमा रु.३० करोड ७३ लाख २४ हजार मौज्दात नै देखिएकोले प्रदेश सञ्चित कोषमा देखाएको खर्च यथार्थपरक देखिएन ।

१५.३. प्रदेश तथा स्थानीय तहको साझा अधिकार क्षेत्र भित्रका स्थानीय विभाज्य कोषबाट प्राप्त हुनुपर्ने रकमको अद्यावधिक अभिलेख राखी सञ्चितकोषमा आम्दानी बाँधेको देखिएन । राजस्व व्यवस्थापन सूचना प्रणालीबाट संघीय विभाज्य कोषमा आम्दानी बाँधेकोमध्ये प्रदेश तथा स्थानीय सञ्चित कोषमा ट्रान्सफर हुन बाँकी रहेको रकम यकिन गरी आम्दानी बाधेकोछैन ।

१६. **बेरुजुको लगत** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३६(२) मा प्रदेशस्तरको केन्द्रिय निकायले आफ्नो र मातहतका सबै कार्यालयहरूको बेरुजुको अभिलेख अद्यावधिक गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने र कार्यालयले यसरी प्राप्त बेरुजुको एकीकृत लगत राख्ने व्यवस्था मिलाउने उल्लेख छ । सो बमोजिमको एकीकृत लगत राखेको छैन । कानूनी व्यवस्थाको पालना गरी बेरुजुको एकीकृत लगत राख्नुपर्दछ ।

१७. **कार्य संचालन कोष** : प्रदेश अन्तर्गतका कार्यालयहरूको अन्य कारोवारको आय-व्यय देखिने गरी प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट हिसाब एकीकृत गर्नुपर्नेमा सो अनुसार गरेको छैन । यो वर्ष कार्य संचालन कोषतर्फको मौज्दात रु.३८ करोड ३७ लाख ८१ हजारमा यो वर्ष प्राप्त रु.४५ करोड ६९ लाख ६ हजार समेत जम्मा रु.८४ करोड ६ लाख ८८ हजारबाट खर्च भएको रु.२९ करोड ५२ लाख ३२ हजार घटाउँदा बाँकी रहेको रु.५४ करोड ५४ लाख ५६ हजार एकीकृत हिसावमा समावेश गर्नुपर्दछ ।

१८. **बचत अनुदान फिर्ता** : प्रदेश सरकारबाट स्थानीय तहलाई प्रदान भएको अनुदान तोकिएको क्षेत्रमा खर्च नभई बचत रहेमा प्रदेश संचित कोषमा जम्मा गर्नुपर्दछ । विभिन्न २० स्थानीय तहमा खर्च नभई बचत रहेको रु.१२ करोड ७८ लाख ९८ हजार प्रदेश सञ्चित कोषमा दाखिला गर्न लगाउनु पर्दछ ।

१९. **आन्तरिक लेखापरीक्षण** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२(१) मा प्रदेश सरकार अन्तर्गतका कार्यालय तथा निकायको आन्तरिक लेखापरीक्षण चौमासिक रूपमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुने व्यवस्था भएकोमा चौमासिक रूपमा लेखापरीक्षण नगरेको, कानुनको परिपालन, स्रोतको नतिजामूलक उपयोग, नीतिगत एवं प्रक्रियागत पक्षहरूमा सुझाव सहितको टिप्पणी नगरेको लगायतका अवस्था देखिएको छ । आन्तरिक लेखापरीक्षण प्रभावकारी बनाउनु पर्दछ ।

२०. **आर्थिक तथा वित्तीय सुशासन** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२ मा प्रदेशभित्रको आर्थिक प्रशासन संचालन गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने उल्लेख छ । आन्तरिक लेखापरीक्षणलाई स्वतन्त्र, निष्पक्ष र प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण र आर्थिक प्रशासन संचालनका लागि अलग कर्मचारी खटाउने व्यवस्था भएकोमा तद्अनुरूप कर्मचारीको व्यवस्था गरेको पाइएन । समयमै कार्यक्रम स्वीकृत गरी वार्षिक खरिद योजना बनाउने, ठेक्का बन्दोवस्त, चालु खर्चको सीमा निर्धारण, आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण गर्ने जस्ता क्षेत्रमा चुनौती रहेका छन् । बजेट सूचना व्यवस्थापन प्रणाली, लागत लाभ विश्लेषण सहितको योजना तथा कार्यक्रम, सार्वजनिक क्षेत्र लेखामान, कम्प्युटरमा आधारित लेखा प्रणालीको प्रयोग जस्ता क्षेत्रमा सुधार गरी वित्तीय व्यवस्थापनमा जवाफदेहिता अभिवृद्धि गर्नुपर्दछ ।

- **बेरुजु स्थिति** : मन्त्रालय र मातहत समेत १४ निकायमा लगती बेरुजु देखिएको छैन । यससम्बन्धी विवरण अनुसूची-१० मा रहेको छ । स्थानीय तहहरूमा वित्तीय हस्तान्तरण भएको बजेट तर्फको बेरुजु सम्बन्धित स्थानीय तहमा समावेश गरिएको छ ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा संघसँगको समन्वय र सहकार्यमा प्रशासन संचालन, कानुन निर्माण र प्रदेश स्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चारमाध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन गर्ने तथा प्रदेशको लागि आवश्यक पर्ने कानुनहरूको तर्जुमा, समसामयिक संशोधन र फैसला कार्यान्वयन गर्ने कार्यमा सहयोग पुर्‍याउने लगायतका कार्य रहेका छन्।

यो वर्ष मन्त्रालयको विनियोजन रु.१ अर्ब ५ करोड ९७ लाख ४८ हजार, राजस्व रु.१ करोड ९ लाख ६९ हजार, धरौटी रु.१ करोड ५९ लाख २ हजार र अन्य कारोवार रु.४९ करोड ६२ लाख २२ हजार समेत रु.१ अर्ब ५८ करोड २८ लाख ४१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । संघीय सरकारका प्रहरी कार्यालय ११ लाई विनियोजनतर्फ रु.५३ करोड ६२ लाख २२ हजार खर्च लेखाङ्कन गरेको रकम लेखापरीक्षण अङ्कमा समावेश गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **कार्य जिम्मेवारी :** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेश प्रहरी संचालन, प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, प्रदेशभित्रका गैरसरकारी संघ, संस्थाहरूको अभिलेख र समन्वय, संघीय मापदण्डबमोजिम हातहतियार, खरखजना तथा विष्फोटक पदार्थको नियमन, पारिवारिक मामिला सम्बन्धी नीति, कानुन र मापदण्ड तर्जुमा, प्रदेशस्तरको विद्युतीय सञ्चार माध्यम संचालन सम्बन्धी नीति, कानुन र मापदण्ड तर्जुमा, प्रदेशस्तरमा तारयुक्त र तारहित ब्रोडव्याण्ड पूर्वाधारको विकास, साइवर सुरक्षा अनुगमन, श्रमजीवि सञ्चारकर्मीहरूको न्यूनतम पारिश्रमिक अनुगमन, केवुल वितरणको इजाजत, नवीकरण र नियमन, सूचनाको हक सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा लगायतका कार्यहरू कार्यान्वयन हुन बाँकी छ । तोकिएको जिम्मेवारी पुरा गर्नुपर्दछ ।

२. **कानुन तर्जुमा** : संघीय संरचना अनुसार प्रदेशको संचालन र व्यवस्थापनका लागि २०७६।७७ सम्म ५८ ऐन, २८ नियमावली, २ विनियमावली, १० गठन आदेश, २३ कार्यविधि, ५ निर्देशिका, १ मापदण्ड र ३ अध्यादेश प्रतिस्थापन कानुन समेत १३० कानुन तथा कार्यविधि निर्माण गरेको छ । प्रदेशको संचालन र व्यवस्थापनको लागि आवश्यक कानुन र कार्यविधिको पहिचान गरी तर्जुमा गर्नुपर्दछ ।

३. **वार्षिक बजेट कार्यान्वयन** : यस वर्षको बजेट वक्तव्यमा प्रदेश सुरक्षा नीति तर्जुमा, प्रदेश अनुसन्धान व्यूरो स्थापना र संचालन, नागरिक शिक्षाको लागि प्रदेश जागरण, कैदी बन्दीलाई क्षमता विकास कार्यक्रम, न्यायिक समितिका पदाधिकारीलाई तालिम, कानुन तर्जुमा सम्बन्धी तालिम, कारागारमा उत्पादित सामग्री बजारीकरण कार्यक्रम, लागू औषध विरुद्धको सचेतना कार्यक्रम, मानव बेचबिखन लैगिक तथा घरेलु हिंसा विरुद्धको कार्यक्रम लगायतका कार्यक्रमहरू संचालन गर्ने उल्लेख भएकोमा कार्यान्वयन भएको छैन । बजेटमा उल्लिखित नीति तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

४. **लक्ष्य प्रगति** : प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ र २७ मा वजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायले प्रगति विवरण तयार गरी समीक्षा गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयको यस वर्षको समग्र भौतिक प्रगति ६५.५५ प्रतिशत रहेको छ । कुल ३४ क्रियाकलापमध्ये सुरक्षा नीति तर्जुमा, क्षमता विकास तालिम लगायत १८ क्रियाकलापहरूमा कुनै कार्य नभई प्रगति शुन्य रहेको र ११ क्रियाकलापहरूमा ५० प्रतिशतसम्म भौतिक प्रगति भएको छ । निर्धारित लक्ष्य हासिल गर्नुपर्दछ ।

५. **कोरोना कोष** : विपद् व्यवस्थापन ऐन, २०७५ को दफा ४५ बमोजिम मन्त्रालयले कोरोना भाइरस संक्रमण, रोकथाम, नियन्त्रण तथा उपचार सहयोग कार्यविधि, २०७६ जारी गरी स्थापना गरेकोमा कोषमा प्रदेश सरकारको रु.४० करोड, प्रदेशका विभिन्न पदाधिकारी र कर्मचारीहरूबाट रु.२ करोड ४३ लाख २२ हजार र अन्य संस्थाबाट रु.१ करोड ९७ लाख २ हजार समेत रु.४४ करोड ४० लाख २४ हजार जम्मा भएको छ । कोषबाट काठमाण्डौ जिल्ला बाहेक १२ जिल्ला विपद् व्यवस्थापन समितिलाई रु.५ लाखका दरले रु.६० लाख र प्रदेश भित्रका ११९ स्थानीय तहहरूलाई रु.१० देखि २० लाखका दरले रु.१३ करोड ७ लाख समेत रु.१३ करोड ६७ लाख निकासा दिई रु.३० करोड ७३ लाख २४ हजार वचत रहेको छ ।

६. **बिपद् व्यवस्थापन कोष** : विपद् व्यवस्थापन ऐन, २०७५ अनुसार स्थापना भएको विपद् व्यवस्थापन कोषमा मन्त्रालयले गत वर्ष जम्मा गरेको रु.५ करोड र यस वर्ष सहयोग प्राप्त रु.१ लाख ८३ हजार समेत रु.५ करोड १ लाख ८३ हजारमध्ये बाढी पहिरो दुर्घटना आदिबाट ज्यान गुमाएका व्यक्तिका परिवारलाई प्रतिव्यक्ति रु.१ लाखका दरले सहयोग प्रदान गरी रु.२६ लाख खर्च भई रु.४ करोड ७५ लाख ८३ हजार मौज्दात रहेको छ ।

सञ्चार रजिष्ट्रारको कार्यालय

बागमती प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ र नियमावली २०७६ ले तोकेअनुसार सञ्चार माध्यमको नियमन र व्यवस्थापन सम्बन्धी कार्य गर्ने गरी २०७६ असारमा यस कार्यालयको स्थापना भएको छ ।

७. **नियमन र व्यवस्थापन** : प्रदेश सरकार सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ र नियमावली, २०७६ अनुसार प्रदेशभित्र पत्रपत्रिका दर्ता गर्ने, पत्रपत्रिकाको अभिलेख अद्यावधिक राख्ने, पत्रपत्रिकाको वर्गीकरण गर्ने, अनलाइन सञ्चार माध्यमको अभिलेखीकरण गर्ने, अनलाइन पत्रकारिताको प्रमाणपत्र दिने, विवरण राख्ने र पत्रपत्रिका तथा अनलाइन खबरहरूको नियमन गर्ने लगायतका कार्य गर्ने उल्लेख छ । यसैगरी प्रदेशभित्र एक सय देखि एक हजार वाट्सम्मको रेडियो, एफ.एम. र स्याटलाइट प्रणालीबाट प्रशारण हुने बाहेकको सञ्चार माध्यमको अनुमति, रेखदेख र संचालनको नीति निर्माण र कार्यान्वयन गर्ने, इजाजत पत्र दिने, नवीकरण गर्ने, प्रशारणमा रोक लगाउन सकिने, नियमन गर्ने, प्रशारण तथा वितरण शुल्क असुल गर्ने, प्रशारण माध्यमको वर्गीकरण गर्ने लगायतका कार्य समेत गर्नुपर्ने उल्लेख छ । कानुनमा उल्लेख भएका कार्यहरू प्रभावकारी रूपमा सम्पादन गर्नुपर्दछ ।

८. **कल्याण कोष** : प्रदेश सरकार सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ अनुसार पत्रकारिताको कार्य सम्पादन गर्दा कुनै दुर्घटना परी घाइते भएको वा दीर्घ रोगबाट पीडित पत्रकारको सहयोगको लागि पत्रकार कल्याणकोषको स्थापना गरेको छ । उक्त कोषमा कार्यालयको तर्फबाट रु.१५ लाख र पत्रकारहरूतर्फबाट रु.६ हजार समेत रु.१५ लाख ६ हजार जम्मा भएको छ । कोष संचालन कार्यविधि र मापदण्ड तर्जुमा हुनुपर्दछ ।

९. **सामग्री वितरण खर्च** : विपद् तथा जोखिम पत्रकारिता सहयोग कार्यक्रम संचालन कार्यविधि, २०७६ अनुसार पत्रकार महासंघका काठमाडौं, सिन्धुपाल्चोक, दोलखा, रसुवा, धादिङ्ग र सिन्धुली जिल्ला स्थित कार्यालयहरूलाई ल्यापटप, पावर बैंक, माइक्रोफोन, व्याग, मोबाइल ट्राइपट र टर्चलाइट दुई दुई थानका दरले उपलब्ध गराउँदा रु.११ लाख १३ हजार खर्च भएको छ । कार्यविधि बमोजिम यस किसिमको खर्च गर्न मिल्ने देखिएन ।

- **बेरुजु स्थिति** : मन्त्रालयको लेखापरीक्षणबाट रु.२ करोड ८४ लाख ८५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रिया साथ रु.४५ लाख ९३ हजार प्रमाण पुष्ट्याईं प्राप्त भएकोले फर्स्यौंट गरी रु.२ करोड ३८ लाख ९२ हजार बाँकी रहेको छ । सोमध्ये रु.१ करोड ३६ लाख ३० हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण अनुसूची-१० मा रहेको छ ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा उद्योग, वाणिज्य, आपूर्ति, पर्यटन, वन तथा भू-संरक्षण, वातावरण, जलवायु परिवर्तन अनुकुलन एवं धार्मिक तथा सांस्कृतिक क्षेत्रमा नीति, कानुन एवं कार्यक्रमको तर्जुमा र कार्यान्वयनको अनुगमन गर्ने लगायतका कार्य रहेका छन्।

यो वर्ष मन्त्रालय र मातहत समेत ३५ कार्यालयको विनियोजन रु.२ अर्ब २४ करोड ६४ लाख ४२ हजार, राजस्व रु.२५ करोड ७० लाख, धरौटी रु.१२ करोड ९३ लाख ७८ हजार र अन्य कारोवार रु.२९ करोड ६२ लाख १८ हजार समेत रु.२ अर्ब ९२ करोड ९० लाख ३८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी** : प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ मा उल्लेख भएकामध्ये सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण, परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन, कलकारखाना र औद्योगिकीकरण सम्बन्धी नीति, योजना तर्जुमा, कार्यान्वयन र नियमन, औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन, मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवं नियमन, उपभोक्ता अदालत गठन र संचालन, हानिकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन लगायतका कार्य गर्न बाँकी छ । कार्ययोजना बनाई तोकिएको जिम्मेवारी पूरा गर्नुपर्दछ ।

२. **दरबन्दी तथा पदपूर्ति** : मन्त्रालय र मातहतका २७ निकायहरूको कुल दरबन्दी १ हजार २१५ रहेकोमा ६६५ अर्थात् ५४.७३ प्रतिशत पदपूर्ति भई ५५० रिक्त रहेको छ । रिक्त मध्ये प्राविधिक जनशक्ति ४५५ रहेको छ । स्वीकृत दरबन्दीको ठूलो हिस्सा रिक्त रहँदा सेवा प्रवाहमा असर पर्ने र करारमा कर्मचारीहरू भर्ना गर्ने परिपाटी संस्थागत हुने देखिएकोले लोकसेवा आयोग मार्फत् रिक्त दरबन्दी पदपूर्ति गर्नुपर्दछ ।

३. **लक्ष्य प्रगति** : प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ र २७ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायले प्रगति विवरण तयार गरी समीक्षा गर्नुपर्ने व्यवस्था छ । मन्त्रालय र मातहत निकायबाट सञ्चालन भएका कार्यक्रमको प्रगति स्थिति निम्नानुसार रहेको छ :

(रु. हजारमा)

क्र.सं	कार्यक्रम	बजेट	खर्च	भौतिक प्रगति प्रतिशत
१	विज्ञान प्रविधि तथा नव प्रवर्तन कार्यक्रम	३४६५०	२६०८	१३.२८
२	उद्योग विकास तथा प्रवर्द्धन कार्यक्रम	६०३८४२	११३५५५	२६.८१
३	जडिबुटी विकास आयोजना	६०३५०	२४२२७	४९.८४
४	वाणिज्य, आपूर्ति तथा बजार अनुगमन कार्यक्रम	६२९५०	२८४४२	५४.२७
५	पर्यटन प्रवर्द्धन कार्यक्रम	१५५३५१५	४०४५९२	६७.५८
६	राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम	२८७९०६	१७१५५५	६८.८७
७	वन्यजन्तु तथा वास स्थान संरक्षण कार्यक्रम,	२६८२०	१५३६१	७०.०२
८	वातावरण संरक्षण कार्यक्रम	९००००	५९१८६	७२.४५
९	वृक्षारोपण, निजी तथा शहरी वन कार्यक्रम	१७२८४०	६१२२८	७७.३९
१०	भू- तथा जलाधार संरक्षण कार्यक्रम	४८०९३६	३८०२३२	८७.२७
	जम्मा	**३३७३८०९**	**१२६०९८६**	**३७.३७**

उल्लिखित तालिका अनुसार विज्ञान प्रविधि तथा नव प्रवर्तन कार्यक्रममा १३.२८ प्रतिशत र उद्योग विकास तथा प्रवर्द्धन कार्यक्रममा २६.८१ प्रतिशत मात्र भौतिक प्रगति भएको छ । अन्य कार्यक्रममा समेत न्यून प्रगति भएको छ । निर्धारित लक्ष्य अनुसार कार्यक्रम संचालन गरी प्रगति हासिल गर्नुपर्दछ।

४. **बजेट तथा खर्च** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ मा बजेट प्रस्ताव गर्दा खर्च सृजना हुने स्पष्ट आधार सहित प्रस्ताव पेश गर्नुपर्ने व्यवस्था छ । मन्त्रालय र मातहत कार्यालयको लागि यो वर्ष चालु र पूँजीगततर्फ रु.५ अर्ब २ करोड ३१ लाख १४ हजार बजेट विनियोजन भएकोमा रु.२ अर्ब ३३ करोड ३७ लाख १ हजार अर्थात् ४६.४६ प्रतिशत (चालुतर्फ ६०.०५ प्रतिशत र पूँजीगततर्फ ४०.२६ प्रतिशत) खर्च भएको छ । विनियोजन खर्च दक्षता अभिवृद्धि गर्नुपर्दछ ।

५. **कार्यक्रम कार्यान्वयन** : प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ अनुसार मन्त्रालय नीति निर्माण र कार्यक्रम कार्यान्वयनको अनुगमनमा केन्द्रित हुनुपर्नेमा मन्त्रालयले मातहतका कार्यालयहरूबाट सम्पादन हुने कार्यक्रमलाई उपभोक्ता समितिसँग सम्झौता गरी भू-संरक्षण तथा तटबन्ध निर्माण लगायत विभिन्न ६३ कार्यमा रु.९ करोड ८ लाख ८९ हजार भुक्तानी गरेको छ । मातहत कार्यालयको कामको अनुगमन मूल्याङ्कन गर्ने निकाय आफैंले कार्यक्रम कार्यान्वयनमा संलग्न रहेको उचित देखिएन ।

६. **परामर्श सेवा** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । मन्त्रालयले विभिन्न कार्यक्रमको सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन, गुरुयोजना अध्ययन प्रतिवेदन लगायतको परामर्श सेवामा रु.५ लाख भित्रका ५५ प्याकेज बनाई रु.२ करोड ८ लाख २२ हजारको सोझै र रु.२० लाखभित्रका ४३ प्याकेज बनाई आसयपत्र माग गरी रु.५ करोड ३७ लाख ४१ हजारको कार्य लागत अनुमानकै हाराहारीमा खरिद गरेको छ । त्यस्तै पर्यटन विकास आयोजनाले रु.५ लाखभित्रका १५ प्याकेज बनाई रु.६१ लाख ४१ हजारको सोझै र २० लाखभित्रका १० प्याकेज बनाई आसयपत्र माग गरी रु.९७ लाख ५८ हजारको कार्य लागत अनुमानकै हाराहारीमा खरिद गरेको छ । एकै प्रकृतिको अध्ययन कार्य एउटै प्याकेज बनाई राष्ट्रियस्तरको प्रस्ताव माग गरी अधिकत्तम प्रतिस्पर्धाको आधारमा खरिद गर्न सकिनेमा प्रतिस्पर्धा कम हुने गरी खरिद गरेको कारण खरिद कार्य प्रतिस्पर्धी र मितव्ययी भएको छैन । एकै प्रकृतिका अध्ययन कार्यको एकै प्याकेज बनाई प्रतिस्पर्धाको आधारमा खरिद गर्नुपर्दछ ।

७. **आवधिक योजना कार्यान्वयन** : प्रथम आवधिक योजनामा उल्लेख भएका मन्त्रालयसँग सम्बन्धित पर्सा-मकवानपुर-चन्द्रागिरी-नागर्जुन-शिवपुरी-लाङटाङ वा वरण्डाभार गाईघाट-सेती उपत्यका-पञ्चासे-अन्नपूर्ण लगायतका वन्यजन्तु आवत जावत गर्न मिल्ने जैविक मार्गको विकास, रिभरफ्रन्ट परियोजना विकास र कार्यान्वयन, वन तथा संरक्षित क्षेत्र छिचोलेर जाने राजमार्गहरूमा सुधार गरी वन्यजन्तु वारपार गर्न सक्ने सुरुङ्ग मार्ग वा पुलहरूको विकास, प्रदेशस्तरीय वन जलाधार तथा जैविक विविधता अध्ययन, सर्वेक्षण तथा अनुसन्धान केन्द्र, संग्रहालय, उद्यान तथा हर्वेरीयमहरूको स्थापना, तामाकोशी, भोटेकोसी, सुनकोसी तथा नारायणी लगायतका नदीलाई धार्मिक र आर्थिक कोरीडोरको रूपमा विकास लगायत १८ कार्यहरू पहिलो वर्षको बजेट तथा कार्यक्रममा समावेश नभएको कारण कार्यान्वयनमा गएको देखिएन । आवधिक योजना कार्यान्वयन हुने गरी वार्षिक बजेट र कार्यक्रम ल्याउनु पर्दछ ।

पर्यटन विकास आयोजना

८. **न्यून लागत सहभागिता** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समितिबाट काम गराउन सकिने व्यवस्था छ । सार्वजनिक खरिद नियमावलीको नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउँदा लागत सहभागिता गराउनु पर्ने व्यवस्था छ । मुख्यमन्त्रीस्तरको २०७६।९।२४ को निर्णयानुसार उपभोक्ता समितिबाट कार्य गराएका लागत अनुमानको न्यूनतम १० प्रतिशत नगद वा श्रमदान व्यहोर्नुपर्ने व्यवस्था गरेको छ । आयोजनाले पूर्वाधार निर्माणमा यो वर्ष ९५ उपभोक्ता समितिलाई रु.२३ करोड १४ लाख २४ हजार भुक्तानी गर्दा अधिकांशमा ५ प्रतिशतमात्र लागत सहभागिता लिएको कारण उपभोक्ता समितिबाट गराउने काममा निर्णयभन्दा रु.१ करोड १५ लाख ७१ हजार घटि सहभागिता लिई बढी भुक्तानी भएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

९. **प्रोभिजनल सम** : सिन्धुपाल्चोक जिल्लामा बुद्धको मुर्ति निर्माण सहित बुद्ध पार्क निर्माण कार्यको लागत अनुमान रु.१ करोड ३४ लाख २६ हजार रहेकोमा रु.१ करोड ८ लाख ३१ हजारमा निर्माण व्यवसायीसँग सम्झौता गर्दा सम्झौता रकमको ५७ प्रतिशत अर्थात् रु.६१ लाख ९५ हजार प्रोभिजनल सममा राखी सोबाट रु.५७ लाखको आर.सि.सि. स्ट्रक्चरमा बुद्धको मुर्ति निर्माणमा खर्च भएको छ । स्वीकृत दररेटको आधारमा लागत अनुमान तयार नगरी प्रतिस्पर्धा नहुने गरी प्रोभिजनल सममा राखी खर्च गरेको उपयुक्त देखिएन । अन्य सिभिल कार्य ३५.८९ प्रतिशत घटिमा सम्झौता भएको आधारमा प्रोभिजनल समबाट कार्य गराएको कारण मुर्ति निर्माणमा रु.२० लाख ४६ हजार थप व्ययभार पर्न गएको छ ।

१०. **कामको अवस्था** : देवघाट क्षेत्रका विभिन्न भौतिक पूर्वाधार निर्माण गर्ने कार्यको लागत अनुमान रु.८६ लाख ७१ हजार रहेकोमा रु.७९ लाख ८९ हजारमा सम्पन्न गर्ने गरी खरिद सम्झौता भएको छ । सम्झौता बमोजिमको ५३ आईटमको कार्य नगरेको अवस्थामा रु.४१ लाख ५२ हजार भुक्तानी गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइयो । घटि कार्य गराउनु पर्नाको कारण खुलाई भेरिएशन स्वीकृत गरेको छैन । यसबाट निर्माण व्यवसायीलाई सहुलियत पुग्न गएको देखिन्छ ।

उल्लिखित पूर्वाधारको कार्यमध्ये देवघाट क्षेत्रको एक चौतारा निर्माणमा रु.१ लाख ८७ हजार खर्च गरेको छ । स्थलगत निरीक्षणको क्रममा उक्त चौतारा त्यहाँ राखिएको शिलालेखबाट स्वर्गीय सैनिकहरूको स्मृतिमा परिवारका सदस्यहरूले निर्माण गरेको देखिएकोले उक्त निर्माण कार्यमा भएको खर्च यकिन भएन । खर्चको स्रोत यकिन हुनुपर्दछ ।

११. **कन्टिन्जेन्सी खर्च** : प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ मा लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सीमा समावेश गर्न पाइने व्यवस्था छ । आयोजनाले कन्टिन्जेन्सीबाट प्रशासनिक कार्यमा रु.४८ लाख २७ हजार खर्च गरेको छ । नियमित बजेट विनियोजन हुने इन्धन, दैनिक भ्रमण भत्ता, कार्यालय सामान लगायतका प्रशासनिक कार्यमा कन्टिन्जेन्सीबाट खर्च गरेको उचित देखिएन । कन्टिन्जेन्सी खर्चको कार्यविधि बनाई यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

१२. **मेला महोत्सव** : मेला महोत्सव संचालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ बमोजिम आयोजनाले यो वर्ष प्रदेशका २६ निर्वाचन क्षेत्रमा हात्ती महोत्सव, फुड फेस्टिवल लगायत औद्योगिक तथा पर्यटन महोत्सव मेला संचालन गरी रु.९४ लाख ७ हजार खर्च गरेको छ । सोमध्ये मन्त्रालयबाट १३ मेला संचालन भई आयोजनाबाट रु.४४ लाख ८९ हजार भुक्तानी भएको छ । मन्त्रालय आफैं मेला

संचालनमा संलग्न भई सम्झौता लगायतका काम गरेको उचित देखिएन । साथै मेला संचालनबाट प्राप्त उपलब्धिको मूल्याङ्कन गरेको छैन । मितव्ययितालाई ध्यान दिई यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

१३. **अवलोकन भ्रमण** : आयोजनाले विभिन्न २५ पत्रकारहरूलाई हिमाली तथा उच्च पहाडी क्षेत्रको अवलोकन भ्रमण तथा ४९ होमस्टे सञ्चालकलाई गण्डकी प्रदेश अन्तर्गतका होमस्टेहरूको अनुभव आदान प्रदान तथा असल अभ्यास सिकाई कार्यक्रम अवलोकन भ्रमण वापत रु.१९ लाख २ हजार खर्च गरेको छ । अवलोकन भ्रमणबाट प्राप्त उपलब्धिको मूल्याङ्कन गरेको छैन । मितव्ययितालाई ध्यान दिई यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

डिभिजन वन र भू तथा जलाधार कार्यालयहरू

१४. **काठ दाउराको मौज्दात** : डिभिजन वन कार्यालयहरूमा रहेको काठ, दाउरा समयमै व्यवस्थापन गर्नुपर्दछ । प्रदेश अन्तर्गतका १३ कार्यालयहरूमा गत वर्षको मौज्दात सहित ७ लाख ९१ हजार ३०४.०३ क्यू फिट साल तथा ४ लाख ७४ हजार ७९५.६७ क्यु फिट अन्य जातका काठ रहेकोमा यो वर्ष २ लाख २७ हजार ३४५.४५ क्यु फिट साल तथा २ लाख ३१ हजार २८०.६९ क्यू फिट अन्य जातका बिक्री गरी ५ लाख ६३ हजार ९५८.५८ क्यू फिट साल तथा २ लाख ४३ हजार ५१४.९८ क्यु फिट अन्य जातका काठ मौज्दात रहेको छ । यसरी मौज्दात रहेको काठको न्यूनतम मूल्य रु.६२ करोड ८३ लाख रहेको छ । मौज्दात काठ दाउरा समयमै लिलाम बिक्री नगर्दा रु.३ करोड ४८ लाख ९६ हजार मूल्यको काठ घामपानीको कारणले गुणस्तरमा ह्रास आएको छ । गुणस्तरमा ह्रास आएको मौज्दातको बिक्रीबाट राजश्व आम्दानी घट्न जाने हुँदा समयमै लिलाम बिक्री गर्नुपर्दछ ।

१५. **जग्गा लीज** : वन नियमावली, २०५१ को नियम २० मा राष्ट्रिय वा अन्तराष्ट्रिय सरकारी वा गैरसरकारी संस्थालाई तोकिएको शर्तमा तोकिएको क्षेत्र र अवधिको लागि बोलकबोल प्रथाद्धारा वन क्षेत्र उपलब्ध गराउन सक्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार प्रदेश अन्तर्गत १५१ संस्थालाई ४० हजार १३१.४१ हेक्टर जग्गा लिजमा उपलब्ध गराएको छ ।

डिभिजन वन कार्यालय, रसुवाले विभिन्न ७ आयोजनालाई ४५.१७ हेक्टर जग्गा स्थायी प्रयोजनको लागि प्रदान गरेकोमा १०.८४ हेक्टर जग्गा सट्टाभर्ना र ३ लाख ३९ हजार क्षतिपूर्ति वृक्षारोपण गर्न बाँकी देखिएको छ । यसरी लिजमा दिएको वन जग्गाबाट सम्झौता बमोजिम क्षतिपूर्ति बृक्षारोपण र राजश्व प्राप्त भए नभएको मन्त्रालयबाट अनुगमन गर्नुपर्दछ । यसरी लिजमा प्रदान गरेको वन जग्गामा सम्झौता विपरित संरचना निर्माण लगायतका कार्य भए नभएको सम्बन्धमा समेत अनुगमन गर्नुपर्दछ ।

१६. **भोगाधिकार** : जिल्ला वन कार्यालय काठमाडौंले देहायका ३ संस्थालाई ३९ हेक्टर र १ संस्थालाई ३० रोपनी वन क्षेत्रको जग्गा २५ देखि ४० वर्षको लागि भोगाधिकार दिएको छ ।

क्र.सं.	नाम	स्थान	सम्झौता मिति	दिएको क्षेत्र	अवधि
१.	चम्पादेवी इको फ्रेण्डली कं.प्रा.लि.	दक्षिणकाली	२०६२।८।१८	२२ हेक्टर	४० वर्ष
२.	नेपाल वाइल्ड लाइफ डेभलप्मेन्ट कम्पनी लि.	शंखरापुर-४ साँखु	२०५७।५।५	११ हेक्टर	४० वर्ष
३.	चन्द्रागिरी हिल्स लिमिटेड (सार्विक काठमाडौं फन पार्क)	चन्द्रागिरी, थानकोट	२०७०।१।२१	६ हेक्टर	४० वर्ष
४.	हात्तीवन हिमालयन व्हाइट रिसोर्ट	दक्षिणकाली	२०४२।१०।११	३० रोपनी	२५ वर्ष

यसरी भोगाधिकार प्राप्त गर्ने संस्थाले वातावरणलाई असर गर्ने गरी सम्झौतामा उल्लेख भएभन्दा फरक प्रकारले संरचना निर्माण लगायत कार्य गरे नगरेको सम्बन्धमा कार्यालयले निरीक्षण तथा अनुगमन गरेको देखिएन ।

१७. **वैज्ञानिक वन व्यवस्थापन** : तत्कालीन वन तथा भू-संरक्षण मन्त्रालयको सचिवबाट स्वीकृत भएको वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ बमोजिम प्रदेश अन्तर्गतका भक्तपुर र रसुवा बाहेक ११ जिल्लाका १३ डिभिजन वन कार्यालयहरूले २०७३।७४ देखि २०७६।७७ को अवधिमा १५८ सामुदायिक वनमा ४७ हजार २२० हेक्टर क्षेत्रफलमा उक्त कार्यक्रम लागू गरेका छन् । सो अवधिमा सबैभन्दा बढी सिन्धुली जिल्लामा ९२ सामुदायिक वनमा २८ हजार ३०९ हेक्टर क्षेत्रफलमा उक्त कार्यक्रम लागू छ । उक्त जिल्लामा २०७६।७७ मा ३७ सामुदायिक वनमा १० हजार ५८९ हेक्टर क्षेत्रफलमा सो कार्यक्रम लागू भएको र सोको लागि रु.१८ लाख ५५ हजार खर्च भएको छ । सार्वजनिक लेखा समिति अन्तर्गत वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमका सम्बन्धमा अध्ययन गर्न गठित उप-समितिद्वारा तयार गरिएको प्रतिवेदन, २०७७ ले वैज्ञानिक वन व्यवस्थापनमा रहेका कमी कमजोरी उजागर गरी निर्देशन सहितको प्रतिवेदन दिए पश्चात उक्त कार्यक्रम खारेज भएको छ ।

१८. **वन अतिक्रमण** : मन्त्रालयले २०७५ मा प्रकाशन गरेको पार्श्वचित्र अनुसार प्रदेश अन्तर्गतका १३ जिल्लामा ७ हजार ७४.६ हेक्टर क्षेत्रफल वन अतिक्रमण भई अतिक्रमित क्षेत्रमा १६ हजार ७४५ घर टहरा समेत निर्माण भएको अवस्था छ । मकवानपुर जिल्लाको मनोहरी बजार क्षेत्रमा सालको रुख सुकाई अतिक्रमण गरी बस्ती विस्तार गर्दै गरेकोमा सोही स्थानमा रहेको रापी डिभिजन वन कार्यालयले यसमा नियन्त्रण गरेको छैन ।

१९. **विरुवा उत्पादन** : मन्त्रालय र मातहतका कार्यालयहरूले यस वर्ष विभिन्न प्रजातिका १७ लाख ७१ हजार विरुवा उत्पादन गरी रु.१ करोड ९७ लाख ४९ हजार खर्च गरेको छ । उत्पादन भएका विरुवामध्ये १४ लाख ७८ हजार वितरण भई २ लाख ९३ हजार मौज्दात रहेको छ । नियमित कार्यक्रमको रूपमा प्रत्येक वर्ष विरुवा उत्पादन गरी वितरण एवं रोपण गर्ने गरेकोमा रोपण कार्यको संरक्षणमा पर्याप्त ध्यान नदिएको कारण यसको प्रभावकारिता न्यून रहेको छ । रोपिएका बिरुवाहरूको संरक्षणमा पनि ध्यान दिनुपर्दछ ।

२०. **फलफूलका विरुवा वितरण** : डिभिजन वन कार्यालय, चितवनले रु.१३ लाख २७ हजारको आँप, लिची र कागतीको १९ हजार विरुवा खरिद गरी सामुदायिक वन, कवुलियती वन, विद्यालय, संघ-संस्था एवं व्यक्तिहरूलाई वितरण गरेको छ । प्रत्येक वर्ष फलफूलको विरुवा खरिद गरी वितरण गर्ने गरेकोमा वितरित विरुवाको उपयोग र संरक्षण सम्बन्धमा अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

२१. **जडिबुटी रोपण** : डिभिजन वन कार्यालय, रापी मकवानपुरले जडिबुटी उत्पादन, विस्तार र भण्डारण कार्यक्रमबाट कुरिलो, सर्पगन्धा, अमला, तेजपात, चिउरी, वेल लगायतको बिरुवा रोपण कार्यको लागि एक सामुदायिक वन उपभोक्ता समितिलाई रु.५ लाख र ३ व्यक्तिलाई रु.५ लाख समेत रु.१० लाख र डिभिजन वन कार्यालय मकवानपुरले कुरिलो रोपण बापत २ व्यक्तिलाई रु.६ लाख ३ हजार अनुदान उपलब्ध गराएकोमा ती जडिबुटी रोपण र संरक्षण सम्बन्धमा कार्यालयले अनुगमन गरेको छैन ।

२२. **कार्य क्षेत्र बाहिरको खर्च** : डिभिजन वन कार्यालय, रसुवाले लामटाङ्ग राष्ट्रिय निकुञ्ज क्षेत्रमा सरसफाई, सुरक्षा घर लगायतका संरचना निर्माण कार्य गराई रु.२३ लाख ७५ हजार खर्च गरेको छ । कार्यालयको कार्यक्षेत्र बाहिर कार्यक्रम संचालन गरेको उचित देखिएन ।

२३. **कार्य सम्पादन जमानत** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा कार्यसम्पादन जमानतको अवधि निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । डिभिजन वन कार्यालय, चितवनले निर्माण व्यवसायीसँग २०७७ भाद्र २० मा निर्माण सम्पन्न गर्ने गरी रु.६२ लाख ७६ हजारको सम्झौता गरेकोमा सो ठेक्काको त्रुटी सच्याउने अवधि २०७८।६।२० सम्म रहेकोले सो अवधिभन्दा १ महिना बढी म्याद भएको कार्यसम्पादन जमानत पेश गर्नुपर्नेमा २०७८।२।१९ सम्म मात्र म्याद भएको रु.९ लाखको कार्यसम्पादन जमानत पेश गरेको छ । कार्यसम्पादन जमानतको म्याद थप गर्नुपर्दछ ।

२४. **प्रदेश सेवा शुल्क** : बागमती प्रदेश राष्ट्रिय वन ऐन, २०७६ को दफा ३८(३) अनुसार समुदायले वन पैदावार (काठ दाउरा) समुदायभन्दा बाहिर बिक्री वितरणबाट प्राप्त भएको रकमको दश प्रतिशत रकम सेवा शुल्क बापत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेमा डिभिजन वन कार्यालय, रापीले विभिन्न वन उपभोक्ता समूहले काठ दाउरा स्थानान्तरण सहमती प्रदान गर्दा ऐन अनुसारको प्रदेश सेवा शुल्क रु.१२ लाख १२ हजार दाखिला गरेको छैन । उक्त रकम असुल गर्नुपर्दछ ।

२५. **लागत सहभागिता** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समितिबाट काम गराउन सकिने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीको नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउँदा लागत सहभागिता गराउनु पर्ने व्यवस्था छ । मुख्यमन्त्री स्तरको २०७६।९।२४ को निर्णयानुसार उपभोक्ता समितिले निर्माण कार्यको लागत अनुमानको न्यूनतम १० प्रतिशत नगद वा श्रमदान व्यहोर्नुपर्ने व्यवस्था गरेको छ । डिभिजन वन कार्यालय, रापीले मनहरी पिसपार्क निर्माण कार्य उपभोक्ता समितिबाट गराई रु.४८ लाख ४ हजार भुक्तानी गर्दा लागत सहभागिता गराएको छैन । लागतको १० प्रतिशतले हुने रु.४ लाख ८० हजार बढी भुक्तानी भएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

२६. **वायो विकेट** : डिभिजन वन कार्यालय, रापी मकवानपुरले स्वीकृत कार्यक्रम अनुसार चितवन र मनहरीको जङ्गल क्षेत्रमा माईकोनिया झारपात व्यवस्थापन गरी वायो विकेट उत्पादनमा सहयोग गर्न एक वन उपभोक्ता समितिलाई रु.५ लाख भुक्तानी भएको छ । लक्ष्य अनुसार वायो विकेट उत्पादन भए नभएको अनुगमन भएको छैन ।

२७. **समितिसँग सम्झौता अन्यसँग काम** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने व्यवस्था छ । डिभिजन वन कार्यालय, मकवानपुरले बैज्ञानिक वन व्यवस्थापन कार्य योजना तयार गर्न ३ उपभोक्ता समितिलाई रु.३/३ लाखका दरले उपलब्ध गराएकोमा समितिले उक्त कार्य मकवानपुर वन प्राविधिक समाजबाट गराई रु.८ लाख ४९ हजार खर्च गरेको छ । उपभोक्ता समितिले सम्पादन गर्न नसक्ने कामको लागि सम्झौता गरी रकम उपलब्ध गराएको उचित देखिएन ।

२८. **अनुपातिक कट्टी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा जनसहभागिताको अंश कट्टा गर्नुपर्ने उल्लेख छ । अतः उपभोक्ता समिति वा लाभग्राही समुदायलाई सम्पन्न कार्यको भुक्तानी गर्दा सम्झौता अनुसारको जनश्रमदान अनुपातिक रूपमा गणना गरी भुक्तानी गर्नुपर्नेमा भू तथा जलाधार व्यवस्थापन कार्यालय, सिन्धुपाल्चोकले १४ उपभोक्ता समिति र भू तथा जलाधार व्यवस्थापन कार्यालय, ललितपुरले ३ उपभोक्ता समितिलाई कार्यसम्पन्नको आधारमा अनुपातिक कट्टी गर्नुपर्ने क्रमशः रु.८ लाख ६६ हजार र रु.५४ हजार कट्टा नगरी भुक्तानी दिएको नियम अनुकुल देखिएन । उपभोक्तालाई भुक्तानी दिँदा सम्झौता अनुसारको अंश कट्टा गर्नुपर्दछ ।

घरेलु तथा साना उद्योग कार्यालयहरू

२९. **दर्ता र नवीकरण** : प्रदेश अन्तर्गतका १३ घरेलु तथा साना उद्योग कार्यालयमा उद्योग र वाणिज्य दर्ता क्रमशः १२ हजार ९०९ र ७ हजार २३३ एवं नवीकरण क्रमशः ८ हजार ८१२ र ११ हजार २८३ भएको देखिन्छ । दर्ता भएका उद्योग र वाणिज्यले दर्ता गर्दाका बखत उल्लेख गरेका कार्यहरू गरे नगरेको अनुगमन गर्नुपर्दछ ।

- **बेरुजु स्थिति** : मन्त्रालय तथा मातहतका समेत २७ निकायमा रु.१५ करोड १८ लाख ९७ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ८ निकायले रु.९८ लाख ३३ हजार फर्स्यौंट गरेकोले रु.१४ करोड २० लाख ६४ हजार बेरुजु देखिएको छ । सोमध्ये रु.१५ लाख ८८ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची-१० मा रहेको छ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेश भित्रको कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा कार्यान्वयन र नियमन गर्ने लगायतका कार्य रहेका छन्।

यो वर्ष मन्त्रालय र मातहत समेतका ३७ कार्यालयको विनियोजन रु.२ अर्ब ८७ करोड ६८ लाख ११ हजार, राजस्व रु.२ करोड २३ लाख ३५ हजार, धरौटी रु.८ करोड ५२ लाख ८८ हजार र अन्य कारोवार रु.१२ करोड ४३ लाख ६७ हजार समेत रु.३ अर्ब १० करोड ८८ लाख १ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी** : प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा उल्लेख भएको कृषि, कृषि उत्पादन, पशु विकास तथा खाद्य पोषण, चरण तथा खर्क, भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नाप जाँच, भूमिसुधार, भू-उपयोग, वर्गीकरण तथा चक्लाबन्दी, जग्गा दर्ता, रजिष्ट्रेशन, जग्गाधनी प्रमाण पूर्जा, दाखिल खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा लगायतका कार्य हुन बाँकी छ । कार्यतालिका बनाई तोकिएको जिम्मेवारी पुरा गर्नुपर्दछ ।

२. **बजेट वक्तव्यको कार्यान्वयन** : यो वर्षको बजेट वक्तव्यमा उल्लेख भएको कृषि पेसामा संलग्न कृषक समूह, सहकारी, उद्यमी, व्यवसायीलाई सम्मान्, एक स्थानीय तह एक विशेष उत्पादन कार्यक्रम, २०० युवालाई व्यवहारिक र सैद्धान्तिक तालिम उपलब्ध गराई कृषि स्वयंसेवकको रूपमा कृषि व्यवसायमा संलग्न गराउने, कृषि ऋणमा व्याज अनुदान दिने, पशुपालन क्षेत्रको विकासको लागि चीनबाट गाई र गाईको प्रविधि भित्र्याउने, स्थानीय/रैथाने बालीमा आधारित घरेलु खाद्य परिकार उद्योग स्थापना एवं संचालन गर्ने लगायतका कार्य कार्यान्वयन भएका छैनन् । बजेटमा उल्लिखित विषयको कार्यान्वयन गर्नुपर्दछ ।

३. **अनुदानमा एकद्वार नीति** : प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ को बूँदा नं.८ मा दोहोरो हुने गरी अनुदान उपलब्ध गराउन नसकिने व्यवस्था छ । कृषि, पशु तथा मत्स्य विकास कार्यक्रमको अनुदान एकद्वार प्रणालीबाट संचालन हुँदा पारदर्शिता हुने र दोहोरो वितरणको अवस्था रहँदैन । यस वर्ष मन्त्रालय र मातहतका निकायबाट रु.१ अर्ब ६५ करोड ६७ लाख अनुदान प्रदान गरेको छ । संघीय सरकार, प्रदेश मन्त्रालय, पशु तथा मत्स्य विकास निर्देशनालय, कृषि विकास निर्देशनालय, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तथा स्थानीय तह समेतबाट स्पष्ट नीति तथा कार्यक्रम र सीमा निर्धारण नगरी एकै प्रकृतिका अनुदान कार्यक्रम एकभन्दा बढी निकायबाट दिने गरेको र दिएको अनुदानको केन्द्रिकृत अभिलेख राख्ने नगरेबाट एकै कृषक पटक पटक लाभग्राही हुने अवस्था छ । साथै अनुदानबाट कृषकको आयस्तरमा परेको प्रभाव, कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि तथा रोजगारी श्रृजना लगायतका विषयमा अनुमगन भएको छैन । स्पष्ट कार्यक्रम र नीति तथा सीमा निर्धारण गरी एकद्वार प्रणालीबाट अनुदान दिने र दिएको अनुदानको उपयोग र उपलब्धि सम्बन्धमा पारदर्शिता कायम गर्नुपर्दछ ।

४. **अनुदान कार्यविधि** : संघीय संसद राष्ट्रिय सभा प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको वार्षिक प्रतिवेदन, २०७६ मा विधायिकी अधिकार संसदमा मात्र निहित हुने, संसदले बनाएको कानुनमा प्रत्यायोजित अधिकार प्रदान गर्न सकिने व्यवस्था रहेको साथै प्रत्यायोजित अधिकार अन्तर्गत बनेका दस्तावेजहरूमध्ये कुन कानुनको कुन दफाले दिएको अधिकार प्रयोग गरी प्रत्यायोजित विधायन बनाइएको हो स्पष्ट नखुलाई जारी भएका निर्देशिका वा कार्यविधि र मापदण्डले कानूनी हैसियत प्राप्त गर्न नसक्ने व्यहोरा उल्लेख छ । मन्त्रालयले अनुदान वितरणका लागि जारी गरेका कार्यविधिहरुमा प्रत्यायोजित विधायनको स्रोत खुलाएको छैन । समितिको उल्लिखित प्रतिवेदन अनुसार कानूनी आधार उल्लेख नगरी जारी भएका ती कार्यविधिले कानूनी हैसियत प्राप्त गरेको मान्न मिल्ने देखिएन । यसरी कानूनी हैसियत प्राप्त नहुने कार्यविधिको आधारमा यो वर्ष मन्त्रालय र मातहतका निकाय समेतबाट रु.१ अर्ब ६५ करोड ६७ लाख अनुदान उपलब्ध गराएको छ । अनुदान वितरणलाई कानुनसम्मत् बनाउनु पर्दछ ।

५. **शीत भण्डार निर्माण** : शीतभण्डार निर्माण तथा संचालन कार्यविधि, २०७५ अनुसार छनौट भएका सहकारी संस्थासँग ३० देखि ५० प्रतिशतसम्म लागत सहभागिता हुने गरी मकवानपुर, चितवन, सिन्धुली लगायत ८ जिल्लाका ११ सहकारी संस्थासँग शीत भण्डार निर्माणको लागि रु.१ अर्ब १ करोड २९ लाख ३९ हजारको सम्झौता भई यो वर्ष रु.२१ करोड ५१ लाख १० हजार भुक्तानी भएको छ । यस सम्बन्धमा निम्नानुसार देखिएको छः-

५.१. सम्झौता अनुसार विभिन्न ५ सहकारी संस्थाले व्यहोर्नुपर्ने लागत सहभागिता वापतको रु.३ करोड ५० लाख ३६ हजार जिरी र कालिका नगरपालिका तथा लिसंखुपाखर, इन्द्रावती, सुनकोशी गाउँपालिकाले मन्त्रालयको विविध खातामा जम्मा गरेको छ । सहकारी संस्थाले व्यहोर्नुपर्ने लागत सहभागिताको रकम स्थानीय तहले उपलब्ध गराएको कारण एकै प्रयोजनको लागि दुई निकायबाट अनुदान प्रदान भएको छ । कार्यविधिमा भएको व्यवस्था तथा लागत सहभागिता हुने गरी गरेको सम्झौताको पालना नगर्ने ती सहकारी संस्थालाई निर्माण भई रहेको शीत भण्डार संचालनको जिम्मा दिन मिल्ने देखिँदैन । मन्त्रालयले सहकारीसँग भएको सम्झौताको पुनरावलोकन गरी ती शीत भण्डार मन्त्रालय वा स्थानीय तहको स्वामित्वमा रहने व्यवस्था मिलाउनु पर्दछ ।

५.२. सहकारीसँगको साझेदारीमा नुवाकोट जिल्लामा शीत भण्डार निर्माणका लागि रु.४० करोड २५ लाख ५० हजारको सम्झौता भएकोमा निर्माण व्यवसायीलाई यो वर्ष रु.५ करोड १ लाख ७१ हजार भुक्तानी भएको छ । निर्माण व्यवसायीले पेस गरेको ठेक्का सम्बन्धी बिल तथा नापी किताब परीक्षण गर्दा बेलकोटगढी स्थित शीत भण्डार निर्माणको रु.२ करोड ५१ लाख १ हजार र विदुर नगरपालिका स्थित शीत भण्डार निर्माणको रु.२ करोड ४५ लाख १४ हजारसमेत रु.४ करोड ९६ लाख १५ हजारको मात्र कार्य भएकोमा प्रथम रनिङ बिलबाट रु.५ लाख ५६ हजार बढी भुक्तानी भएको छ । बढी भुक्तानी रकम असुल गर्नुपर्दछ ।

५.३. सम्झौतामा समावेश प्रोभिजनल समको रकम बिलको आधारमा भुक्तानी गर्नुपर्नेमा एक निर्माण व्यवसायीलाई बीमा पोलिसी र प्रिमियम तिरेको रसिद संलग्न नगरी रु.१८ लाख भुक्तानी गरेको छ । वीमा पोलिसी र प्रिमियम तिरेको कागजात पेश हुनुपर्दछ ।

६. **कन्टिन्जेन्सी खर्च** : प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ को नियम ५ अनुसूची-१ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्कचार्ज स्टाफ खर्च र सानातिना अन्य खर्चमा ४ प्रतिशत कन्टिन्जेन्सी व्यवस्था गर्न सकिने उल्लेख भएपनि सो रकम खर्च गर्ने, अभिलेख राख्ने एवं प्रतिवेदन गर्ने कार्यविधि तोकिएको छैन । यो वर्ष मन्त्रालय र मातहत कार्यालयले स्थलगत निरीक्षण, इन्धन तथा सूचना प्रकाशन लगायत कार्यमा रु.७५ लाख ११ हजार कन्टिन्जेन्सी खर्च लेखेको छ । कार्यविधि बनाई कन्टिन्जेन्सी खर्चलाई व्यवस्थित गर्नुपर्दछ ।

साथै कृषकलाई दिने अनुदानबाट कन्टेन्जेन्सी कट्टा गर्ने व्यवस्थाको उपयुक्तता अध्ययन गरी पुनरावलोकन गर्नु पर्दछ।

७. **प्रचार प्रशार खर्च :** स्वीकृत वार्षिक कार्यक्रम भित्रको कार्य सार्वजनिक खरिद, कानुन बमोजिम प्रतिस्पर्धात्मक विधिबाट गराउनु पर्नेमा मन्त्रालयले वार्षिक कार्यक्रममा नभएको मन्त्रालयको गतिविधि प्रकाशन, सञ्चालित कार्यक्रम र अनुदान सहयोगबाट भएका क्रियाकलाप सम्बन्धी वृत्तचित्र निर्माण गराई टेलिभिजन र पत्रपत्रिका लगायतका २० सञ्चार माध्यमलाई रु.४७ लाख ५५ हजार भुक्तानी दिएको छ । उक्त कार्य नियमित र प्रतिस्पर्धी देखिएन ।

८. **घरजग्गा रजिष्ट्रेशन शुल्क :** प्रदेश आर्थिक ऐन, २०७६ को दफा २ मा मालपोत कार्यालयलाई घरजग्गा रजिष्ट्रेशन शुल्क वापत प्राप्त रकमको २ प्रतिशतले हुन आउने रकम भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई पठाउनुपर्ने व्यवस्था छ । बागमती प्रदेशमा रहेका १७ मालपोत कार्यालयबाट मन्त्रालयलाई प्राप्त हुनुपर्ने रकम मन्त्रालयले यकिन गरी अभिलेख राखेको छैन । मालपोत कार्यालय काभ्रे पलाञ्चोक, मकवानपुर, कलंकी र साँखुबाट प्राप्त भएको रु.२ करोड ८८ लाख २० हजार मन्त्रालयले विविध कोष खातामा जम्मा गरेको रकम लेखापरीक्षणबाट राजस्व खातामा दाखिला गर्नुपर्ने व्यहोरा औंल्याएपछि दाखिला गरेको छ । अन्य १३ मालपोत कार्यालयबाट रजिष्ट्रेशन शुल्क प्राप्त भएको छैन । सो सम्बन्धमा खोजी गरी राजस्व दाखिला गराउनु पर्दछ ।

९. **मूल्य अभिवृद्धि कर** : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (ग) मा सम्झौता अनुसारको रकम भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर रकमको ५० प्रतिशत कट्टा गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ । यो वर्ष मन्त्रालय अन्तर्गतका ८ निकायले विभिन्न फर्म तथा कम्पनीलाई ५० प्रतिशत मूल्य अभिवृद्धि कर कट्टा नगरी रु.१२ लाख २७ हजार भुक्तानी दिएका छन् । उक्त रकम सम्बन्धित खातामा दाखिला भएको सुनिश्चत गर्नुपर्दछ ।

कृषि विकास निर्देशनालय

१०. **दुई निकायबाट अनुदान** : वृहत्तर स्याउ विकास तथा विस्तार कार्यक्रमका लागि छनौट भएको एक कृषक समूहलाई लागत रु.१ करोड ३८ लाख भएको १२ हजार स्याउका बोटको लागि निर्देशनालयले रु.६९ लाख अनुदान दिएको छ । अनुदान सम्झौतामा कुल लागत रकमको ५० प्रतिशत अनुदान प्रदेश सरकारको हुने र कार्य सम्पन्न भएको प्रतिवेदन तथा फोटो सहित पेश भएमा निर्देशनालय वा निर्देशनालयले तोकेको निकाय वा व्यक्तिबाट स्थलगत निरीक्षण भई सिफारिस भए बमोजिम अनुदान उपलब्ध गराउने उल्लेख छ । सम्बन्धित वडा कार्यालयबाट भएको स्थलगत निरीक्षण प्रतिवेदनमा सो कार्यको लागि निर्देशनालयबाट रु.६९ लाख र कृषि ज्ञान केन्द्र नुवाकोटबाट रु.१५ लाख अनुदान उपलब्ध भएको उल्लेख छ ।

एउटै कार्यको लागि प्रदेश सरकारको मातहतकै अर्को निकायबाट अनुदान प्रदान भएकोमा समेत निर्देशनालयले पुनः अनुदान उपलब्ध गराएको छ । कृषक समूहले बेहोर्नु पर्ने ५० प्रतिशत मध्येको रकम कृषि ज्ञान केन्द्रबाट उपलब्ध गराएको अवस्थामा निर्देशनालयले उक्त रकम घटाई नपुग रकम मात्र दिनुपर्नेमा पुरै रकम भुक्तानी दिएकोले सम्झौताको कार्यान्वयन भएको देखिएन । सम्झौता अनुसार प्रदेश सरकारको ५० प्रतिशत अर्थात् रु.६९ लाख मात्र सहयोग उपलब्ध गराउनु पर्नेमा दुई निकायबाट रु.८४ लाख भुक्तानी भएको छ । बढी अनुदान दिएको रु.१५ लाख असुल गर्नुपर्दछ।

११. **सौर्य सिँचाई कार्यक्रम** : मागमा आधारित सौर्य सिँचाई कार्यक्रम संचालनका लागि छनौट भएका १०० मध्ये यस वर्ष ९६ कृषक तथा समूहलाई रु.५ करोड ५३ लाख ४१ हजार अनुदान उपलब्ध गराएको छ । यस सम्बन्धमा निम्नानुसार देखिएको छ :

११.१. अनुदान प्राप्त गर्ने ९६ कृषक तथा समूह मध्ये चितवनका ७२, मकवानपुरका १८ र अन्य जिल्लाका ६ रहेका छन् । वितरण भएको अनुदानमध्ये ९५.६२ प्रतिशत अर्थात् रु.५ करोड २९ लाख १८ हजार चितवन तथा मकवानपुर र बाँकी अन्य जिल्लाका कृषक तथा समूहले प्राप्त गरेका छन् । अनुदान वितरण भौगोलिक रूपमा सन्तुलित नभै निश्चित जिल्लाका कृषकहरू मात्र लाभान्वित भएको देखिन्छ । अनुदान वितरण गर्दा प्रदेशका सबै जिल्लाका कृषकहरूको समान पहुँच हुने व्यवस्था गर्नुपर्दछ ।

११.२. सौर्य सिंचाईको लागि आवश्यक सामग्री आपूर्तिको लागि निर्देशनालयले दररेट पेश गर्न सूचना आव्हान गरेकोमा १२ आपूर्तकको प्रस्ताव परेको छ । प्राप्त प्रस्ताव मूल्याङ्कन गर्ने समितिले धरौटी नराखेको एवं अन्य आवश्यक कागजात पेश नगरेको बाहेक ४ आपूर्तकहरू मात्र योग्य देखिएको प्रतिवेदनको आधारमा ती आपूर्तकहरू छनौट गरेको छ । छनौटमा नपर्ने आपूर्तकहरूले मन्त्रालयमा पुनरावलोकन गरेकोमा दररेट सूचीकृत गर्न धरौटी आवश्यक नपर्ने र समितिले नपुग भनेको कागजात आवश्यक नपर्ने निर्णय गरे अनुसार दररेट सूचीकृतको लागि प्रस्ताव पेश गर्ने सबै आपूर्तकलाई योग्य कायम गरी खरिद प्रक्रियामा समावेश गरेको छ । प्रस्ताव आव्हान गर्दा माग भएको आधिकारिक डिलर तथा सर्भिस सेन्टर दर्ता सम्बन्धी कागजात आवश्यक नपर्ने गरी मन्त्रालयबाट भएको निर्णय उचित देखिएन । साथै मन्त्रालयले पुनरावलोकन गर्ने कानूनी आधार समेत देखिएन ।

अन्य कार्यक्रममा लाभग्राहीले बढी मूल्यमा खरिद गरे पनि प्रतिस्पर्धाबाट प्राप्त दरमध्ये न्यूनतम दरलाई आधार दर कायम गरी सोभन्दा बढी नहुने गरी तोकिएको प्रतिशतले हुने अनुदान प्रदान गर्ने व्यवस्था भएअनुसार यस कार्यक्रमको लागि पनि सूचीकृत भएका १२ आपूर्तकमध्ये सबैभन्दा घटि दर पेश गर्नेको आधारमा ८० प्रतिशत अनुदान दिनुपर्नेमा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रले तोकेको अधिकतम दरभन्दा कम भएका सबै आपूर्तकबाट खरिद गर्न सक्ने कार्यविधि बनाई न्यूनतमभन्दा बढी दररेट भएका विभिन्न ५ आपूर्तकबाट खरिद गरेको विलको आधारमा ६४ अनुदानग्राहीलाई न्यूनतमभन्दा बढी दरमा अनुदान प्रदान गरेको कारण रु.१ करोड थप व्ययभार परेको छ ।

१२. **संस्था तोकेर निकासा** : सार्वजनिक खरिद कानुन बमोजिमको प्रक्रिया अवलम्बन गरी कार्यक्रम संचालन गर्नुपर्नेमा मन्त्रालयबाट कार्यक्रम तथा संस्था तोकेर अख्तियारी प्राप्त भएअनुसार निर्देशनालयले एक निजी लिमिटेडसँग सोझै सम्झौता गरी प्राङ्गारिक मल उत्पादन तथा कृषि सम्बन्धी तालिमको लागि रु.१ करोड ३७ लाख ४५ हजार भुक्तानी दिएको छ । छनौट प्रक्रिया पुरा नगरी सिधै संस्था तोकेर कार्यक्रम संचालन गरेको कानुन सम्मत देखिएन ।

१३. **दोहोरो अनुदान :** प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ को बूँदा नं.८ मा दोहोरो हुने गरी अनुदान उपलब्ध नगराउने व्यवस्था छ । निर्देशनालयले काठमाडौं दक्षिणकालीको एक संस्थालाई ढुवानीको लागि रु.२८ लाख ६५ हजार मूल्यको एक थान ट्रक उपलब्ध गराएकोमा पुनः सोही संस्थालाई ढुवानी कै लागि रु.२२ लाख ६० हजार मूल्यको पिकअप समेत दिएको छ । एकै संस्था तथा कृषक समूहलाई सोही प्रकारका कार्यमा पटक पटक अनुदान दिंदा अनुदानबाट पहुँच भएका निश्चित वर्ग तथा समुदाय मात्र लाभान्वित हुने जोखिम देखिएकोले यस्तो कार्य अवस्था नियन्त्रण गर्नुपर्दछ ।

१३.१. यस वर्ष निर्देशनालयले बेलकोटगढी, नुवाकोटका एक सहकारी संस्थालाई रु.२८ लाखको ट्रक अनुदानमा उपलब्ध गराएकोमा सोही संस्थालाई पुनः लिफ्ट सिँचाई कार्यक्रमबाट रु.३० लाख ७६ हजार र साना कृषि यन्त्र उपकरण कार्यक्रमबाट रु.१ लाख १३ हजार अनुदान उपलब्ध गराएको छ । दोहोरो अनुदान दिने कार्य नियन्त्रण हुनुपर्दछ ।

१४. **सवारी दर्ता र स्वामित्व हस्तान्तरण :** निर्देशनालयले रु.१ करोड ८० लाख ८० हजारका ८ सिंगल क्याव पिकअप, रु.८२ लाख ९५ हजारको ३ फुल बडी ट्रक र रु.११ लाख ५० हजारको एक ट्रयाक्टर समेत १२ सवारी साधन खरिद गरी विभिन्न ११ कृषक समूहलाई ती सवारी साधनहरूको स्वामित्व पूर्ण रूपमा समूहकै हुने गरी वितरण गरेको छ । कृषक समूह तथा संस्थाको नाममा नामसारी गर्दा उक्त सवारी साधन बिक्री गर्नुपर्ने अवस्थामा निर्देशनालयको स्वीकृति लिनुपर्ने व्यवस्था गरेको छैन । सवारी साधन वितरण गर्दा निर्देशनालयको सहमती बेगर कृषक समूहले सवारी साधनको स्वामित्व अन्यत्र हस्तान्तरण गर्न नसक्ने व्यवस्था गर्नुपर्दछ । साथै अनुदानमा प्राप्त सवारी साधनहरूबाट सबै सेवाग्राहीले सरल र सुलभ दरमा सेवा पाएको सुनिश्चित गर्नुपर्दछ ।

१५. **अन्य निकायबाट अनुदान :** प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ को बूँदा नं.८ मा दोहोरो हुने गरी अनुदान उपलब्ध गराउन नसकिने व्यवस्था छ । देहायका कृषक समूह तथा निकायले संघ, प्रदेश तथा स्थानीय सरकारबाट सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गरेको व्यहोरा निर्देशनालयको स्थलगत अनुगमन प्रतिवेदनमा उल्लेख छ ।

सि नं	अनुदान पाउने संस्था	प्रस्ताव पेश भएकोमा सोको अनुगमनमा देखिएका व्यहोराहरू	निर्देशनालयबाट यस वर्ष पाएको
१	हिमालयन पोटेटो रिसर्च एण्ड एग्रो डेभलपमेन्ट सेन्टर, गोकुलगंगा ३	प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन ईकाई जोनबाट सहयोग उपलब्ध भएको उल्लेख गरेकोमा के कति परिमाणमा सहयोग भएको हो नखुलाएको ।	५० प्रतिशत अनुदानमा रु.२८ लाख ६५ हजार को एक थान फुल बडि ढुवानी ट्रक ।
२	वर पिपल कृषि सहकारी संस्था लि., बेलकोटगढी	प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन ईकाई जोनबाट ३१ थान मिनिटिलर, बेलकोटगढी नगरपालिकाबाट चिलिङ्ग भ्याट र अक्सफामबाट रु २ लाख सहयोग प्राप्त गरेको	५० प्रतिशत अनुदानमा रु.२८ लाख ६५ हजार को एक थान फुल बडि ढुवानी ट्रक
३	श्रीकृष्ण सहकारी संस्था लिमिटेड, दक्षिणकाली	स्थानीय तहबाट तरकारी संकलन केन्द्रका लागि भवन निर्माणाधीन अवस्थामा रहेको, विभिन्न निकायबाट विभिन्न पटकमा गरी ६ थान ट्रयाक्टर प्राप्त गरेको	५० प्रतिशत अनुदानमा रु.२८ लाख ६५ हजार को एक थान फुल बडि ढुवानी ट्रक र रु.२२ लाख ६० हजारको सिंगल क्याव पिकअप
४	अम्बाटार कृषक समूह, कैलाश	प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन ईकाई जोनबाट अदुवा जोन घोषणा	५० प्रतिशत अनुदानमा रु.११ लाख ५० हजार को एक थान

		तथा पाँच क्विन्टल बीउ उपलब्ध गराएको	ट्रयाक्टर
५	बज्रबाराही कृषि सहकारी संस्था, नमोबुद्ध २	कृषि ज्ञान केन्द्र र सिप्रेडबाट सिमेन्टेड पोखरी, टनेल निर्माण र बिउवीजन तथा किसान दुई परियोजनाबाट प्राविधिक तालिम र बिउवीजन प्राप्त गरेको	५० प्रतिशत अनुदानमा रु.२२ लाख ६० हजारको सिंगल क्याव पिकअप
६	मानेथोक कृषि समूह नुवाकोट	प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन ईकाई जोनबाट पलाष्टिक टनेल, ट्रयाक्टर, मिनिटिलर जस्ता उपकरण प्राप्त गरेको	५० प्रतिशत अनुदानमा रु.२२ लाख ६० हजारको सिंगल क्याव पिकअप
७	नमुना कृषि बहुमुखी सहकारी संस्था, मनहरी ३	प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन ईकाई जोन र कृषि ज्ञान केन्द्रबाट सहयोग उपलब्ध भएको उल्लेख भएकोमा के कति परिमाणमा सहयोग भएको हो सो नखुलाईएको	५० प्रतिशत अनुदानमा रु.२२ लाख ६० हजारको सिंगल क्याव पिकअप
८	सप्तभूमे रिसर्च एण्ड डेभलपमन्ट सेन्टर, गोकुलगंगा ३	राष्टिय फलफुल विकास केन्द्रबाट किवी खेतीको लागि रु ४५ लाख सहयोग प्राप्त भएको र अन्य संघ संस्थाबाट भएको सहयोग नखुलेको	५० प्रतिशत अनुदानमा रु.२२ लाख ६० हजारको सिंगल क्याव पिकअप
९	हिमगिरी पर्यामैत्री कृषि सहकारी लि., बौद्ध काठमाडौं	एक संस्थाबाट ५० प्रतिशत अनुदानमा किवी बिरुवा र जिल्ला कृषि विकास कार्यलयबाट प्राविधिक सहयोग भएको	५० प्रतिशत अनुदानमा रु.२२ लाख ६० हजारको सिंगल क्याव पिकअप
१०	ब्रह्मयानी कृषक समूह बलेफी २	प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन ईकाई जोनबाट मकैको मुल बीउ, वल्ड भिजनबाट मेसिन औजार र कृषि ज्ञान केन्द्रबाट कृषि सडक निर्माण, ४० थान मिनिटिलर, ४ वटा अलैची भट्टी निर्माण तथा मेज सेलर प्राप्त भएको	५० प्रतिशत अनुदानमा रु.२२ लाख ६० हजारको सिंगल क्याव पिकअप

निर्देशनालयले एक निकायबाट अनुदान प्राप्त गरेका उल्लिखित संस्थाहरू छनौट गरी पुनः अनुदान उपलब्ध गराएको छ । एउटै समूह, व्यक्ति तथा संस्थालाई मात्र अनुदान दिने नीतिगत तथा व्यवहारिक पक्षमा सुधार गर्नुपर्दछ ।

१६. **खरिद प्रक्रियाको पालना :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार जटिल प्राविधिक क्षमता आवश्यक पर्ने कार्य उपभोक्ता समितिबाट गराउन नहुने व्यवस्था छ । नियमावलीमा उपभोक्ता समितिबाट मालसामान खरिद कार्य गर्न सकिने व्यवस्था समेत रहेको छैन । साथै प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ मा अनुदान रकमबाट वस्तु तथा सेवा खरिद गर्दा सार्वजनिक खरिद कानुन बमोजिम गर्नुपर्ने उल्लेख छ । मन्त्रालयले उपर्युक्त व्यवस्थासँग बाझिने गरी लिफ्ट सिंचाई निर्माणको कार्य उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्ने र योजनाको लागि आवश्यक सोलार प्यानल सहितका मालसामान समेत उपभोक्ता समितिमार्फत नै खरिद गर्न सक्ने गरी लिफ्ट सिचाई कार्यक्रम संचालन कार्यविधि, २०७६ स्वीकृत गरेको छ । कार्यविधि अनुसार ५५ उपभोक्ता समिति मार्फत रु.१५ करोड २० लाख ५५ हजारको सोलार प्यानल सोझै खरिद गरी सामान आपूर्तिकर्ताबाट जडान गराएका छन् । प्रतिस्पर्धा सीमित हुने गरी उपभोक्ता समिति मार्फत सामान खरिद गरी कार्य गराउनाले नियमावलीको व्यवस्था पालना भएको छैन ।

१७. **कोल्ड च्याम्बर/कोल्ड स्टोर निर्माण कार्यक्रम :** प्रदेशमा स्वरोजगारीको अवसर सृर्जना गर्ने उद्देश्यले सञ्चालित यस कार्यक्रममा रु.१ करोड ४२ लाख खर्च भएकोमा निम्नानुसार देखिएको छः

१७.१. कोल्ड च्याम्बर/कोल्ड स्टोर निर्माण कार्यक्रम संचालन कार्यविधि, २०७६ मा अनुदानको लागि आवेदन गर्दा संस्था दर्ताको प्रमाणपत्र, प्यान दर्ताको प्रमाण, मापदण्ड अनुसार कम्पनीको नाममा जग्गा

नभएको भए कम्तीमा १५ वर्षको करार सम्झौता गरी भोगाधिकार प्रमाण, प्रस्तावित लागत जुटाउन सक्ने आधार, लेखापरीक्षण प्रतिवेदन, सेवा प्रदान गर्ने क्षेत्रका कृषि उपज उत्पादक कृषकहरूका संस्थासँग कोल्ड च्याम्बर/कोल्ड स्टोरबाट दिने सेवा सम्बन्धी सम्झौता तथा शर्तहरू लगायतका कागजात पेश गर्नुपर्ने उल्लेख छ । कार्यक्रमबाट अनुदान प्राप्त गर्ने सहकारी संस्थाको अभिलेख परीक्षण गर्दा उल्लिखित कागजातहरू पेश गरेको देखिएन । न्यूनतम आवश्यक कागजात पेश नगरेका ३ संस्थालाई अनुदान ग्राहीको रूपमा छनौट गरी रु.८० लाख ३० हजार अनुदान प्रदान गरेकोले कार्यविधिको पालना नगरी खर्च भएको छ ।

१७.२. अनुदानको लागि छनौट गरेको एक सहकारी संस्थाले तरकारी तथा कृषि उपज संकलन केन्द्र भवन निर्माण गर्न साविकमा गाउँ विकास समितिले अनुमति दिएको कागजात पेश गरेको छ । तरकारी तथा कृषि उपज संकलन केन्द्र बनाउन अनुमति पाएको जग्गा सोही प्रयोजनमा उपयोग गर्नुपर्नेमा पालिकाको सहमतिसमेत नलिई कोल्ड च्याम्बर बनाउने प्रयोजनको लागि सिफारिस पेश गरेको आधारमा उक्त संस्थालाई अनुदानको लागि छनौट गरी निर्देशनालयले रु.१४ लाख ७१ हजार अनुदान दिएको छ । उक्त संस्थाले पाँचखाल नगरपालिकाबाट रु.२ लाख, किसान दुई परियोजनाबाट रु.७ लाख २० हजार प्राप्त भएको र संस्थाको लागत सहभागिता रु.१४ लाख ८० हजार रहने उल्लेख छ । सहकारीको आफ्नो जग्गा नभएको र लिज सम्झौता समेत पेश नगरेकोमा पनि निर्देशनालयले अनुदान उपलब्ध गराएको नियमसम्मत देखिएन । एकै कार्यका लागि विभिन्न निकायबाट अनुदान उपलब्ध गराएको देखिएकोले प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ बमोजिम एकद्वारबाट अनुदान दिने व्यवस्था हुनुपर्दछ ।

१८. **सोझै खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमीत हुनेगरी टुक्राटुक्रा पारी खरिद कार्य गर्न नहुने उल्लेख छ । निर्देशनालयले पटक पटक गरी रु.४१ लाख ६८ हजारको मेशिनरी औजार, फर्निचर लगायत सोझै खरिद गरेको छ । कानुनी व्यवस्थाको पालना गरी प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्दछ ।

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

१९. **क्षेत्र छनौट :** सरकारले कुनै स्थान वा जिल्लालाई निश्चित कार्यक्रम संचालनको लागि खास क्षेत्रको रूपमा घोषणा नगरेको अवस्थामा प्रदान गर्ने अनुदानमा प्रदेशभित्रका संभाव्य सबै कृषक एवं समूहको समान पहुँच हुनुपर्नेमा मन्त्रालयले साझेदारीमा नमुना गाईपालन कार्यक्रम स्वीकृत गर्दा छनौटको आधार नखुलाई चितवन, काठमाण्डौ, रामेछाप र सिन्धुली जिल्ला तोकी कार्यक्रम र खर्च गर्ने कार्यविधि स्वीकृत गरेको छ । सोही कार्यविधिको आधारमा निर्देशनालयले चितवन, सिन्धुली र काठमाडौंका तीन फर्मलाई रु.१ करोड २४ लाख ६१ हजार अनुदान प्रदान गरेको छ । अनुदानमा इच्छुक सबैको पहुँच सुनिश्चित गर्नुपर्दछ ।

२०. **अनुदानग्राही छनौट :** साझेदारीमा नमुना गाईपालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ मा साझेदारी कार्यक्रम दुग्ध सहकारी र नीजि क्षेत्रमार्फत संचालन गर्ने र सो प्रयोजनको लागि सहकारीको हकमा ७५ दुहुना गाई हुनुपर्ने र प्राप्त प्रस्ताव मूल्याङ्कन गर्दा न्यूनतम ५० अङ्कभन्दा बढी अङ्क प्राप्त गरेका आवेदकहरूलाई मात्र छनौटको लागि सिफारिस गर्नुपर्ने व्यवस्था छ । प्रस्तावको सूचना अनुसार सिन्धुली जिल्लाबाट दुई संस्थाको प्रस्ताव दर्ता भएको छ । दुईमध्ये एक संस्थाको गाई नै

नभएको र अर्को संस्थाको माउ गाई १०० रहेको उल्लेख गरी भेटनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र सिन्धुलीको सिफारिस पत्र प्राप्त भएको छ ।

निर्देशनालयले स्थलगत अनुगमन गर्दा गाईको संख्या कम रहेको जनाई सो बापत पाउने अङ्क दिएको छैन । दुबै प्रस्तावमा सडक, विजुली, पानीको सुविधा सम्बन्धमा स्थानीय निकायबाट गरेको सिफारिस नरहेकोमा एक संस्थालाई मात्र १० अङ्क प्रदान गरेको, वित्तीय क्षमता मूल्याङ्कनको लागि बैङ्कको लेटर अफ ईन्टेण्ट वा बैङ्क स्टेटमेण्ट दुबैले पेश नगरेको, सोही संस्थालाई यस बापतको ५ अङ्क प्रदान गरी प्रमाणबेगर १५ अङ्क थप गरी ५५ अङ्क प्रदान गरी अनुदानको लागि छनौट गरेको छ । प्रमाण बेगरको अङ्क नदिंदा उक्त संस्था अनुदानको लागि योग्य नहुनेमा अनुदानको लागि छनौट गरी पेश गरेको बिलको आधारमा रु.४७ लाख ८५ हजार अनुदान दिएको देखिएकोले छनौट प्रक्रिया निष्पक्ष देखिएन । छनौट प्रक्रियालाई निस्पक्ष बनाउनुका साथै अनुदान उपयोग भएको सुनिश्चित गर्नुपर्दछ ।

२०.१. साझेदारीमा नमूना गाईपालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ ले दुग्ध सहकारी मात्र अनुदानमा सहभागी हुन सक्ने व्यवस्था छ । कार्यविधिको मापदण्ड अनुसार अनुदान कार्यक्रममा सहभागीनै हुन नपाउने सिन्धुली जिल्लाको एक कृषि सहकारी संस्थाको मन्त्रालयबाट अनुगमन गरी दिएको प्रतिवेदनमा रु.७० लाख ८२ हजारको मात्र कार्य सम्पन्न गरेको उल्लेख छ । कार्यविधि अनुसार उक्त संस्थालाई कार्यसम्पन्न रकमको ५० प्रतिशतले हुने रु.३५ लाख ४१ हजार मात्र अनुदान दिन मिल्नेमा रु.४७ लाख ८५ हजार दिएकोले बढी भुक्तानी दिएको रु.१२ लाख ४४ हजार असुल गर्नुपर्दछ ।

२१. **परामर्शदातालाई अनुदान** : अनुदान उपलब्ध गराउँदा सम्बन्धित क्षेत्रको लक्षित समूहलाई उपलब्ध गराउनु पर्नेमा निर्देशनालयले रेन्वो ट्राउट मत्स्य विकास तथा विस्तार कार्यक्रमबाट व्यवसायिक माछापालनभन्दा फरक उद्देश्यले दर्ता भएको अध्ययन अनुसन्धान सम्बन्धी परामर्श सेवा प्रदान गर्ने फर्मलाई रु.१२ लाख ३८ हजार अनुदान दिएको छ । निर्देशनायलयले उक्त अनुदानबाट निर्धारित कार्य सम्पन्न भई व्यवयायिक रूपमा ट्राउट पालन तथा बिक्री गरेको सुनिश्चित हुने प्राविधिकको अनुगमन प्रतिवेदन समेत लिएको छैन । व्यवसायिक उद्देश्य फरक भएको र अनुदानको लक्षित समूहसमेत नरहेका परामर्श सेवा प्रदायकलाई माछा व्यवसायीको लागि राखिएको कार्यक्रमबाट अनुदानग्राहीको रूपमा छनौट गरी भुक्तानी दिन मिल्ने नदेखिएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

२२. **उपकरण खरिद** : प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ को बूँदा नं.१४(च) अनुसार अनुदान रकमबाट प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्नेमा पशु आहारा उद्योग स्थापना कार्यविधि, २०७६ अनुसार साझेदार संस्थाहरूले रु.२० लाख ५० हजारको डबलक्याव पिकअप, रु.३४ लाख ३५ हजारको टुलटिप, रु.३५ लाख ५० हजारको दाना उद्योगको मेसिन, रु.३४ लाख ५० हजारको साईलेज प्याकिङ्ग मेसिन, रु.१० लाख २० हजारको साईलेज कभरेज हार्भेष्टर मेसिन र रु.१७ लाखको ट्याक्टर सोझै खरिद गरेको बिलको आधारमा ५० प्रतिशतले हुने रु.७६ लाख २ हजार अनुदान दिएको छ । कार्यविधी अनुसार सामानहरूको स्पेसिफिकेशन कार्यालयमा पेश गरी स्वीकृति समेत लिएको छैन ।

२२.१. पशु आहार उद्योग स्थापनाको लागि आवश्यक उत्पादन उपकरणमा अनुदान दिने वार्षिक कार्यक्रम तथा नीति भएता पनि अनुदानबाट व्यक्तिगत सुविधामा प्रयोग हुने रु.२० लाख ५० हजार मूल्यको

डबल क्याव पिकअप खरिद गरेको बिलको आधारमा एक अनुदानग्राहीलाई रु.१० लाख २५ हजार अनुदान प्रदान गरेको उचित देखिएन ।

२३. **प्रस्ताव मूल्याङ्कन :** साझेदारीमा चौरी प्रजनन तथा स्रोत केन्द्र विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ को बूँदा नं.६ मा दोलखा जिल्लाको कालिन्चोकमा चौरी पालक कृषक समूह/सहकारी/निजी क्षेत्रसँगको पचास प्रतिशत लागत साझेदारीमा संचालन गरिने उल्लेख छ । दोलखा जिल्लाको कालिन्चोक गाउँपालिकाको एक र भीमेश्वर नगरपालिकाको दुई गरी तीन समूहबाट प्रस्ताव पेश भएकोमध्ये भीमेश्वर नगरपालिकाको एक प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरी रु.५९ लाख ५० हजार भुक्तानी गरेको छ । उक्त परामर्शदाताले विभिन्न कृषक समूहसँगको साझेदारी गरी १४५ भन्दा बढी चौरी रहेको भनी प्रस्ताव पेश गरेकोमा पशुसेवा विज्ञ केन्द्र, दोलखाले २०७७ आषाढमा गरेको स्थलगत निरीक्षणमा ६ याक, ८ स्थानीय गाई र २ जर्सी क्रस गाई रहेको उल्लेख छ । सो अनुसार प्रस्ताव मूल्याङ्कन गर्दा ५० भन्दा बढी चौरी भएको भनी २० अङ्क दिएकोमा उक्त अङ्क शून्य हुने देखिन्छ । सो संस्थाले ९१ अङ्क प्राप्त गरेकोमा २० घटाउँदा ७१ अङ्क कायम हुन आउँछ जुन प्रस्ताव पेश गर्ने अर्को संस्थाकोभन्दा ८ अङ्कले घटि भई अनुदान प्राप्त कृषक समूह छनौट नहुने देखिन्छ । तसर्थ उक्त कार्यक्रमको लागि पेश भएको प्रस्तावहरूको मूल्याङ्कन तटस्थ र निष्पक्ष भएको देखिएन । प्रस्ताव मूल्याङ्कन तथा छनौटमा सहभागीलाई जिम्मेवार बनाउनु पर्दछ ।

बागवानी केन्द्र/पशु फर्म

२४. **फर्म संचालन :** बाख्रा विकास फर्म, चित्लाङ, मकवानपुरले फर्म संचालनको लागि यो वर्ष उत्पादन सामग्रीमा रु.६३ लाख १७ हजार खर्च गरेको छ । फर्ममा गत वर्षको अन्तमा ३१२ बाख्रा रहेकोमा यो वर्ष उत्पादन ३०९, बिक्री १२३, मृत्यु ११५ रही वर्षको अन्तमा ३८३ बाँकी रहेको छ । यस वर्ष उत्पादन भएको ३०९ को ३७.२२ प्रतिशत मृत्यु भएको छ । विकास तथा अनुसन्धान गर्ने फार्ममा समेत जन्मिएका बाख्राहरूमध्ये एक तिहाई मृत्यु हुनुले फर्मको प्राविधिक व्यवस्थापन कमजोर रहेको देखिन्छ । यो वर्ष कृषि उत्पादन बिक्री आय रु.८ लाख ८८ हजार रहेको छ । उत्पादन खर्चको १४.०६ प्रतिशत मात्र आय देखिनु र मोर्टालिटी दर ३७.२२ प्रतिशतभन्दा बढी रहनुका सम्बन्धमा अध्ययन गरी फर्मको संचालनमा दक्षता अभिवृद्धि गरिनु पर्दछ ।

२५. **न्यून आम्दानी :** शीतोष्ण बागवानी नर्सरी केन्द्र, दामनले यो वर्ष उत्पादन सामग्रीमा रु.४३ लाख ३६ हजार खर्च गरेको छ । केन्द्रको कृषि उत्पादन बिक्री आय रु.१५ लाख ८ हजार मात्र रहेको छ । उत्पादन खर्चको ३४.७९ प्रतिशतमात्र आय प्राप्त भएको छ । यसै गरी शितोष्ण फलफूल तथा रुटस्टक विकास केन्द्र, दोलखाले यो वर्ष उत्पादन सामग्रीमा रु.६९ लाख ५० हजार खर्च गरेकोमा रु.१८ लाख ९६ हजार अर्थात् उत्पादन खर्चको २७.२७ प्रतिशत मात्र आम्दानी गरेको छ । यस सम्बन्धमा अध्ययन गरी नर्सरी संचालनमा दक्षता अभिवृद्धि गरिनु पर्दछ ।

२६. **सोझै खरिद** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमीत हुनेगरी टुक्राटुक्रा पारी खरिद कार्य गर्न नहुने उल्लेख छ । शीतोष्ण बागवानी केन्द्र, दामनले रिटेनिङ वाल, स्ल्याव ढलान, पानी ट्याङ्की निर्माण, सेड हाउस, नेट हाउस निर्माण लगायत कार्य प्रतिस्पर्धा बेगर ७ निर्माण व्यवसायीबाट गराई रु.३१ लाख २३ हजार खर्च गरेको छ । खरिद कार्यमा प्रतिस्पर्धात्मक विधि अवलम्बन गर्नु पर्दछ।

कृषि ज्ञान केन्द्रहरू

२७. **सडक निर्माण :** कृषि ज्ञान केन्द्र मार्फत यस वर्ष ६० कृषि सडक निर्माण तथा मर्मत गरी रु.८ करोड ४४ लाख ६२ हजार खर्च गरेको देखिन्छ । कृषि विकास निर्देशनालय तथा कृषि ज्ञान केन्द्रमा सडक निर्माणका लागि विषय विशेषज्ञ प्राविधिक नरहेको अवस्थामा उपभोक्ता समिति मार्फत कार्य गराउँदा सडकको दिगोपनातर्फ ध्यान दिनुपर्ने एवं मन्त्रालयस्तरबाट सोको अनुगमन गरी खर्चको उपादेयता अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।

निर्माण कार्यको रकम भुक्तानी दिँदा नर्म्सअनुसार दररेट गणना गरी लाग्ने रकम मात्र भुक्तानी दिनुपर्दछ । कृषि ज्ञान केन्द्र, सिन्धुलीले एक समितिसँग लागत अनुमान रु.२५ लाख ४२ हजार भएको कृषि सडक निर्माणको लागि १० प्रतिशत जनसहभागिता हुनुपर्ने गरी सम्झौता गरेको छ । निर्माण कार्यको दर विश्लेषणमा नरम माटो खन्ने कार्यको प्रति घनमिटर रु.६५.४३ रहेकोमा लागत अनुमान तथा नापी किताबमा कडा माटो प्रति घनमिटर रु.९६.७९ का दरले गणना गरी बढी भुक्तानी हुन गएको रु.६ लाख २९ हजार र सामुहिक खेती कार्यक्रम अन्तर्गत एक सहकारी संस्थाको ढुङ्गाको पर्खाल लगाउने कार्यको स्वीकृत दरभन्दा बढी दरले गणना गर्दा बढी भुक्तानी भएको रु.२ लाख २२ हजार समेत रु.८ लाख ५१ हजार असुल गर्नुपर्दछ।

२७.१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा सो उपभोक्ता समिति वा लाभग्राही समुदाय गठन गरेको, उपभोक्ता समितिसंग निर्माण कामको सम्झौता, सम्पन्न कामको उपभोक्ता समितिको भेलाले अनुमोदन गरेको, सार्वजनिक परीक्षण गरेको, निर्माण कामको लागत अनुमान स्वीकृत गरी प्राविधिक कर्मचारीले मूल्याङ्कन गरेको खर्च बिल, भरपाई, खर्च प्रमाणित गर्ने अन्य कागजात समुदायको बैठकबाट अनुमोदन गराउनु पर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिले नियममा उल्लेख गरेका उपर्युक्त प्रक्रिया पूरा गरेको नदेखिँदा नियमानुसार प्रक्रिया अवलम्बन गराउन ध्यान दिनुपर्दछ।

२८. **लागत सहभागिता :** एकीकृत मोडेल कृषि फार्म विकास तथा विस्तार कार्यक्रम संचालन कार्यविधि, २०७६ मा अनुदानग्राहीले अनुदान बाहेकको घटिमा ५० प्रतिशत खर्च आफैले जुटाई कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था छ । कृषि ज्ञान केन्द्र, काभ्रेपलाञ्चोकले यो वर्ष नमुना कृषि फार्म कार्यक्रम अन्तर्गत ६ लाभग्राहीलाई रु.५४ लाख १६ हजार अनुदान प्रदान गरेको छ । सम्झौताको शर्तभन्दा न्यून लागत सहभागिता रहेको ३ लाभग्राही संस्थालाई सम्झौतानुसारको सबै रकम भुक्तानी दिएकोले रु.९ लाख २९ हजार बढी भुक्तानी भएको छ । बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ ।

भेटेरीनरी अस्पताल/पशु विज्ञ केन्द्रहरू

२९. **उपकरण जडान तथा संचालन :** भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ललितपुरले एक्सरे, अल्ट्रासाउण्ड, ब्लड एनेलाईजर, माईक्रोस्कोप लगायतका उपकरण खरिद गरी रु.१६ लाख ९५ हजार खर्च गरेकोमा स्पेशिफिकेशनमा उल्लेख भएबमोजिम दक्ष प्राविधिकद्वारा उपकरणको जडान र संचालन गरी कर्मचारीलाई तालिम उपलब्ध गराएको छैन । उपकरण संचालन गर्ने रेडियोलोजिष्ट र ल्याब टेक्निसियनको दरबन्दी नै नभएको कारण खरिद भएका उपकरण उपयोगमा ल्याउन नसकेको अवस्था छ । उपकरण उपयोगमा नल्याएको कारण खर्चको उपयोगिता नदेखिनुको साथै सेवा प्रवाहमा असर परेको छ । आवश्यक प्राविधिकको व्यवस्था मिलाई सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ ।

प्रदेश दुग्ध विकास बोर्ड

प्रदेश स्तरमा दुग्ध व्यवसायसम्बन्धी नीति निर्माण, योजना तर्जुमा र कार्यान्वयन तथा तथा दुग्ध क्षेत्रको विकास गर्न, निजी, सहकारी तथा सरकारी क्षेत्रको सहभागितामा दुग्ध उत्पादन तथा दुग्ध जन्य पदार्थको प्रशोधन तथा बजारीकरण मार्फत दिगो आर्थिक समृद्धि हासिल गर्नका लागि प्रदेश दुग्ध विकास बोर्ड २०७५ मा स्थापना भई २०७६ मार्गदिखि कार्य शुरु गरेको छ । यो वर्ष रु.३ करोड ७५ लाख विनियोजन भएकोमा रु.५४ लाख ७९ हजार खर्च गरेको छ ।

३०. **दरबन्दी र पदपूर्ति :** बोर्डमा रहेका १७ दरबन्दीमध्ये एक अधिकृत बाहेक अन्य पदमा स्थायी पदपूर्ति भएको छैन । बोर्डको दैनिक काम कारवाहीका लागि आवश्यक पदहरू रिक्त रहेको छ । सदस्य सचिव नियुक्त नभएको कारण बोर्डको दैनिक कार्य तथा सेवा प्रवाह समेत प्रभावित भएको छ । तोकिएका दरबन्दी पदपूर्ति गरी सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ ।

३१. **कार्य सम्पादन स्थिति :** प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५ मा उल्लेख भएअनुसार स्थानीय सरकारसँगको सहकार्यमा ग्रामीण क्षेत्रमा उत्पादित दुग्ध जन्य पदार्थ शहरी क्षेत्रमा पुऱ्याउने, दुग्ध व्यवसाय प्रवर्द्धन गर्न कृषकलाई प्राविधिक तथा अन्य सेवा उपलब्ध गराउने, सार्वजनिक, निजी तथा सहकारी दुग्ध उद्योगलाई बोर्डमा सूचीकृत गर्ने, दुग्ध विकास कोष स्थापना गर्ने, दूध तथा दुग्ध जन्य पदार्थको गुणस्तर नियन्त्रण गर्नको लागि अत्याधुनिक प्रयोगशाला स्थापना गर्ने, उत्पादित कच्चा दूधको खरिद मूल्य र प्रशोधित दूध तथा दुग्धजन्य पदार्थको बिक्री मूल्य समयानुकुल समायोजन गर्ने, डेरी उद्योगको गुणस्तर अनुगमन गर्ने लगायतका कार्य शुरुवात नभएकोले कार्य योजना बनाई कार्यान्वयन गर्नुपर्दछ ।

३२. **निर्णय कार्यान्वयन :** प्रदेश दुग्ध विकास वोर्डको २०७६।११।४ को बैठकले प्रदेश दुग्ध विकास नीति तर्जुमा गर्ने, केन्द्रिय दुग्ध उत्पादक सहकारी संघको समन्वयमा असल दूध उत्पादन अभ्यास र मिल्क एनलाईजर तालिम संचालन, प्रादेशिक डेरी प्रोफाईल तयार, वाच्छी स्रोतकेन्द्रको लागि सिमेन खरिद गर्ने लगायतका निर्णय गरेकोमा कार्यान्वयन भएको छैन । बैठकबाट भएका निर्णय कार्यान्वयन गर्नुपर्दछ ।

३३. **बजेट तथा कार्यक्रम तर्जुमा** : आगामी आर्थिक वर्षको लागि बोर्डको २०७७।२।२१ को बैठकले निजी/सहकारी/स्थानीय तह र दुग्ध विकास बोर्डको साझेदारीमा मकवानपुर जिल्लामा दूध पाउडर प्लान्ट निर्माण गर्न, चितवन जिल्लामा नमुना डेरी तथा दुग्ध प्रशोधन प्लान्ट क्याडवरी र चकलेट सहितको कारखाना निर्माण गर्ने कार्यक्रम पारित गरेको छ । बढी आर्थिक लगानी पर्ने र दीर्घकालीन असर पर्ने क्षेत्रमा लगानी गर्दा त्यस्ता योजनाको लाभ लागत विश्लेषण, भविष्यमा आउन सक्ने सम्भाव्य जोखिम तथा चुनौतीको गहिरो विश्लेषण र त्यसलाई समाधान गर्ने वैकल्पिक योजना समेत तय गर्नुपर्दछ ।

- **बेरुजु स्थिति** : मन्त्रालय तथा मातहतका समेत २३ निकायमा रु.७ करोड ६५ लाख ९० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ लाख ९९ लाख ११ हजार फर्स्यौट गरेकोले रु.५ करोड ६६ लाख ७९ हजार बेरुजु देखिएको छ । यस सम्बन्धी विवरण **अनुसूची-१०** मा रहेको छ ।

भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयको कार्यक्षेत्रमा प्रदेश स्तरको उर्जा, विद्युत, सडक, सिँचाई, खानेपानी जल उत्पन्न प्रकोप र नदी तथा पहिरो व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान नीति, कानुन, मापदण्ड, गुरुयोजना समन्वय र नियमन गर्ने लगायतका कार्य रहेका छन्।

यो वर्ष मन्त्रालय र मातहतका ४४ निकायको विनियोजन रु.११ अर्ब ३७ करोड ४७ लाख ३९ हजार, राजस्व रु.७ अर्ब ७१ करोड ५९ लाख १६ हजार, धरौटी रु.९१ करोड ८४ लाख १२ हजार र अन्य कारोवार रु.२ करोड ४ लाख ५४ हजार समेत रु.२० अर्ब २ करोड ९५ लाख २१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । उक्त कारोवारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी :** मन्त्रालयले आफ्नो कार्य जिम्मेवारीमा रहेका विषयहरूलाई कार्यरूप दिन नीति तथा कार्यक्रम र कार्ययोजनामा समावेश गर्नुपर्नेमा कार्यक्षेत्रभित्र रहेका घर एकीकरण (हाउस पुलिङ्ग) सम्बन्धी नीति, खानेपानी तथा सरसफाई सम्वन्धी प्रादेशिक नीति, खानेपानी तथा सरसफाई क्षेत्र विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन नीति तथा मापदण्ड, यातायात सुरक्षा तथा सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना निर्माण एवं वातावरण मैत्री अपाङ्ग मैत्री तथा लैङ्गिकमैत्री यातायात प्रवर्द्धन विषयलाई नीति तथा कार्यक्रममा समावेश गरेको छैन । अतः जिम्मेवारी भित्रका कार्यलाई नीति र कार्यक्रममा समावेश गर्नुपर्दछ ।

२. **पूँजीगत बजेट र खर्च** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १० मा प्राप्त बजेट सीमा र मार्गदर्शनभित्र रही आफू र मातहत कार्यालयको लागि नीति र कार्यक्रम समेत राखी बजेट प्रस्ताव गर्नुपर्ने उल्लेख छ । मन्त्रालयको विगत तीन वर्षको संशोधित पूँजीगत बजेट र खर्चको अवस्था निम्नानुसार रहेको छ ।

रकम रु हजारमा

आर्थिक वर्ष	बजेट	खर्च	खर्च प्रतिशत
२०७४।७५	१५०००	१४६८९	९७.९३
२०७५।७६	११८०२५५	६३७५४०६	५४.०२
२०७६।७७	१८१७५७६१	१२०५४५९०	६६.३२

मन्त्रालयको पूँजीगत खर्चको स्थिति विश्लेषण गर्दा २०७५।७६ मा स्वीकृत बजेटको ५४.०२ प्रतिशत मात्र खर्च भएकोमा २०७६।७७ मा केही वृद्धि भई ६६.३२ प्रतिशत पुगेको भए तापनि बजेटको तुलनामा खर्च न्यून नै देखिन्छ । आयोजना एवं कार्यालय प्रमुखसँग गर्नुपर्ने काम र समय सीमा सहितको कार्यसम्पादन सम्झौता एवं स्वीकृत बजेट अनुसारको कार्यक्रम संचालन गरी पूँजीगत खर्चमा दक्षता अभिवृद्धि गर्नुपर्दछ ।

३. **अबण्डा :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ अनुसार बजेटमा व्यवस्था भएको रकम अवण्डा राखी पटक पटक गरी खर्च गर्न नहुनेमा मन्त्रालयले यस वर्ष भैपरी चालु शीर्षकमा रु.१ अर्ब ९८ करोड अवण्डा राखी चालु अनुदानतर्फ रु.१ करोड ४७ लाख र स्थानीय तह हस्तान्तरण पूँजीगततर्फ रु.१ अर्ब ९४ करोड ५० लाख रकमान्तर गरी अख्तियारी दिएको छ । यस्तो कार्यमा सुधार गरी कानुनको व्यवस्था पालना गर्नुपर्दछ ।

४. **बजेट वक्तव्यको कार्यान्वयन** : आर्थिक वर्ष २०७६/७७ को बजेट वक्तव्यमा मन्त्रालयसँग सम्बन्धित विभिन्न कार्यक्रमहरू समावेश भएकोमा इलेक्ट्रिक मास ट्रान्जिट प्रणाली संचालन र विद्युतीय सवारी साधन संचालनमा प्रोत्साहन गर्ने, तामाकोशी खिम्ती कमला मरिन रिउ मगुई जस्ता नदीहरूको नदी व्यस्थापन तथा नियन्त्रण गर्न गुरुयोजना तयारी गर्ने, रुवी भ्याली गाउँपालिकाको

एकीकृत विकास कार्यक्रम संचालन, स्थानीय तहसँग सहकार्य गरी दोलखा, सिन्धुपाल्चोक, मकवानपुर र सिन्धुलीमा एकीकृत बस्ती विकास कार्यक्रम संचालन गर्ने, सार्वजनिक निजी सहकारी साझेदारीमा प्रदेश सार्वजनिक बस सेवा संचालन गर्ने, एकीकृत शहरी फोहरमैला व्यवस्थापन कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने लगायतका कार्य कार्यान्वयन भएको छैन । बजेटमा उल्लेखित कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ ।

५. **चौमासिक खर्च** : स्वीकृत वार्षिक कार्यक्रम अनुसार चौमासिक रूपमा गर्नुपर्ने कार्यसम्पन्न गरी खर्च गर्नुपर्नेमा मन्त्रालय र मातहत निकायको देहाय अनुसार कुल बजेट खर्चको ३३.१० प्रतिशत तेस्रो चौमासिकमा २४.४४ प्रतिशत असार महिनामा खर्च भएकोमा पूँजीगततर्फ क्रमशः ५७.१२ प्रतिशत र ४२.७७ प्रतिशत रहेको छ :

(रु. हजारमा)

विवरण	कुल खर्च	प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	असार महिनाको खर्च
कुल खर्च	१२८२९०६१	६४२१७८	२९३३९४८	९२५२९३५	६८३२०८९
प्रतिशत		२.३०	१०.५०	३३.१०	२४.४४
पूँजीगत खर्च	१२०५४५९०	४३७२९९	२६६०४४६	८९५६८४५	६७०७१८७
प्रतिशत		२.७९	१६.९६	५७.१२	४२.७७

समयमै कार्यक्रम संचालन र ठेक्का व्यवस्थापन नहुने एवं सम्झौतामा तोकिएको अवधिभित्र कार्यसम्पन्न नहुने लगायतको कारण पूँजीगत खर्च तेस्रो चौमासिक र असार महिनामा बढी हुने गरेको छ । आर्थिक वर्षको अन्तिममा बढी खर्च हुँदा सम्पन्न कार्यको अनुगमनमा समय कम हुन गई निर्माण कार्यको गुणस्तरमा असर पर्ने देखिन्छ । यस स्थितिमा सुधार गर्न मन्त्रालयले वार्षिक कार्ययोजना तयार गरी सबै चौमासिकमा समानुपातिक रूपमा कार्यसंचालन गरी भुक्तानीको व्यवस्था मिलाउनु पर्दछ ।

६. **ठेक्का व्यवस्थापन** : प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २१ उपनियम (३) मा बजेट तथा कार्यक्रम तयार गर्दा लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा समाप्त गर्ने गरी व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । मन्त्रालय मातहत १५ कार्यालयले यो वर्ष रु.५ अर्ब ८९ करोड ५४ लाख ३१ हजारको खरिद सम्झौता गरेका छन् । सोमध्ये प्रथम चौमासिकमा रु.९९ करोड ९ लाख ६७ हजारको (१६.८ प्रतिशत), दोस्रो चौमासिकमा रु.१ अर्ब ८६ करोड ३३ लाख ७२ हजारको (३१.६ प्रतिशत) र तेस्रो चौमासिकमा रु.३ अर्ब ९ करोड ८५ लाख २९ हजारको (५२.६ प्रतिशत) खरिद सम्झौता भएको छ । कुल सम्झौतामध्ये रु.१ अर्ब १४ करोड ६३ लाख ५२ हजार (१९.४४ प्रतिशत) को मात्र यो वर्ष कार्य सम्पन्न भएको छ । समयमै खरिद सम्झौता गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

७. **दिगो विकासको लक्ष्य :** नेपालले दिगो विकासका लक्ष्यहरूमा प्रतिवद्धता जनाए अनुसार सबै तहका निकायले उक्त लक्ष्य हासिल हुने गरी कार्यक्रम संचालन गर्नुपर्दछ । मन्त्रालयले संचालन एवं सम्पन्न गरेका सडक, सिंचाई, खानेपानी एवं आवास लगायतका कार्यक्रमले दिगो विकासका विभिन्न लक्ष्यमा सहयोग पुगेको उल्लेख गरेतापनि कार्यक्रमगत रूपमा दिगो विकासका लक्ष्यहरू उल्लेख गरी कार्यक्रम स्वीकृत गरेको देखिएन । मन्त्रालयले उक्त लक्ष्यहरूलाई ध्यान दिई परिमाणात्मक लक्ष्य सहित कार्यक्रममा समावेश गर्नुपर्दछ ।

८. **कार्यक्रम स्वीकृत** : प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ मा स्वीकृत आयोजना कार्यान्वयन गर्नको लागि विस्तृत सर्वेक्षण, ड्रइङ्ग डिजाईन लागत अनुमान र सो अनुसार वार्षिक कार्यक्रम निश्चित गरी सोही आधारमा वार्षिक बजेट तर्जुमा गरी मन्त्रालयले आफ्नो र अन्तर्गत निकायमा संचालन हुने कार्यक्रम स्वीकृत गर्नुपर्ने व्यवस्था छ । मन्त्रालय अन्तरगत यसवर्ष रु.१४ अर्ब ५० करोड १४ लाख ४४ हजार बजेट भएका १ हजार ३४७ योजना कार्यान्वयन भएकोमा अधिकांश योजनाहरू विस्तृत सर्वेक्षण, ड्रइङ्ग डिजाईन लागत अनुमान गरी कामको परिमाण र लाग्ने लागत एवं सम्पन्न हुने अवधि निश्चित गरेको छैन । तर्सथ स्वीकृत कार्यक्रमहरूमा साल बसाली रूपमा गर्ने कामको परिमाण र बजेटमात्र उल्लेख गरी कार्यान्वयनमा ल्याईएको छ । यसबाट योजनबद्ध तवरले कार्यक्रम कार्यान्वयन नहुने, कुनै वर्ष बजेट विनियोजन हुने कुनै वर्ष नहुने साथै बिना कुनै तयारी नयाँ योजना बजेटमा समावेश हुदाँ श्रोत साधनको अधिकत्तम उपयोग नहुने स्थिति देखिन्छ ।

पूर्वाधार निर्देशनालयको स्वीकृत कार्यक्रममध्ये विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने कार्यक्रम रहेको १० स्थानमा अन्य निकायबाट समेत सोही स्थानमा सोही कार्यक्रम समावेश भएकोले कार्यान्वयन नभएको, जलस्रोत तथा सिंचाई विकास डिभिजन मकवानपुरमा २ सिंचाई योजना विस्तृत परियोजना प्रतिवेदन तयार बेगर बजेटमा समावेश भएकोले कार्यान्वयन नभएको, एक योजना दुइवटा कार्यक्रममा समावेश भएकोले एक कार्यक्रम कार्यान्वयन नभएको, पूर्वाधार विकास कार्यालय, रामेछापमा नियमको प्रक्रिया पुरा नगरी कार्यक्रममा समावेश गरेकोले ३ योजना कार्यान्वयन नभएको अवस्था छ । मन्त्रालयले कार्यक्रम स्वीकृत गर्दा उपयुक्त पक्षहरूमा पर्याप्त ध्यान दिएको देखिएन । यसमा सुधार गर्नुपर्दछ ।

९. **बहुवर्षीय योजना** : प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २०(२) मा प्रदेश सरकारले मन्त्रालयको सिफारिसमा बहुवर्षीय आयोजना तोकी बजेट बिनियोजन गर्न सक्ने व्यवस्था छ । मन्त्रालयले रु.१७ अर्ब ५ करोड ९ लाख ६५ हजार लागत रहेका ९२ सडक योजना तथा रु.३ अर्ब ४८ करोड ५ लाख २१ हजार लागत रहेका ३९ बटा खानेपानी योजनालाई बहुवर्षीय योजनाको रूपमा समावेश गरेको छ । बहुवर्षीय योजनाको रूपमा स्वीकृत गरेतापनि कतिपय योजनाको अवधि १ वर्षभन्दा कम रहेको समेत देखिएकोले योजना अवधि १ वर्षभन्दा कम रहेका आयोजना बहुवर्षीय योजनाको रूपमा समावेश गरेको उचित देखिएन । बहुवर्षीय योजना स्वीकृतिको मापदण्ड स्वीकृत गरी लागू गर्नुपर्दछ ।

१०. **प्रदेश गौरवका आयोजना** : प्रदेश सरकारले पुष्पलाल प्रदेश चक्रपथ र पोष्टबहादुर बोगटी सुरुङ्ग मार्ग भिमफेदी कुलेखानीलाई प्रदेश गौरवका आयोजना घोषणा गरी यस मन्त्रालय मार्फत कार्यान्वनमा ल्याएको छ । यस सम्बन्धमा निम्नानुसार देखिएको छ:

१०.१. पुष्पलाल चक्रपथको सम्बन्धमा मन्त्रालयले प्रदेश यातायात गुरुयोजनाको मस्यौदा प्राप्त भई चक्रपथको खण्डहरूको पहिचान गर्ने कार्य भएको जनाएको छ । प्रदेश गौरवका आयोजनाको रूपमा अघि बढाउने निर्णय गरेको यस आयोजनाको लागि यस वर्ष बजेट व्यवस्था गरेको छैन ।

१०.२. पोष्टबहादुर बोगटी सुरुङ्ग मार्गको विस्तृत परियोजना प्रतिवेदनको लागत अनुमान तयार गर्न रु.४ लाख ७३ हजार र विस्तृत परियोजन प्रतिवेदन तयारीमा रु.१ करोड ३१ लाख ७९ हजार र सुरुङ क्षेत्रको भौगोलिक सर्भेक्षणको लागि रु.१९ लाख २ हजार समेत रु.१ करोड ५५ लाख ५४ हजार खर्च भएको छ ।

१०.३. आयोजनाको क्षेत्र, भौगोलिक आवश्यकता, प्राविधिक आर्थिक, सामाजिक र वातावरणीय रूपमा सम्भाव्यता, लाभान्वित जनसंख्या, निर्माण अवधि, रोजगारी सिर्जना, लागत, लाभ लागत विश्लेषण लगायतका आधारमा प्रदेशमा कार्यान्वयन गर्ने गौरवका आयोजना पहिचान र छनौट गर्ने मापदण्ड निर्धारण गरी सोही मापदण्डको आधारमा प्रदेश गौरवका आयोजनाहरू पहिचान एवं छनौट गर्नुपर्नेमा यस्तो मापदण्ड बनाउन बाँकी देखिन्छ । छनौटको आधार सहितको मापदण्डको अभावमा हाल प्रदेश सरकारले पहिचान गरेका गौरवका आयोजनाहरू उपयुक्त आधारमा पर्याप्त विश्लेषण गरी छनौट भएको देखिदैन । हाल पहिचान भएका कुनैपनि आयोजनाहरूको लागत, संचालन अवधि, बजेट व्यवस्था लगायतका कुनैपनि कुरा नखुलाएको अवस्था रहेबाट आयोजनको कार्यान्वयन सम्बन्धमा अनिश्चितता रहेको छ ।

११. **परामर्श खर्च** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद कार्य गर्दा प्रतिस्पर्धालाई सिमित गर्ने गरी टुक्राटुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७०(१) मा सार्वजानिक निकायले विस लाख रुपैँयाभन्दा बढी रकमको परामर्श सेवा ऐनको दफा ३० बमोजिम सूचना प्रकाशन गरी आशयपत्र माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले यस वर्ष पूँजीगत अनुसन्धान तथा परामर्शमा रु.२४ करोड ३४ लाख विनियोजन गरी रु.११ करोड १० लाख ४५ हजार खर्च गरेकोमा देखिएका व्यहोरा निम्न छन् :

११.१. मन्त्रालयले जिल्लागत र योजनागत रूपमा एउटै प्याकेज बनाई ऐनको दफा ३० बमोजिम आशयपत्र माग गरी परामर्श सेवा लिनुपर्नेमा प्रत्येक योजनाको अलग अलग कार्यक्रमको रूपमा स्वीकृत गरी २० लाखभन्दा तलका ३५ टुक्रा लागत अनुमान बनाई अलग अलग परामर्शदातासँग खरिद गरी रु.५ करोड ४७ लाख २२ हजार खर्च गरेको छ ।

११.२. भिमफेदी शुरुङ्ग मार्गको पूर्व सम्भाव्यता अध्ययन गर्ने एक परामर्शदाताले उक्त मार्गको विस्तृत परियोजना प्रतिवेदन तयार गर्न रु.१ करोड ३० लाख ५४ हजार लाग्ने प्रतिवेदन पेश गरेकोले नियमावलीको नियम ७० बमोजिम खुल्ला रूपमा आशयपत्र माग गरी परामर्श सेवा लिनुपर्नेमा मन्त्रालयले २०७६।८।७ मा प्रतिवेदनमा उल्लेख भएको विभिन्न ७ क्रियाकलापलाई रु.२० लाखभन्दा तलका ७ अलग अलग कार्यक्रमको रूपमा कार्यान्वयन गर्न मुख्यमन्त्री स्तरीय निर्णय गराई नियम ७२ बमोजिम आशयपत्र माग गरी रु.१ करोड ३१ लाख ७९ हजार खर्च गरेको छ । प्रतिस्पर्धा सिमित हुने गरी लागत टुक्राई सोझै परामर्शदातासँग प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्नु उचित देखिएन । यसमा सुधार हुनुपर्दछ ।

११.३. मन्त्रालयले २ वर्षको अवधिमा १४७ योजनाको विस्तृत सर्वेक्षण गरेकोमा ११२ योजना मात्र कार्यान्वयन भई ३५ योजना कार्यान्वयनमा गएको देखिएन । विस्तृत परियोजना प्रतिवेदन तयार भएको योजनालाई वार्षिक कार्यक्रममा प्राथमिकता दिनुपर्दछ ।

१२. **दरबन्दी र पदपूर्ति** - मन्त्रालय र अन्तर्गतका कार्यालयमा ८९४ दरवन्दी रहेकोमा ७२२ पदपूर्ति भई १७२ रिक्त रहेको छ । कार्यालयको कार्यक्षेत्र र सञ्चालित आयोजना एवं कार्यक्रमको आधारमा जनशक्तिको व्यवस्था भएको देखिएन । उदाहरणको लागि काठमाण्डौं, ललितपुर र भक्तपुर समेत तीन जिल्ला कार्यक्षेत्र रहेको खानेपानी तथा सरसफाई कार्यालय, भक्तपुर अन्तर्गत यो वर्ष २०१ आयोजना संचालनमा रहेकोमा कार्यक्रमको संचालन र रेखदेख गर्न ८ प्राविधिक जनशक्ति कार्यरत रहेको एवं २११ आयोजना संचालन भएको खानेपानी तथा सरसफाई डिभिजन कार्यालय धादिङमा ३ इन्जिनियर मात्र कार्यरत रहेको देखिन्छ ।

सिमित जनशक्तिबाट बृहत कार्य क्षेत्र, बजेट र अधिक संख्याका योजना कार्यान्वयन गर्नुपर्दा निर्माण कार्यको प्रत्येक चरणमा प्राविधिक संलग्नता न्यून हुन गई निर्माण कार्यको समग्र गुणस्तर असर पर्न सक्ने हुँदा कार्यचाप अनुसार दरबन्दीको व्यवस्था गरी पदपूर्ति गर्नुपर्दछ ।

१३. **उपभोक्ता समिति मार्फत कार्य** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेत गरी एक करोड रुपैयासम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने, उपभोक्ता समितिले विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात सम्बिन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने, खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने, लेखापरीक्षण गर्नुपर्ने, रेखदेख, मर्मत सम्भार जिम्मेवारी तोकी योजना समितिलाई हस्तान्तरण गर्नुपर्ने लगायतको व्यवस्था छ । उपभोक्ता समिति मार्फत भएको कार्यहरू सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

१३.१. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, मकवानपुर र भक्तपुरले नियमावलीको नियम ९७ को उपनियम ६ बमोजिम विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने र उपनियम ७ बमोजिम उपभोक्ता समितिले गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने व्यवस्थाको पालना गरेको देखिएन ।

१३.२. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, भक्तपुरले एक योजनाको रु.१ करोड ९८ लाख ९० हजारको कार्य नियम विपरीत टुक्रा गरी एक समिति मार्फत गराई यस वर्ष रु.१ करोड ६२ लाख ६० हजार भुक्तानी दिएको छ भने जलस्रोत तथा सिंचाई विकास डिभिजन, सिन्धुलीले लागत अनुमान रु.१ करोड २८ लाख ९३ हजार भएको हर्षयी सिंचाई कुलो निर्माण कार्य उपभोक्ता समितिबाट गराई यो वर्ष रु.२१ लाख २ हजार भुक्तानी दिएको छ ।

१३.३. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय भक्तपुरबाट यो वर्ष उपभोक्ता समिति मार्फत संचालन भएका २८ आयोजनाहरूमा रु.२ करोड ८३ लाख ९६ हजार जनसहभागिता हुनुपर्नेमा रु.१ करोड ३७ लाख ६६ हजार मात्र भई रु.१ करोड ४६ लाख ३० हजार घटि लागत सहभागिता भएको छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, मकवानपुरले उपभोक्ता समिति मार्फत श्रमदान बेगर ९ खानेपानी योजनाको रु.४१ लाख १२ हजारका निर्माण सामग्री खरिद गरेको छ । त्यस्तै खानेपानी तथा सरसफाई डिभिजन, धादिङले यस वर्ष ५६ योजनामा रु.५ करोड ८३ लाख ८३ हजार भुक्तानी दिंदा रु.५८ लाख ३८ हजार जन सहभागितको अंश कट्टी गरेको छैन ।

१३.४. जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, नुवाकोटले संचालन गरेका सिंचाई योजनाहरूको लागत अनुमान स्वीकृत गर्दा निर्माण व्यवसायीबाट गराउने कामको परिमाण र उपभोक्ता समितिबाट गराउने कामको परिमाण र अंश राखिएको छ । तर मुल लागत अनुमान रु.१२ करोड २६ लाख २१ हजार रहेका ३ सिंचाई योजनाको उपभोक्ता मार्फत गर्ने रु.१ करोड ३९ लाख ५१ हजारको कार्यमा जनसहभागिताको परिमाण र अंश शून्य राखिएको छ । सिंचाई योजनाहरूको मूल लागत अनुमान स्वीकृत गर्दा जनसहभागिता अंश शून्य राखी स्वीकृत गर्नु नियम ९७(१क) अनुकुल देखिएन ।

१३.५. जलस्रोत तथा सिंचाई विकास डिभिजन, काठमाडौं र नुवाकोटले योजना हस्तान्तरणको अभिलेख राखेको छैन भने रामेछापले उपभोक्ता समिति मार्फत ३२ निर्माण कार्य गराई रु.५ करोड १८ लाख भुक्तानी दिएकोमा कुनै पनि योजना हस्तान्तरण गरेको छैन ।उपभोक्ता समिति मार्फत कार्य गराउँदा कानूनी व्यवस्थाको पालना गर्नुपर्दछ ।

१४. **मूल्य अभिवृद्धि कर** - आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा ५० प्रतिशत मूल्य अभिवृद्धि करसम्बन्धित राजस्व शीर्षकमा दाखिला गरी ५० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । खानेपानी तथा सरसफाई डिभिजन, भक्तपुरले रु.१७ लाख १८ हजार, मकवानपुरले रु.४ लाख ५ हजार, जलस्रोत तथा सिँचाइ कार्यालय, चितवनले रु.२ लाख ५३ हजार समेत रु.२३ लाख ७६ हजार कट्टा नगरी भुक्तानी दिएकोले मूल्य अभिवृद्धिकर दाखिला भएको सुनिश्चित गर्नुपर्दछ ।

१५. **कन्टिन्जेन्सी खर्च** - प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ मा लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सीमा समावेश गर्न पाउने व्यवस्था रहेको छ । मन्त्रालय मातहत १९ कार्यालयले कन्टिन्जेन्सीबाट दैनिक भ्रमण भत्ता, इन्धन, गाडी र मोटरसाईकल मर्मत, कार्यालय तथा स्टेशनरी, छपाई, सूचना प्रकाशन, चिया खाजा खर्च जस्ता कार्यालय संचालन खर्चमा रु.१३ करोड २६ लाख १४ हजार खर्च गरेका छन् । कन्टिन्जेन्सी खर्चको कार्यविधि तर्जुमा गरी यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ ।

१६. **सोझै खरिद** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्राटुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । मन्त्रालय मातहत ६ कार्यालयले रु.३ करोड २३ लाख ६३ हजारको निर्माण कार्य र ५ कार्यालयले रु.२ करोड ३६ लाख १८ हजारको मालसामान समेत गरी रु.५ करोड ५९ लाख ८१ हजारको दरभाउपत्र लिई सोझै खरिद गरेको छ । खरिद गर्दा प्रतिस्पर्धात्मक विधि अवलम्बन गर्नुपर्दछ ।

१७. **नन् फाइलर :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय ललितपुरले विभिन्न फर्मलाई मूल्य अभिवृद्धि कर कुल रु.२७ लाख ४४ हजार, चितवनले रु.१८ लाख २० हजार, काभ्रेपलाञ्चोकले रु.९ लाख ८३ हजार, जलस्रोत तथा सिंचाई विकास डिभिजन सिन्धुपाल्चोकले रु.१६ लाख ४३ हजार, धादिङ्गले रु.१५ लाख ५८ हजार र मकवानपुरले रु.५ लाख ४० हजार समेत रु.९२ लाख ९६ हजार भुक्तानी दिएकोमा ती फर्महरू कर विवरण नबुझाई नन् फाईलर रहेकोले भुक्तानी भएको कर दाखिला भएको सुनिश्चित गर्नुपर्दछ ।

यातायात पूर्वाधार विकास निर्देशनालय

१८. **प्रगति** : प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २७ मा प्रगति विवरण तयार गरी भौतिक र वित्तीय पक्षको समीक्षा गर्ने एवं सुधारका लागि चाल्नु पर्ने कदमहरू र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही उल्लेख गर्नुपर्ने व्यवस्था छ । निर्देशनालयमा पक्की पुल, सडक र झोलुङ्गेपुल निर्माण तथा परामर्श सेवा लगायत ७६ क्रियाकलापको लागि रु.४७ करोड ९९ लाख बजेट व्यवस्था भएकोमा रु.२२ करोड ५४ लाख २२ हजार खर्च भएको छ । बजेट व्यवस्था भएका विभिन्न ११ क्रियाकलापमा कुनै कार्य नभई प्रगति शून्य रहेको छ । लागत अनुमान रु.१ अर्ब ४९ करोड १ लाख ४० हजार रहेका ५ निर्माण कार्य गर्न रु.१ अर्ब ४ करोड २७ लाख ६८ हजारमा सम्झौता गरेकोमा रु.६ करोड ५६ लाख २४ हजार (६.२९ प्रतिशत) मात्र खर्च भई न्यून प्रगति भएको छ । अतः तोकिएबमोजिम प्रगति समीक्षा गरी प्रगति हासिल गर्नुपर्दछ ।

१९. **परामर्श सेवा** - सार्वजानिक खरिद नियमावली, २०६४ को नियम ७० अनुसार वीस लाख रुपैयाँभन्दा बढी मूल्यको परामर्श सेवा खरिद गर्दा ऐनको दफा ३० बमोजिम सूचना प्रकाशन मार्फत आशयपत्र माग गरी खरिद गर्न सक्ने व्यवस्था छ । निर्देशनालयले वर्षभरिमा खरिद गरिने एउटै जिल्ला र भूगोल तथा क्षेत्रतिर रहेका परामर्श सेवा कार्यहरूको एकमुष्ट प्याकेज बनाई नियमानुसार प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्नेमा सो नगरी सूचीकृत परामर्शदाताहरू मध्येबाट प्रस्ताव माग गरी २४ परामर्शदाताबाट रु.३ करोड १८ लाख ३२ हजारको कार्य गराई भुक्तानी गरेको छ । प्रतिस्पर्धाको माध्यमले कार्य नगराई सोझै परामर्शदातासँग प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्नु उचित देखिएन । यसमा सुधार हुनुपर्दछ ।

खानेपानी तथा सरसफाई डिभिजनहरू

२०. **योजना कार्यान्वयन :** खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरूले खानेपानी आयोजना कार्यान्वयन गर्दा मूल लागत अनुमानको आधारमा एकमुष्ट ठेक्का व्यवस्थापन नगरी मालसामान, निर्माण ठेक्का, खरिद, उपभोक्ता समितिले गर्ने निर्माण कार्य एवं उपभोक्ता समितिको श्रमदान बापतको कामको लागि वर्षै पिच्छे अलग अलग लागत अनुमान तयार गरी कार्य गराउने गरेको तर योजनागत खाता पूर्णरूपमा अद्यावधिक नगरेको एवं मुल लागत अनुमानको आधारमा कार्यस्वीकार र कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने नगरेबाट मूल लागत अनुमानमा तोकिएअनुसार कार्य एवं श्रमदान भयो भएन भनी लागत अनुमान र कार्यसम्पन्न बीच भिडान गर्न सक्ने अवस्था छैन । खानेपानी तथा सरसफाई डिभिजन, मकवानपुरको एक खानेपानी योजनाको लागत अनुमान रु.१ करोड ९६ लाख ३० हजारमध्ये रु.४० लाख ३० हजार श्रमदान रहेकोमा रु.९७ लाख २ हजार (४९.४२ प्रतिशत) खर्च हुँदासम्म श्रमदान बापतको काम भएको छैन भने अर्को एक खानेपानी आयोजनामा रु.८९ लाख ४० हजार खर्च भएकोमा श्रमदानको कार्य भएको छैन । अतः योजनागत खाता राखी शुरु लागत अनुमानसँग तुलना गर्न सकिने गरी कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ ।

२१. **अधुरो योजना :** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २७ मा प्रगति विवरण तयार गरी भौतिक र वित्तीय पक्षको समीक्षा गर्ने एवं सुधारका लागि चाल्नु पर्ने कदमहरू र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

२१.१. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, मकवानपुरबाट प्राप्त विवरण अनुसार लागत अनुमान रु.११ करोड ३३ लाख १० हजार भएका दुई खानेपानी आयोजना संचालन भएको १० वर्षसम्ममा रु.४ करोड ४६ लाख ६५ हजार (३९.४१ प्रतिशत) मात्र खर्च भई न्यून प्रगति रहेको एवं अन्य ८ योजनाहरू लामो समयदेखि क्रमागत रूपमा संचालन भएका छन् ।

२१.२. खानेपानी तथा सरसफाई डिभिजन, भक्तपुर अन्तर्गत २०६४।६५ देखि २०६८।६९ सम्म शुरुवात भएका रु.५० करोड ६३ लाख ७७ हजारका १५ आयोजनाहरू २०७६।७७ सम्म रु.३३ करोड ८३ लाख १२ हजार खर्च हुँदा समेत योजना सम्पन्न नभएको अवस्था छ । डिभिजनले आयोजनाहरूको कुल लागत अनुमान, शुरुवात र सम्पन्न हुने समयको अद्यावधिक अभिलेख समेत राखेको छैन ।

२१.३. खानेपानी तथा सरसफाई डिभिजन, धादिङबाट २०५६।५७ देखि २०६८।६९ सम्म शुरुआत भएका लागत अनुमान रु.४३ करोड ५९ लाख ४९ हजार रहेका १९ योजनाहरूमा यस वर्षसम्म रु.३५ करोड ३६ लाख ८९ हजार खर्च भए तापनि योजना सम्पन्न नभई प्रतिफल प्राप्तिमा ढिलाई भएको अवस्था छ । आयोजनामा प्राथामिकताको आधारमा बजेट विनियोजन गरी समयमा निर्माण कार्यसम्पन्न गर्नुपर्दछ ।

२२. **मौज्दात** : खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरूले पाइप तथा फिटिङ्स औजार खरिद गर्दा विगतको मौज्दात ख्याल गरी खरिद गर्नुपर्नेमा बढी परिमाणमा मौज्दात रहने गरी खानेपानी तथा सरसफाई डिभिजन, मकवानपुर, रामेछाप, भक्तपुर, धादिङ्ग लगायतले रु.१८ करोड १५ लाख ८५ हजारका पाइप तथा फिटीङ्गस् खरिद गरी खर्च लेखेको देखियो । योजनाको लागि खरिद गरेको निर्माण सामग्री सम्बन्धित योजनमा खर्च गरी आवश्यकताभन्दा बढी मात्रामा मौज्दात रहने गरी खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

२३. **पाइप जडान** : खानेपानी आयोजनामा पाइप जडान भई नापी किताबमा जडान देखिए अनुसार जिन्सी खाताबाट मौज्दात घटाउनु पर्नेमा आयोजनाहरूलाई पाइप उपलब्ध गराएकै आधारमा जिन्सी मौज्दात घटाउनु उपयुक्त देखिएन ।

२३.१. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, भक्तपुरबाट पेश भएअनुसार जिन्सी खाताबाट खर्च लेखेको (मौज्दात घटाएको) पाईपमध्ये रु.१ करोड ७२ लाख ३० हजार मूल्यको विभिन्न साईजका ६७ हजार १८८ मिटर पाईप योजनामा प्रयोग भई नापी किताबमा जडान हुन बाँकी रहेकोले जडान भएको प्रमाण पेश गर्नुपर्दछ ।

२३.२. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, भक्तपुरले रु.५७ लाख १७ हजार मूल्यको पाइप र रु.६३ लाख ५ हजार मूल्यका फिटिङ्गस सामग्रीहरू योजनामा प्रयोग भएको भनी जिन्सी किताबबाट एकमुष्ठ खर्च देखाएको छ । उक्त सामान कुनकुन योजनामा खर्च भएको हो खुल्ने योजनागत हिसाब राखेको छैन । योजनागत खाता बेगर खर्च देखाएको रकम बास्तविक रूपमा खर्च भएको छ, छैन यकिन गर्न सकिएन । तसर्थ योजनागत अभिलेख बेगर जिन्सीबाट योजनामा खर्च देखाएको फिटिङ्गसको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

२३.३. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, रामेछापले दुई आयोजनाहरूको लागि रु.२३ लाख ८३ हजारको पाइप खरिद गरी जिन्सी खाताबाट खर्च लेखेकोमा हालसम्म पनि उक्त पाइप प्रयोग भई नापी किताबमा चढेको नदेखिएकोले पाइप प्रयोगको प्रमाण पेश हुनुपर्दछ ।

२३.४. खानेपानी तथा सरसफाई कार्यालय, मकवानपुरबाट ३ योजनाको लागि बुझिलगेको पाईप र फिटिङ्ग सामग्रीमध्ये रु.१६ लाख ८० हजारको पाईप तथा फिटिङ् सम्वन्धित आयोजनामा प्रयोग भएको नदेखिएकोले सो जडान गरेको नापी किताव पेश हुनुपर्दछ ।

२३.५. खानेपानी तथा सरसफाई डिभिजन, धादिङले रु.४ करोड ३२ लाख १७ हजार मूल्यका फिटिङ कुन योजनामा प्रयोग भए नखुलाएको र जिन्सी खाताबाट विभिन्न योजनाको नाममा खर्च देखाई मौज्दात घटाएको रु.१३ लाख ९७ हजार मूल्यका १४ हजार ७३४ मिटर पाईप जडान भएको नदेखिएकोले योजना खाता एवं नापी किताब पेश हुनुपर्दछ ।

२४. **लागत वृद्धि :** सार्वजनिक खरिद कानुन अनुसार मितव्ययी हुने गरी खरिद गर्नुपर्छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, भक्तपुरले एच.डि.पी. पाईप खरिदको लागि गरेको तीन बोलपत्रमा एक/एक मात्र उत्पादक कम्पनीको बोलपत्र पेश भई लागत अनुमानको ०.११ प्रतिशत मात्र घटिमा रु.५ करोड २६ लाख ५ हजारको पाईप खरिद भएको छ । संघीय सरकारको खानेपानी तथा ढल व्यवस्थापन विभागले २०७०।६।१७ मा एच.डि.पि. पाईप खरिदको लागत अनुमान गर्दा प्रति के.जी. रु.२१४ ले निर्णय गरेकोमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, भक्तपुरले प्रदेश भौतिक पूर्वाधार मन्त्रालयले पाईपको दररेट निर्धारण नगरेको जनाई जिल्ला दररेटलाई आधार लिई उक्त पाईप खरिदमा प्रति के.जी. रु.२५५ ले लागत अनुमान तयार गरेकोले प्रति के.जी. रु.४१ बढी दर कायम गरेबाट रु.८४ लाख ५८ हजार बढी लागतमा खरिद गरेको छ । मितव्ययी तवरले खरिद गर्नुपर्दछ ।

२५. **बोलपत्रको शर्त :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ मा बोलपत्र सम्बन्धी कागजात तयार गर्नुपर्ने र सोही दफाको उपदफा २(छ) मा बोलपत्र सम्बन्धी कागजातमा बोलपत्र मूल्याङ्कन र बोलपत्रदाताको छनौट गर्ने आधार र तरिका उल्लेख गर्नुपर्ने उल्लेख छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, रामेछापले विभिन्न तीन योजनामा बोलपत्रको माध्यमबाट खरिद कारबाही गरेकोमा बोलपत्र सम्बन्धी कागजात स्टयाण्डर्ड बिडिङ्ग डकुमेन्टमा बोलपत्रदाताको सामान्य अनुभव तोकेको छ । उक्त बिडिङ्ग डकुमेन्टमा संयुक्त उपक्रममा बोलपत्र कबोल गर्ने प्रत्येक साझेदारको बोलपत्र दाखिला गर्ने अन्तिम म्यादभन्दा पहिले ३ वर्ष सामान्य निर्माण कार्य गरेको अनुभव हुनुपर्ने व्यवस्था गरेको छ । कार्यालयले यस वर्ष रु.१७ करोड ८१ लाख ५७ हजार लागत अनुमान भएका तीनवटा बोलपत्र मूल्याङ्कन गर्दा उक्त व्यवस्थाको परिपालना नगरी अनुभवका प्रमाणपत्र पेश नगरेका निर्माण ब्यबसायीको कबोल अङ्क रु.१७ करोड ६६ लाख २९ हजारको स्वीकृत गरी यस वर्ष रु.२ करोड ८० लाख ५४ हजार भुक्तानी दिएको छ । यसरी स्टयाण्डर्ड बिडिङ्ग डकुमेन्टमा उल्लेखित व्यवस्था विपरीत अनुभवका प्रमाणपत्र पेश नगरेका बोलपत्रहरू स्वीकृत गरी भुक्तानी दिएको नियमसम्मत् देखिएन ।

२६. **टैंकी निर्माण** : खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, भक्तपुरले संसद विकास कोषको रकमबाट सूर्य बिनायक नगरपालिका मार्फत सिरुटार खानेपानी योजनाको लागि रु.१ करोड ५ लाख ४८ हजार बजेट प्राप्त भएकोमा ओभरहेड टैंकी निर्माणमा रु.९५ लाख ८३ हजार खर्च भएको छ । उक्त योजनाको स्थलगत निरीक्षण गर्दा पानीको स्रोत सुनिश्चित नभएको तथा बोरीङ समेत नभएको अवस्था देखियो । पानीको स्रोत नै सुनिश्चित नगरी ट्याङ्की निर्माण गरेको मनासीब देखिएन ।

२७. **पानीको स्रोत** : खानेपानी तथा सरसफाई डिभिजन, भक्तपुरबाट सञ्चालित टिकाथली खानेपानी आयोजनाको सम्झौता रकम रु.१२ करोड ८६ लाख ५७ हजारमध्ये हालसम्म रु.७ करोड ८४ लाख ५१ हजार भुक्तानी भई दुई वटा डिपट्यूववेलको सामग्री आपूर्ति तथा जडान बापत रु.६१ लाख ५६ हजार, हाउस कनेक्सनको लागि पाईप खरिद रु.८१ लाख २९ हजार, एचडिपि तथा जीआई पाईप आपूर्ति रु.३ करोड ७३ लाख ८२ हजार, फिटङ्स सामग्री आपूर्ति तथा जडान बापत रु.५० लाख ५२ हजार खर्च भएकोमा स्थलगत निरीक्षणको क्रममा एक डीप ट्यूववेलबाट स्पेसीफिकेसन बमोजिम पानी नआएकोले परीक्षण गर्न नसकिने जानकारी निर्माण व्यबसायीको प्रतिनिधी र साईट ईन्जीनियरबाट प्राप्त भएको छ ।

अर्को एक डीप ट्यूववेल परीक्षण गर्दा पानी आए तापनि डिस्चार्ज कम रहेको देखियो । पानीको सतहको राम्रोसँग परीक्षण नगरी बोरीङ गरिएको कारणबाट खानेपानी योजना सम्पन्न भएपछि समस्या आउने स्थिति देखिन्छ ।

२७.१. उक्त योजनामा निर्माण व्यवसायीले हाउस कनेक्सनको लागि जि.आई. पाईप खरिद बापत रु.८१ लाख २९ हजार र एचडिपि तथा डिआई पाईप रु.३ करोड ७३ लाख ८२ हजारको आपूर्ति गरी निर्माण स्थलमा यत्रतत्र राखेको पाईयो । एउटा बोरीङमा पानी नआएकोले पानीको स्रोतको सुनिश्चिततानै नभएको अवस्थामा पाईप जडान हुने समय निश्चित नभएकोमा अग्रिमरूपमा पाईप आपूर्ति गरी निर्माण व्यवसायीलाई रकम भुक्तानी गर्नु मनासिब देखिएन ।

२७.२. सोही योजनामा कार्यालयले फिटङ्स सामग्री आपूर्ति तथा जडान बापत रु.५० लाख ५२ हजार निर्माण व्यवसायीलाई भुक्तानी गरेको देखियो । उक्त योजनाको स्थलगत निरीक्षण गर्दा पाईपहरू आंसिक मात्र जडान भई बाँकी निर्माण स्थलमा डम्प गरेर राखेकोले फिटिङ्स सामग्री पूर्णरूपमा प्रयोग हुने अवस्था देखिएन । सम्पूर्ण निर्माण सामग्री जडान गर्नुपूर्व नै जडान बापतको रकम भुक्तानी गर्नु सम्झौता अनुसार नदेखिएकोले सम्बन्धितलाई जिम्मेवार बनाउनु पर्दछ ।

पूर्वाधार विकास कार्यालयहरू

२८. **थप ब्यय भार** : सार्वजनिक निर्माण कार्य मितब्ययी तरिकाले गर्नुपर्दछ । पूर्वाधार विकास कार्यालय, नुवाकोटले एक सडकको चेनेज ०+००० देखि १+५१५ सम्म निर्माण गर्नको लागि रु.४८ लाख २६ हजारको लागत अनुमान तयार गरी एक निर्माण सेवाको रु.२९ लाख ८८ हजार (३८.०९ प्रतिशत कम) कबोल अङ्क स्वीकृत गरेपश्चात् बोलपत्रबाट बचत रहेको रकमबाट सोही बाटोको चेनेज ०+००० देखि १+३५० सम्म निर्माणको लागि रु.२१ लाख ५५ हजारको लागत अनुमान तयार गरी शिखरबेशी कुवापानी रातमाटे सडक निर्माण उपभोक्ता समिति मार्फत कार्य गराएको देखियो । यसरी उपभोक्ता समितिले कार्य गर्दा उक्त कार्य आफैं नगरी एक्साभेटर प्रयोग गरी बाटोको माटो काट्ने काम २५ हजार ३०९।८ घ.मी. को कार्य सोही कन्स्ट्रक्सन प्रा.लि.मार्फत कार्य गराई रु.१९ लाख २५ हजार रकमको बील समावेश गरी उपभोक्ता समितिलाई रु.१६ लाख ४७ हजार रकम भुक्तानी दिएको छ । एउटै सडकमा एउटै निर्माण ब्यवसायीबाट दुइपटक कार्य गर्दा पहिलो पटक प्रतिघनमिटर रु.५६।५ का दरले र अर्को पटक रु.१२६।६३ का दरले क्रमशः ३१ हजार ४४९ र २५ हजार ३०९ घ.मी. माटो कटान गरी फरक फरक दरमा कार्य गरेकोले कार्यालयलाई रु.१७ लाख ७५ हजार बढी व्ययभार परेको छ । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

२८.१. सोही कार्यालयले खरानीटार रालुका सडक स्तरोन्नती गर्ने कार्यको लागि नापी किताब अनुसार निर्माण व्यवसायीले चेनेज ०+००० देखि ०+४८२ सम्म अर्थ वर्क, ढुङ्गाको गारो लगाउने, सिमेन्ट कंक्रिटको कार्यहरू गरेकोमा उक्त चेनेज भित्रकै चेनेज ०+००० देखि ०+४५० सम्म उपभोक्ता समितिले कतिपय एउटै आइटमका कार्यहरू समेत गरेको पाइएकोले काममा दोहोरो पर्न सक्ने पर्याप्त सम्भावना रहने हुदा यस सम्बन्धमा यथार्थता यकिन गरिनुपर्दछ । सडक निर्माण कार्यको लागि यो वर्ष निर्माण व्यवसायीलाई रु.६६ लाख ४० हजार भुक्तानी गरेकोमा उक्त सडकमा उपभोक्ता समिति मार्फत कार्य गराई रु.१५ लाख ६५ हजार भुक्तानी भएको छ । उक्त निर्माण कार्यमा उपभोक्ता समितिसँग गरिएका अर्थ वर्क, गाह्रो लगाउने, कंक्रिट गर्ने आइटमका कार्यहरू निर्माण व्यवसायीसँग गरेकोभन्दा महंगो दरमा गराएकोले कार्यालयलाई रु.९ लाख ४१ हजार थप व्ययभार परेको देखियो ।

२८.२. सोही कार्यालयले एउटै स्थानमा चेनेज नखुलाई निर्माण व्यवसायी तथा उपभोक्ता समितिसँग कार्य गराउँदा मेशिनरी वाल, ग्याविन, अर्थ वर्क आइटमहरूमा फरक दरमा भुक्तानी भएको कारण ३ योजनामा रु.१९ लाख ३९ हजार व्ययभार परेको देखिएको छ ।

२९. **पूर्वनिर्धारित क्षतिपूर्ति** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको समयमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय, रामेछापले गुम्देल खोला पुल निर्माण कार्यको लागत अनुमान रु.३ करोड ४८ लाख ६२ हजार रहेकोमा एक निर्माण उपक्रमसँग २०७४।७।१५ मा कार्यसम्पन्न गर्ने गरी रु.२ करोड ५१ लाख ५७ हजारको सम्झौता भई मन्त्रालयको निर्णयानुसार भेरिशएन सहित २०७७।२।२० सम्म म्याद थप भएको छ । म्याद थप हुँदा पूर्वनिर्धारित क्षतिपूर्ति लिने निर्णय भएकोले संशोधित सम्झौता रु.२ करोड ७५ लाख ३६ हजारको १० प्रतिशतले रु.२७ लाख ५४ हजार असुल गर्नुपर्दछ ।

३०. **लागत अनुमान** : नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभागबाट वि.स.२०७३ मा जारी भएको स्पेशिफिकेशन मापदण्ड बूँदा नं.१३०२ मा सडक निर्माणमा प्रयोग हुने प्राइम कोट/ट्याककोटको परिमाण गणना गर्ने तरिका अनुसार प्राइम कोटका लागि ०.५ देखि ०.६ के.जी. प्रतिवर्गमिटर विटुमिन खपत हुने कुरा उल्लेख भएको एवं नेपाल सरकारबाट निर्मित सडकहरूमा ०.५ के.जी. प्रतिवर्गमिटरका दरले परिमाण गणना गर्ने असल अभ्यास रहेको छ । पूर्वाधार विकास कार्यालय रामेछापले यस वर्ष सम्झौता भएका दुई योजनामा के.जी.लाई लिटरमा परिणत गरी प्रयोग गर्दा उक्त नर्म्स अनुसार ०.४७६ लिटर प्रतिवर्गमिटर प्रयोग गर्नुपर्नेमा ०.६३ लिटर प्रतिवर्गमिटर गणना गर्दा दुई योजनाको उक्त आइटममा १९ हजार ८९३ लिटर बढी परिमाण राखी लागत अनुमान तयार गरेको कारण रु.२१ लाख ४३ हजार लागत बढ्न गएको छ ।

३१. **भेरिएशन** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा श्रृजना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएशन आदेश जारी गर्न सक्ने, नियम ११८ मा भेरिएशन परिमाणको प्राविधिक पुष्ट्याई र कारण खुलाउनु पर्ने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय नुवाकोटले सम्झौता रु.२ करोड ७४ लाख ४० हजार रहेको ५ निर्माण कार्यमा रु.२ करोड ४३ लाख २ हजारको मात्र कार्य गराई प्राविधिक पुष्ट्याई र कारण नखुलाई सोही कार्यलाई अन्तिम मानी निर्माण व्यवसायीलाई भुक्तानी दिएको छ । सम्झौतामा तोकिएकोभन्दा न्यून काम गरेको अवस्थामा समेत निर्माण व्यवसायीलाई कानुनबमोजिम जिम्मेवार नबनाई भेरिएसन आदेश स्वीकृत बेगर नै निर्माण कार्य अन्त्य गर्ने कार्य कानुनसम्मत् देखिएन । कानुनबमोजिम कार्य गराई निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

३२. **अधुरो काम** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ मा खरिद सम्भौता बमोजिमको काम नगर्ने निर्माण व्यवसायीको खर्चमा बाँकी कार्य गराउनु पर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

३२.१. पूर्वाधार विकास कार्यालय, नुवाकोटको सम्झौता रकम रु.३ करोड ४४ लाख ७६ हजारका विभिन्न ४ निर्माण ठेक्काहरूको सम्झौतामा तोकिएको अवधी समाप्त भइसकेकोमा रु.१ करोड ८५ लाख ४२ हजारको मात्र कार्य भई निर्माण कार्य अधुरो अवस्थामा देखियो । यसरी निर्माण कार्य अधुरो भएकोमा नियमानुसार निर्माण कार्य सम्पन्न गराउनु पर्दछ ।

३२.२. सोही कार्यालयका सम्झौता रकम क्रमशः रु.६ करोड ३७ लाख १६ हजार र रु.२ करोड २७ लाख ६९ हजार रहेका दुई पुल निर्माण कार्यहरू सम्झौतामा तोकिएको अवधि समाप्त हुँदा समेत केवल ५० र १५ प्रतिशत मात्र सम्पन्न भई क्रमशः रु.२ करोड ४० लाख २७ हजार र रु.७५ लाख ५९ हजार मात्र खर्च भएकोले कार्य नभई अधुरो रहन गएको देखियो । यस प्रकार अधुरो रहन गएका ठेक्काहरूको सम्बन्धमा सम्झौताको शर्त अनुसार कार्य सम्पन्न गराउनु पर्दछ ।

३३. म्याद थप : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ तथा नियमावली, २०६४ को नियम १२० को उपनियम (१) मा कावुबाहिरको परिस्थितिले सार्वजनिक निकायले उपलब्ध गराउनुपर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिव कारणबाट खरिद सम्झौताको अवधि नवढाई नहुने भएमा म्याद थप गर्न सक्ने व्यवस्था छ । यस सम्वन्धमा अन्य व्यहोरा निम्नानुसार रहेको छ :

३३.१. पूर्वाधार विकास कार्यालय, चितवनबाट सामरी खोला पूल निर्माण कार्य २०७४।१२।१० मा सम्पन्न गर्ने गरी एक निर्माण ब्यवसायीसँग २०७३।९।११ मा रु.५ करोड ३४ लाख ९२ हजारको सम्झौता भएकोमा यस वर्षसम्म रु.१ करोड ६७ लाख ८० हजार (३१.१९ प्रतिशत) मात्र खर्च भई जनरल आइटम र फाउन्डेसनको मात्र कार्य भएको छ । पहिलो पटक निर्वाचन लगायतको कारण उल्लेख गरी अन्तिम पटक भनी २०७६।३।३० सम्म म्याद थप भएकोमा पुनः २०७७।११।१९ सम्म म्याद थप गरेको छ । तर सो कार्य सम्पन्न भएको छैन ।

३३.२. पूर्वाधार विकास कार्यालय, चितवनले बागमती सिक्रेदोभान प्रि स्ट्रेस पुल निर्माण कार्य २०७६।५।२७ मा सम्पन्न गर्ने गरी रु.१३ करोड १७ लाख २२ हजारमा एक निर्माण ब्यवसायीसँग २०७४।३।३० मा सम्झौता गरी रु.२ करोड ३२ लाख ५७ हजार पेस्की दिएकोमा कार्य शुरु नै नगरेकोले ज्वाइन्ट कन्स्ट्रक्सन सर्भे गरी कन्स्ट्रक्सन ड्रईङ्ग स्वीकृत गराउन र कार्य तालिका पेश गर्न २०७४।५।३० मा निर्देशन दिएको छ । तत्पश्चात् २०७६।११।१५ मा प्रगति विवरण माग गरेको र निरीक्षण गर्दा प्रगति नदेखिएको भनी २०७६।११।२१ मा कार्य प्रगति र कार्यतालिका पेश गर्ने अन्यथा कारबाही हुने भनी पत्राचार भए तापनि निर्माण व्यवसायीलाई जिम्मेवार नबनाई सचिव स्तरीय निर्यणयानुसार २०७७।११।२९ सम्म म्याद थप भएको छ । मनासिव कारण बेगर म्याद थप गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

३३.३. पूर्वाधार विकास कार्यालय, नुवाकोटले मान्द्रेढुङ्गा खड्गभन्ज्याङ्ग, गोरस्याङ्ग दाङसिंग काफलपानी सडक स्तरोन्नती गर्ने कार्य एक निर्माण व्यवसायी कम्पनीसँग १५ महिनामा सम्पन्न गर्ने गरी ११ कार्तिक २०७३ मा रु.१२ करोड ६५ लाख ९४ हजारको ठेक्का सम्झौता भएकोमा चौथो पटक २०७६।४।१८ सम्म म्याद थप गरी यो वर्ष अन्तिम बिल समेतबाट रु.१ करोड ५९ लाख ३६ हजार भुक्तानी गरेको छ । कार्यालयले ४ पटकसम्म गरी १३३ प्रतिशत हुने गरी २० महिनाभन्दा बढी अवधि थप गरेको छ । प्रथम पटक कार्यालय प्रमुखले म्याद थप गरेको र दोश्रो पटक प्रदेश मन्त्रालयका सचिवबाट थपको निर्णय भएकोमा तेश्रो पटक मन्त्रालय मातहत रहेको निर्देशनालयका निमित्त निर्देशकबाट म्याद थपको निर्णय गरेको छ भने चौथो पटक मन्त्रालयका सचिवबाट थप गरेको छ । दोश्रो र चौथो पटक म्याद थपको निर्णय प्रदेश मन्त्रालयको सचिवबाट गरेकोमा तेस्रो पटक मन्त्रालय मातहत निर्देशनालयबाट म्याद थप गरिनु नियमसम्मत् देखिएन । नियमानुसार म्याद थपको निर्णय गरिनुपर्दछ ।

३३.४. पूर्वाधार विकास कार्यालय, नुवाकोटबाट तीन पिपले ओखरपौवा कोल्पु गल्छी सडक कालोपत्रे गर्ने कार्य २ वर्षभित्र सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७२।३।१० मा रु.१६ करोड ९९ लाख १८ हजारको सम्झौता भएकोमा कार्यालयले तेस्रो पटक अवधि थप गर्दा बन्द, वर्षा, चाडपर्व र चिसोको कारण कालोपत्रे गर्न नसकिने आदि उल्लेख गरी म्याद थप माग भएकोमा मन्त्रालयबाट अन्तिम पटकको लागि भनी २९० दिन म्याद थप स्वीकृत गरेको छ । तेस्रो पटक अन्तिम भएको विभिन्न कारण देखाई पुनः चौथोपटक ३२० दिन म्याद थप गरेको छ । तेस्रो पटकको म्याद थपमध्ये ५० दिन र चौथो पटकको ३२० दिन म्याद थप गर्ने उचित कारण नदेखिएकोले पूर्वनिर्धारित क्षतिपूर्ति लिने गरी म्याद थप गर्नुपर्नेमा नलिने गरी म्याद थप गरेकोले सम्बन्धित पदाधिकारीलाई जिम्मेबार बनाउनुपर्दछ ।

३३.५. पूर्वाधार विकास कार्यालय, नुवाकोटबाट धादिङ्ग बेसीको दुन्दुरे खोलामा पुल निर्माण कार्य गर्न एक निर्माण व्यवसायीसँग २०७५ श्रावण ३१ गतेसम्म कार्य सम्पन्न गर्ने गरी २०७४ जेठ ३ मा रु.४ करोड ५८ लाख ४० हजारको सम्झौता गरेकोमा दुई पटक अवधि थप गरी सम्झौता अवधि २०७७ असोज मसान्त र भेरिएसनबाट सम्झौता रकम रु.५ करोड २६ लाख ९८ हजार कायम भएको छ । निर्माण व्यवसायीले म्याद थप माग गरेको निवेदनको आधारमा सचिवबाट २०७६।१२।३० सम्म प्रथम पटक म्याद थप स्वीकृत गर्दा अन्तिम पटकको लागि भनी निर्णय भएकोमा निर्माण व्यवसायीले निर्माण स्थलको जटिलता, विकटता र वर्षातको कारण उल्लेख गरी २०७७ फागुन मसान्तसम्म म्याद थप गर्न दिएको निवेदनको आधारमा प्रदेश मन्त्रिस्तरिय २०७७।५।१९ को निर्णयबमोजिम दोस्रो पटक कार्यालय प्रमुखबाट २०७७ असोज मसान्तसम्म म्याद थप गरेको छ । निर्माण स्थलको जटिलता र विकटता, वर्षात जस्ता विषय पूर्व जानकारी भएका विषय भएको, निर्माण व्यवसायीले २०७६ फागुन १५ गते २०७७ फागुन मसान्तसम्म र २०७६।१२।५ गते असोज मसान्तसम्म म्याद थप माग गरी निवेदन दिएबाट २०७६ चैत्र ११ गतेबाट शुरु भएको कोभिड १९ र लकडाउनको कारण म्याद थप गर्नु परेको भन्न मिल्ने नदेखिएकोले नियम १२१ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लाग्ने गरी म्याद थप गर्नुपर्नेमा नलाग्ने गरी म्याद थप गर्ने सम्बन्धित पदाधिकारीलाई जिम्मेबार बनाउनुपर्दछ ।

३४. **डिजाइन** : पूर्वाधार विकास कार्यालय चितवनको बाँदरमुढे पूलको संशोधित लागत अनुमान रु.३ करोड १७ लाख ५५ हजार कायम भई सम्झौता रकम रु.२ करोड १८ लाख ८९ हजारबाट रु.२ करोड ५१ लाख ६८ हजार पुग्न गएको छ । सम्झौता अंकमा १४.९९ प्रतिशत भेरियसन मन्त्रालयका सचिवबाट स्वीकृत भएको उक्त कार्यमा यस वर्ष रु.३७ लाख २० हजार समेत रु.२ करोड ४९ लाख ३४ हजार खर्च भई निर्माण सम्पन्न भएको छ । उक्त पुलको उचाई जमिनको लेभलबाट ६.०५ मिटर रहेकोले ७.५ प्रतिशत स्लोप राख्दा पनि पहुँचमार्ग ८.५ मिटर हुन आउने हुँदा इम्व्याकमेन्टको परिमाण ३०० घ.मी.ले नपुग्ने भनी संशोधित लागत अनुमानमा ४ हजार ८०० घ.मी. अर्थात् २ हजार ५०० प्रतिशत वृद्धि गरी ४ हजार ३४५ घ.मी. कार्य भएको देखिन्छ। पुलको स्थलगत निरीक्षण गर्दा साइटको अवस्थाको बास्तविक पहिचान नगरी बढी उचाई कायम गरी डिजाइन गरेको कारण भेरीयसन गर्नुपरेकोले एबुटमेन्ट र पिलर निर्माणको कार्यमा समेत बढी परिमाणको कार्य गर्नु परेको छ भने इम्व्याकमेन्ट निर्माणको परिमाण अत्याधिक थप भई शुरु सम्झौताभन्दा रु.३० लाख ४५ हजार बढी व्ययभार पर्न गएको देखिन्छ ।

३५. **त्रुटीपूर्ण निर्माण :** पूर्वाधार विकास कार्यालय, चितवनको कयरखोला पूल निर्माण कार्यको लागत अनुमान रु.६ करोड ६० लाख ४२ हजार रहेकोमा निर्माण कार्य २०७५।६।२७ मा सम्पन्न गर्ने गरी एक संयुक्त उपक्रमसंग रु.५ करोड २६ लाख ६१ हजारको सम्झौता भएकोमा गत वर्षसम्म रु.३ करोड ८३ लाख ८४ हजार भुक्तानी भई ७२.८१ प्रतिशत कार्य भएको देखिन्छ । २०७७ आषाढसम्म म्याद थप भएको एवं यस वर्ष सुपरस्ट्रक्चरको कार्य भए तापनि सो कार्यको स्ट्रेन्थ एम ४५ हुनुपर्नेमा सो नभई गुणस्तर सन्तोषजनक नभएकोले कार्यालयले २०७७।१०।२८ मा त्रुटी सुधारको विस्तृत योजना पेश गर्नको लागि पत्राचार गरेको छ । निर्माण कार्यको नियमानुसार म्याद थप गरी गुणस्तरीय निर्माण कार्य गराउनु पर्दछ ।

प्रादेशिक सडक डिभिजनहरू

३६. **कार्यक्रम संशोधन :** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २५ अनुसार कार्यालयले स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा स्थानीय परिस्थितिलाई समेत ध्यानमा राखी कारण खोली मन्त्रालयको स्वीकृति लिई कार्यक्रममा आवश्यक संशोधन गर्नुपर्नेमा प्रादेशिक सडक कार्यालय, सिन्धुलीले कार्यक्रम संशोधन नगराई खर्च नभएका योजनाको बजेटबाट विभिन्न ७ योजनामा स्वीकृत बजेटभन्दा रु.१ करोड १६ लाख ३२ हजार बढी खर्च गरेको छ । स्वीकृति बेगर खर्च गरेको कानुनसम्मत् देखिएन ।

३७. **पूर्वनिर्धारित क्षतिपूर्ति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० को उपनियम (६ख) मा उपनियम (६क) बमोजिम थपिएको म्यादभित्र समेत सम्झौता बमोजिमको काम सम्पन्न नभएमा म्याद थप हुनु भन्दा पहिले देखि नै लागु हुने गरी पूर्वनिर्धारित क्षतिपूर्ति लिइने प्रावधान छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

३७.१. प्रादेशिक सडक नुवाकोटले गजुरी चालिसे सुन्दर नागी सडक निर्माण २०७४।११।११ मा सम्पन्न गर्ने गरी निर्माण व्यवसायीसँग रु.६ करोड १ लाख २९ हजारको सम्झौता गरेकोमा अवधी समाप्त भएको ४ महिना पछि कार्यालयमा दर्ता नरहेको म्याद थप निवेदनको आधारमा क्षेत्रीय निर्देशकबाट २०७५ आषाढ मसान्तसम्म पहिलो पटक र प्रादेशिक सडक कार्यालय २०७६ वैशाखमा स्थापना भएको, बजेट समयमा नआएको, योजनाहरू हस्तान्तरणको प्रक्रियामा रहेको कारण उल्लेख गरी अन्तिम पटक भनी प्रदेश सचिवबाट २०७६ आषाढ मसान्तसम्म दोश्रो पटक म्याद थप गरेको छ । कार्यालयमा दर्ता रहेको एक र कार्यालयमा दर्ता नरहेको अर्को समेत दुई निवेदनको आधारमा सचिवबाट नियमावलीको नवौं संशोधनको प्रावधान बमोजिम २०७७।३।१६ सम्म तेश्रो पटक तथा संघीय मन्त्रिपरिषद्को २०७७।३।२९ को नीतिगत निर्णयानुसार २०७७।९।१५ सम्म कार्यालय प्रमुखले चौथो पटक म्याद थप गरेको छ । नवौं संशोधनको नियम १२० उपनियम (६ख) विपरीत कार्यालय प्रमुखले चौथो पटक म्याद थप गरेको, नियमावलीको नियम १२० अनुसारको मितिमा म्याद थपको निवेदन नदिई ढिला गरी प्राप्त निवेदनको आधारमा एवं निवेदन बेगर नै म्यादथपको निर्णय

भएको, नवौं संशोधन अनुसारको म्याद थप उक्त कानुन संशोधन भएको ६० दिनभित्र गरी सक्नुपर्ने प्रावधान विपरीत करिब १०५ दिनपछि म्याद थप गर्ने निर्णय भएको, चौथो पटक थप गरेको अवधिमा समेत निर्माण व्यवसायीले तोकिएको कार्यसम्पन्न नगरेकोले नियमावलीको नियम १२१ अनुसार पूर्वनिर्धारित क्षतिपूर्ति रु.६० लाख १३ हजार असुल गरी कार्य सम्पन्न गराउनु पर्दछ ।

३७.२. सोही डिभिजनबाट चापाको बोट बुढी सेरा घले गाउँ सडक निर्माण २०७४।३।२६ सम्म सम्पन्न गर्ने गरी निर्माण व्यवसायीसँग रु.३ करोड ८३ लाख ९७ हजारको सम्झौता भएकोमा सडक विभागका महानिर्देशकबाट २०७५।३।२५ मा थप आर्थिक व्ययभार नपर्ने गरी अन्तिम पटकको लागि भनी प्रथम पटक र नियमावलीको नियम १२० उपनियम (६ क) बमोजिम थप आर्थिक व्ययभार नपर्ने र अन्तिम पटकको लागि उल्लेख गरी पुनः २०७७।१।३० सम्म दोश्रो पटक म्याद थप भएकोमा समेत २०७७ माघ ९ गतेसम्म पनि निर्माण कार्य सम्पन्न भएको देखिएन । अतः अन्तिम पटकको लागि भनी यस अघी दुई पटक म्याद थप गर्दा राखेको शर्त, नियमावलीको नवौं संशोधनको नियम १२० उपनियम (६ ख) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम म्याद थप गर्न मिल्ने अवस्था नहुँदा नियम १२१ अनुसारले लाग्ने पूर्व निर्धारित क्षतिपूर्ति रु.३८ लाख ४० हजार असुल गरी निर्माण कार्य सम्पन्न गराउनु पर्दछ ।

३७.३. त्यस्तै सोही डिभिजनबाट धमले निरञ्जना दुई पिपल सडक स्तरोन्नती र कालोपत्रे गर्ने कार्य २०७६ असोजसम्म सम्पन्न गर्ने गरी निर्माण व्यवसायीसँग रु.१५ करोड ५४ लाख ७२ हजारको सम्झौता भएकोमा प्रदेश सचिवबाट नियमावलीको नियम १२०(४) बमोजिम मूल्य समायोजन नहुने र प्रदेश सरकारलाई कुनै पनि किसिमको थप व्ययभार नपार्ने शर्त राखी २०७७।२।२२ सम्म अन्तिम पटकको लागि भनी म्याद थप स्वीकृत गरेको छ । लेखापरीक्षण अवधि २०७७ माघ ९ गतेसम्म पनि उक्त निर्माण कार्यसम्पन्न भएको नदेखिएको हुँदा सम्झौता र कानुनबमोजिम निर्माण कार्य गराउनु पर्दछ ।

३८. **प्रोभिजनल सम** : प्रोभिजनल समबाट थप कार्य गर्दा निर्माण व्यवसायीले कार्यालयबाट पूर्व स्वीकृति लिई खरिद लगायतमा भएको वास्तविक खर्चको बिल बिजकहरू संलग्न गरेर भुक्तानी दिनुपर्नेमा प्रादेशिक सडक डिभिजन नुवाकोटले धमले निरञ्जना दुई पिपल सडक निर्माण कार्यका निर्माण व्यवसायीलाई पाँचौं रनिङ्ग बिलको रु.२ करोड ८२ लाख ४४ हजार भुक्तानी दिदा प्रोभिजनल समबाट निर्माण व्यवसायीले एच.डी.ई.पी. पाइप र ह्य्यूम पाइप खरिद गरेको भनी रु.१२ लाख ९९ हजार ठेक्का बिलमा थप गरी भुक्तानी दिँदा पूर्वस्वीकृति लिएको र खर्चका बिल भरपाई पेश गरेको देखिएन । खरिद गरेको पाइपहरूको प्रयोग भई कार्य गरेको देखिने नापी किताब समेत पेश नभएकोले रु.१२ लाख ९९ हजार निर्माण व्यवसायीबाट असुल हुनुपर्दछ ।

जलस्रोत तथा सिंचाइ विकास डिभिजनहरू

३९. **आयोजना विवाद** : निर्माण ब्यवसायीले सम्झौता अनुसारको कार्य तोकिएको समयमा सम्पन्न गर्नुपर्नेमा सिन्धुपाल्चोकको बाह्रविसे सिंचाई आयोजना २०७४।७।२ सम्ममा निर्माण सम्पन्न गर्ने गरी २०७३।४।३ मा एक निर्माण ब्यवसायीसँग रु.१ करोड २४ लाख ८२ हजारको सम्झौता भएकोमा आयोजना निर्माणबाट भू-क्षय हुन सक्ने लगायतका कारण अवरोध सिर्जना भई निर्माण शुरु हुन सकेको छैन । निर्माण ब्यवसायीले म्याद थप माग गरेकोमा निर्णय नभएको एवं सुविस्ताको आधारमा

ठेक्का तोडी सम्झौता रद्द गर्न दिएको निवेदनमा कारबाही नभएको स्थिति छ । ठेक्काको उपयुक्त व्यवस्थापन गर्नुपर्दछ ।

४०. **ब्यय भार** : अमारेखोला सिंचाई योजना बेलकोटगढी नुवाकोटको लागत अनुमान रु.९४ लाख ४५ हजार रहेकोमा विद्युतीय बोलपत्रको सूचना अनुसार पर्न आएका ३ प्रस्तावहरूमध्ये प्रथम घटि कबोल गर्ने एक कन्स्ट्रक्सनको कवोल अङ्क रु.७० लाख ७० हजार रहेकोमा कार्यालयले स्पष्ट कारण र आधार बेगर उक्त निर्माण व्यवसायीको प्रस्तावलाई अयोग्य मानी दोश्रो घटी प्रस्ताव कवोल गर्ने अर्को संयुक्त उपक्रमको रु.७९ लाख ४९ हजार स्वीकृत गरी सम्झौता गरेकोले रु.९ लाख ९३ हजार थप व्ययभार पर्न गएको छ । स्पष्ट कारण र आधार सहित सम्झौता गर्नुपर्दछ ।

४१. **आनुपतिक कट्टी** : उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउँदा उपभोक्ता समिति र कार्यालयले ब्यहोर्ने अंश उल्लेख गरी सम्झौता भएकोले सोही अनुपातमा भुक्तानी गर्नुपर्नेमा सिमराफाँट सिंचाई जल उपभोक्ता समिति नुवाकोटसँग रु.१७ लाख १६ हजार जनश्रमदान समेत रु.५८ लाख १३ हजारको सम्झौता भएकोमा समितिले रु.४३ लाख ७ हजार बराबरको कार्य गरी रु.३४ लाख ६९ हजार भुक्तानी दिएको देखियो । उपभोक्ता समितिले घटी कार्य गरेकोमा जनश्रमदान वापत आनुपातिक रूपमा रु.१२ लाख ७१ हजार कट्टी गरी रु.३० लाख ३६ हजार भुक्तानी दिनुपर्नेमा बढी भुक्तानी दिएको रु.४ लाख ३३ हजार असुल गर्नुपर्दछ ।

४२. **बढी भुक्तानी** : प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ४५ मा खर्च गर्दा खर्चका कलमहरूको प्रमाण पुगेकोमा विश्वस्त हुनुपर्ने व्यवस्था छ । शिखरबेसी सिंचाई योजना नुवाकोटको निर्माण व्यवसायीलाई अन्तिम बिल रु.१३ लाख ११ हजार भुक्तानी दिंदा जम्मा भएको कार्य रु.६९ लाख ७६ हजार (मूल्य अभिवृद्धिकर बाहेक) मा अघिल्लो बिलसम्मको भुक्तानी रु.५९ लाख २४ हजार घटाउनु पर्नेमा रु.५८ लाख १५ हजार घटाएर रु.१ लाख ८ हजार बढी भुक्तानी दिएको, जलस्रोत तथा सिंचाई विकास डिभिजन, ललितपुरले उपभोक्ता समितिलाई भुक्तानी दिंदा श्रमदानको अंश कट्टा नगरी भुक्तानी दिई बढी भुक्तानी दिएको रु.१ लाख ९० हजार, जलस्रोत तथा सिंचाई विकास डिभिजन, दोलखाले फरक दरबाट भुक्तानी दिई बढी भुक्तानी भएको रु.३ लाख ४४ हजार समेत रु.६ लाख ४२ हजार असुल हुनुपर्दछ ।

४३. **प्रयोगको पुष्ट्याई :** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३७(३) मा खर्च गर्दा खर्चको बिल भर्पाई र पुष्टयाई सहित लेखा राख्नु पर्ने प्रावधान रहेको छ । जलस्रोत तथा सिंचाई विकास डिभिजन, काठमाडौंले आपतकालीन बाढी तथा पहिरो पुनःस्थापना कार्यका लागि दुई सप्लायर्सहरूसंग रु.९ लाख ६३ हजार ग्याबियन बक्स खरिद गरी सरोकारवालालाई वितरण गरेकोमा प्रयोग भएको प्राविधिक पुष्टयाइ सहितको प्रमाण पेश हुनुपर्दछ ।

४४. **अधुरो निर्माण कार्य** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८(२)(घ) मा सम्झौता अनुसारको कार्य सम्बन्धितबाट गराउनु पर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

४४.१. लागत अनुमान रु.३१ लाख ३८ हजार रहेको चोक्टे खोला रूपथाङ खोला सिंचाई योजना दोलखाको निर्माण कार्यको लागि उपभोक्ता समिति र जलस्रोत तथा सिंचाई विकास डिभिजनबीच २०७७।३।२०

मा कार्यसम्पन्न गर्ने गरी २०७७।२।२७ मा सम्झौता भएकोमा रु.११ लाख १५ हजारको (३५.५१ प्रतिशत) मात्र कार्य गरी सम्पन्न देखाएकोले योजना अलपत्र अवस्थामा रहेको छ ।

४४.२. जलस्रोत तथा सिंचाई विकास डिभिजन, सिन्धुलीबाट २०७६।११।१२ मा सम्झौता भई २०७७।३।२५ मा सम्पन्न हुनुपर्ने सम्झौता रकम रु.१ करोड ७७ लाख १७ हजार रहेका नदी नियन्त्रणका ३ योजनामा रु.८८ लाख २१ हजारको (४९.७ प्रतिशत) मात्र कार्य भएकोमा २०७७।७८ मा ती योजनामा रकम विनियोजन नभएकोले योजना अधुरो रहेको छ । आवश्यक बजेट व्यवस्था गरी उक्त योजना सम्पन्न गर्नुपर्दछ ।

४४.३. नुवाकोटको एक सिंचाई निर्माण कार्यको लागि उपभोक्ता समितिसँग रु.४८ लाख ८८ हजारको सम्झौता भएकोमा तोकिएको अवधिभित्र रु.२९ लाख ९० हजारको मात्र कार्य गरी कार्यसम्पन्न गरेको देखियो । यसरी घटि कार्य गरेकोमा भेरिएशन आदेश स्वीकृत नगरेको एवं समितिलाई जवाफदेही नबनाएको उचित देखिएन । यस्तो कार्यमा सुधार हुनुपर्दछ ।

शहरी विकास तथा भवन कार्यालय

४५. **सीमाभन्दा बढीको कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु.१ करोडसम्म लागत अनुमान भएको निमार्ण कार्य मात्र सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिने तथा उक्त लागतमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ । शहरी विकास तथा भवन कार्यालय, काभ्रेपलाञ्चोकले मूल्य अभिवृद्धि कर र ओभरहेड सहित रु.२ करोड २६ लाख ५० हजार लागत अनुमान भएका दुई योजनामा उपभोक्ता समितिबाट गराई यस वर्ष रु.१ करोड ७० लाख खर्च गरेको कानुनसम्मत् देखिएन । सीमाभन्दा बढीको कार्य बोलपत्रको माध्यमबाट गराउनु पर्दछ ।

४६. **उपभोक्ता समितिको योगदान** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा लगत अनुमानमा समावेश भएको जनश्रमदानको अंश कट्टी गरी उपभोक्ता समितिलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । शहरी विकास तथा भवन कार्यालय, मकवानपुरले उपभोक्ता समिति मार्फत गराएका १० निर्माण कार्यमा उपभोक्ता समितिको अंश सम्झौतामा उल्लेख नगरी कार्य गराई रु.१ करोड १८ लाख १६ हजार भुक्तानी दिएको छ । उपभोक्ता समितिको जनश्रमदानको अंश बेगर समिति मार्फत काम गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

४७. **उपभोक्ता समितिबाट सरकारी भवन निर्माण** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१क) मा उपभोक्ता समितिबाट कार्य गराउँदा जनसहभागिता अंश समावेश गर्नुपर्ने, नियम ९७(३)(घ) मा सम्पन्न निर्माण कार्यको संचालन वा मर्मत सम्भार उपभोक्ता समितिले गर्नुपर्ने व्यवस्था छ । शहरी विकास तथा भवन कार्यालय, सिन्धुलीले लागत अनुमान रु.५३ लाख ७५ हजार रहेको फिक्कल तालिम केन्द्र भवन निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएको छ । लागत सहभागिता नहुने र संचालन र मर्मत सम्भार उपभोक्ता समितिबाट नहुने यस्ता कार्य प्रतिस्पर्धात्मक तरिकाले गर्नुपर्दछ ।

४८. **जनता आवास कार्यक्रम** : जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ को बूँदा नं. ५ मा साधारणतया दश लाभग्राही परिवार वसोवास भएको स्थान वा वस्तीमा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने उल्लेख छ । सोही कार्यविधिको बुँदा नं.७ मा सम्झौता बमोजिम शौचालय सहितको आवास इकाई निर्माण भएपछि मात्र आवास निर्माण कार्यसम्पन्न भएको मानिने, बुँदा नं. ८(३) मा लागत सहभागिता

बापत लाभग्राहीले कम्तीमा सुलभ शौचालय स्तरको एउटा शौचालय अनिवार्य रूपमा निर्माण गर्नुपर्ने एवं कार्यविधिको अनुसूची-३ मा छाना तथा झ्याल ढोका र शौचालय निर्माण कार्यसम्पन्न भएपछि सम्झौता रकमको अन्तिम किस्ता (१० प्रतिशत) सम्बन्धित खातामा उपलब्ध गराइने उल्लेख छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

४८.१. वार्षिक कार्यक्रम अनुसार मकवानपुर जिल्लामा २०७४।७५ बाट शुरु भएका ५०० घरधुरी र २०७६।७७ मा ६५० घरधुरी एवं चितवन जिल्लामा ८०२ घरधुरी निर्माण गर्नुपर्नेमा मकवानपुर जिल्लाको क्रमागततर्फ ३५८ घरधुरी निर्माण सम्पन्न भई रु.१ करोड ७८ लाख ५५ हजार भुक्तानी भएको र ९ घरधुरीलाई दोस्रो किस्तासम्मको रकम रु.९ लाख ६० हजार समेत रु.१ करोड ८८ लाख १५ हजार भुक्तानी दिएको देखिन्छ । मकवानपुर जिल्लातर्फ २०७६।७७ को ६५० घरधुरीको कार्यक्रम र चितवन जिल्लाको ८०२ घरधुरीको कार्यक्रम संचालन भएको छैन । कार्यक्रम संचालन गरी लक्ष्य अनुसारको प्रगति हासिल गर्नुपर्दछ ।

४८.२. शहरी विकास तथा भवन कार्यालय, सिन्धुलीले कार्यक्रमको लागि ५९५ लाभग्राही पहिचान गरेकोमा १० घरको पहिलो किस्ता, ५६ घरको दोस्रो र २०२ घरको अन्तिम किस्ता भुक्तानी दिई २६८ घर निर्माण कार्य कार्यान्वयन गरेको छ । पहिचान भएका बाँकी लाभग्राहीका आवास निर्माण कार्य तदारुकतासाथ अगाडि बढाउनु पर्दछ ।

४८.३. शहरी विकास तथा भवन कार्यालय, नुवाकोटले नुवाकोटमा ७८, धादिङमा २२१ र रसुवामा ३९ जना लाभग्राहीसँग आवास निर्माणको लागि सम्झौता भएकोमा नुवाकोटमा ४६, धादिङमा २२१ र रसुवामा ३९ जना लाभग्राहीले पहीलो किस्ता बापत रु.२ करोड ४५ लाख ३४ हजार अनुदान लिएका छन् । दश लाभग्राही परिवार वसोवास भएको स्थान वा वस्तीमा गर्नुपर्ने प्रावधान भएपनि विभिन्न स्थानमा छुट्टाछुट्टै छरिएर रहेका दलित लाभग्राहीलाई छनौट गरी अनुदान उपलब्ध गराएको छ । कार्यविधिले एकीकृत वस्ती निर्माण तथा विकासको अपेक्षा गरे पनि सो अनुरूप आवास कार्यक्रम संचालन नभएकोले कार्यविधिको पालना गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

४८.४. शहरी विकास तथा भवन कार्यालय, नुवाकोटले ८३ घरको अन्तिम किस्ता भुक्तानी गरेकोमा प्राविधिकद्वारा तयार गरेको लागत अनुमान एवं कार्यसम्पन्न प्रतिवेदनमा शौचालय निर्माण भएको नदेखिएकोले कार्यविधिको व्यवस्थाबमोजिम लाभग्राही सुलभ शौचालय निर्माण गरेको रु.२४ लाख ८९ हजार भुक्तानी मनासिव देखिएन ।

यातायात व्यवस्था कार्यालय

४९. **राजस्व** : यातायात व्यवस्था कार्यालयहरू, काठमाण्डौ, ललितपुर, भक्तपुर र मकवानपुरका ६ कार्यालयबाट २ पाङ्ग्रे तथा ४ पाङ्ग्रे सवारी साधनको नयाँ सवारी चालक अनुमति पत्र वितरण, नवीकरण तथा विदेशी सवारी चालक अनुमति पत्रको नेपालीकरण जस्ता सेवा प्रवाह हुँदै आइरहेको छ । यातायात व्यवस्था विभागबाट सवारी साधनहरूको दर्ता तथा नवीकरण एवं व्यवस्थित अभिलेख र राजस्व असुलीमा सहजताका लागि प्रयोगमा ल्याएको भेइकल रजिस्ट्रेशन सिस्टम (भि.आर.एस.) प्रणाली लागू गरी यस वर्ष ६ कार्यालयले नयाँ सवारीचालक अनुमति पत्र जारी, नवीकरण जस्ता सेवा प्रवाहबाट रु.३ अर्ब ८९ करोड ५९ लाख १२ हजार राजस्व आर्जन भएको छ ।

४९.१. उक्त सफ्टवेयरबाट दैनिकरूपमा प्राप्त सबै प्रकारका राजस्व आम्दानी राजस्वको मासिक प्रतिवेदन (म.ल.प.फ.नं.११०) सँग स्वचालित रूपमा भिडान हुनुपर्नेमा प्रणालीमा अटोलिङ्क, सेल्फरिपोटिङ र

सेल्फ डिस्प्ले नभई मेनुअल्ली गर्नुपर्ने अवस्था छ भने सवारी साधन दर्ता र नवीकरण विवरण सफ्टवेयरबाट प्राप्त नहुने, एउटै रसिद नम्बरबाट दुई पटक कारोवार देखिने, तिर्नुपर्ने रकमको जोड्जम्मा फरक देखाउने, सवारी नम्बर फरक परी रसीद काटिएमा नम्बर सच्याउने व्यवस्था सिष्टममा नभई रद्द गर्नुपर्ने तर रद्द गरिएका रसीदहरूको छुट्टै प्रतिवेदन नहुने, सवारी साधनको दर्ता, सवारी कर, नवीकरण शुल्क, जरिवाना, रुटपरमिट र अन्य राजस्व बापत जति रकम प्रविष्टी गर्दा पनि सफ्टवेयरले अस्वीकार नगर्ने अवस्थाले गर्दा सङ्कलित राजस्व यथार्थपरक छ भन्ने अवस्था छैन । तसर्थ सफ्टवेयर अपडेट गरी सवारी दर्ता नवीकरण र राजश्वको यथार्थ चित्रण हुने व्यवस्था मिलाउनु पर्दछ ।

५०. **सेवा प्रवाह स्थिति** : यातायात व्यवस्था कार्यालय (सवारी चालक अनुमतिपत्र) बाट नयाँ सवारी चालक अनुमतिपत्र वितरण, नवीकरण तथा विदेशी सवारी चालक अनुमति पत्रको नेपालीकरण जस्ता सेवा प्रवाह हुँदै आइरहेकोमा हरेक वर्ष सवारी चालक अनुमतिपत्र लिने सेवाग्राहीको संख्या बढ्दै गए अनुरूप सवारी चालक अनुमतिपत्र वितरण प्रक्रिया सरल र प्रभावकारी हुन सकेको छैन । कार्यबोझका तुलनामा कर्मचारीको संख्या कम रहेको, सूचना प्रविधिमैत्री जनशक्तिको न्यूनता रहेको, नियमित तालिमको व्यवस्था नभएको, ट्रायल पासपछि स्मार्ट कार्ड (सवारी चालक अनुमतिपत्र) समयमा नपाउँदा सेवाग्राहीको असन्तुष्टि रहेको, प्रयोगमा ल्याइएको सफ्टवेयरको कनेक्टिभिटीमा बारम्बार समस्या आउने गरेको, सफ्टवेयरमा एकै सेवाग्राहीको दुई वा दुई पटकभन्दा बढी इन्ट्री हुने जस्ता समस्या तथा कठिनाई रहेको देखिन्छ ।

त्यस्तै रुट पर्मिट प्रक्रिया अन्तर्गत सार्वजनिक यातायात संचालन हुने सवारी साधनहरूलाई सडकको क्षमता, यात्रुको चाप, लाभान्वित जनसंख्या, सवारीको संख्या जस्ता प्राविधिक पक्षहरूमा पर्याप्त ध्यान नपुऱ्याइएको, पूर्ण रूपमा सडक पूर्वाधार सम्पन्न नभइसकेको अवस्थामा पनि बाटो अनुमतिपत्र दिनुपर्ने अवस्था रहेको, विना इजाजत सवारी साधन संचालन हुने गरेको, यातायात व्यवसायीहरूबीच अस्वस्थ प्रतिस्पर्धा एवं सीण्डिकेट प्रणालीबाट सेवाग्राहीले सुलभ, गुणस्तरीय, सुरक्षित र भरपर्दो यातायात सुविधाबाट बञ्चित रहनु परेको, रुट अनुमति प्रक्रिया व्यवस्थित, वैज्ञानिक र प्रभावकारी हुन नसकेको जस्ता समस्या रहेको देखिन्छ । अतः चालक अनुमति पत्र वितरण प्रक्रिया एवं सार्वजनिक यातायात सेवालाई सरल, व्यवस्थित, स्वच्छ र प्रभावकारी बनाउनु पर्दछ ।

कार्यमूलक लेखापरीक्षण

सिँचाई आयोजनामा उपभोक्ता समिति परिचालन

सार्वजनिक खरिद कानुनमा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समितिबाट तोकिए बमोजिमको कार्यविधि पूरा गरी गराउन सक्ने व्यवस्था छ । सोही व्यवस्था अनुसार सिंचाई आयोजनाहरूमा उपभोक्ता समिति मार्फत निर्माण कार्य हुने गरेको छ । सिंचाई आयोजनामा उपभोक्ता समितिको परिचालन सम्बन्धमा मूल्याङ्कन गरी सुझाव सहितको प्रतिवेदन गर्ने लेखापरीक्षण उद्देश्य रहेको छ ।

५१. **सिँचाइको अवस्था** : कृषियोग्य भूमिमा बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याई कृषिको उत्पादकत्व बढाउन सिँचाइको दिगो व्यवस्था गर्न आवश्यकता रहेको छ । प्रदेशको कुल क्षेत्रफल २० लाख १० हजार ४४३ हेक्टर मध्ये २३.३० प्रतिशत अर्थात् ४ लाख ६८ हजार ५०४ हेक्टर जमिन खेतियोग्य

रहेको छ । कुल खेतियोग्य जमिनको ६३.७३ प्रतिशत अर्थात् २ लाख ९८ हजार ५६४ हेक्टर जमिनमा खेति भई रहेको र खेती भई रहेको जमिनको ४३.१५ प्रतिशत अर्थात् १ लाख २८ हजार ८३० हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको अवस्था छ । जस अनुसार कुल खेती भई रहेको जमिनमध्ये ५६.८५ प्रतिशत अर्थात् १ लाख ६९ हजार ७३४ हेक्टरमा सिँचाइ सुविधा पुग्न बाँकी छ । प्रदेश भित्रका कतिपय सिँचाइ सुविधा पुगेका जमिनहरू घर घडेरी तथा खेती बाहेकका अन्य प्रयोजनमा समेत प्रयोग भई रहेको अवस्था रहेको छ । यस सम्बन्धमा अध्ययन गरी सिँचाइ सुविधा भएको जमिन खेति बाहेक अन्य प्रयोग गर्न रोक लगाउने नीति बनाउनु पर्दछ ।

५२. **उपभोक्ता समिति परिचालन** : सार्वजनिक खरिद कानुनमा सार्वजनिक निर्माण सम्बन्धी कार्य निर्माण व्यवसायीको अलावा उपभोक्ता समितिबाट समेत गराउन सक्ने व्यवस्था अनुसार सिंचाई आयोजनाहरूको उपभोक्ता समिति परिचालन मार्फत निर्माण कार्य हुने गरेको छ । २०७६।७७ मा प्रदेश अन्तर्गतको सिँचाइ कार्यालयहरूमा रु २ अर्ब ८ करोड ९ लाख ३८ हजार पूजिगत खर्च भएकोमा ९८ प्रतिशत आयोजनाको निर्माणमा खर्च भएको छ । यसरी निर्माणमा भएको कुल खर्चमध्ये ४५.८१ प्रतिशत कार्य उपभोक्ता समिति मार्फत भएको छ । कार्यालयगत रूपमा सबैभन्दा बढी जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, मकवानपुरले ८४.९५ प्रतिशत, काठमाण्डौले ७१.१८ प्रतिशत र भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, चितवनले ७०.३१ प्रतिशत कार्य उपभोक्ता समिति मार्फत गराएका छन् । सबैभन्दा घटि जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, ललितपुरले १०.२६ प्रतिशत, सिन्धुलीले २०.८९ प्रतिशत र दोलखाले ३१.२६ प्रतिशत कार्य उपभोक्ता समिति मार्फत गराएका छन्। कार्यालयगत रूपमा भएको निर्माण खर्चमध्ये १०.२६ देखि ८४.९५ प्रतिशतसम्म कार्य उपभोक्ता समिति मार्फत गराएको कारण उपभोक्ता समितिबाट काम गराउने सम्बन्धमा नीतिगत एकरूपता देखिएन । उपभोक्ता समितिमार्फत नै काम गराउनुपर्ने वा निर्माण व्यबसायी मार्फत गराउनुपर्ने भन्ने स्पष्ट नीति नभएका कारण कार्यालय अनुसार उपभोक्ता समितिबाट काम गराउने आफ्नै प्राथमिकता रहेको पाईयो । कस्तो प्रकृतिको कार्य अनिवार्यरूपमा गराउनुपर्ने, कस्तो गराउनै नहुने सम्बन्धमा स्पष्ट नीतिगत व्यवस्था हुनुपर्दछ।

५३. **उपभोक्ता समितिको गठन :** सिँचाई नियमावली, २०५६ को नियम ३ मा उपभोक्ता संस्थाको दर्ता गर्दा सिँचाई प्रणालीका उपभोक्ताहरले उपलब्ध भएसम्म तेत्तीस प्रतिशत महिला, दुईजना दलित, उत्पीडित र पिछडिएका जनजाति सहित एघार जनासम्मको कार्य समिति गठन गर्नुपर्ने र उपभोक्ता समिति गठन गर्दा सिँचित क्षेत्रको उपभोक्तामध्ये कम्तीमा सतसठ्ठी प्रतिशत उपभोक्ताको प्रतिनिधित्व हुनुपर्न उल्लेख छ । लेखापरीक्षण क्षेत्रमा समावेशमध्ये मकवानपुर, चितवन, नुवाकोट, सिन्धुपाल्चोक र रामेछाप जिल्ला स्थित जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयले संचालन गरेको ७१ योजनामा परिचालन भएका उपभोक्ता समिति गठनको अवस्था निम्नानुसार देखिएको छ :

५३.१. मकवानपुर र सिन्धुपाल्चोकले २१ योजनामा संलग्न उपभोक्ता समितिको कार्य समितिमा २०९ सदस्य रहेको र सोमध्ये महिला एवं दलित, उत्पिडित, जनजातिको संख्या क्रमशः ७१ (३४ प्रतिशत) र ४८ (२३ प्रतिशत) रहेको देखिन्छ ।

५३.२. चितवन, नुवाकोट र रामेछाप स्थित कार्यालयबाट प्राप्त जानकारी अनुसार ५० योजनासँग सम्बन्धित उपभोक्ता संख्या ८ हजार ५५७ मध्ये उपभोक्ता समिति गठनको समयमा ३ हजार ९०६ अर्थात् ४५.६५ प्रतिशत उपस्थित भएका छन् । यसरी उपस्थित भएका उपभोक्ता मध्येबाट ४६९ सदस्यीय

कार्य समिति चयन भएको र सोमध्ये महिला र दलितको संख्या क्रमशः १६४ (३५ प्रतिशत) र १५५ (३३ प्रतिशत) रहेको छ ।

५३.३. उपभोक्ता समितिको कार्य समितिमा कस्ता व्यक्तिहरू रहन सक्ने र कस्ता व्यक्तिहरू रहन नपाउने भनी स्पष्ट व्यवस्था नभएकोले स्थानीय रूपमा प्रभाव भएका जनप्रतिनिधि, राजनीतिक दलका पदाधिकारी, बहालवाला सरकारी कर्मचारी एवं शिक्षक लगायतका टाठाबाठाहरूकै संलग्नता रहने अवस्था छ ।

५३.४. उपभोक्ताको परिभाषा समेत ऐन कानुनमा एकरूपता देखिदैन । सार्बजनिक खरिद ऐन तथा नियमाबलीले समेत उपभोक्ता समितिको परिभाषा गरेको छैन । उपभोक्ता समिति गठन गर्दा सम्बन्धित सरकारी निकायका प्रतिनिधिको रोहवरमा गर्ने र निर्माण हुने आयोजनासँग प्रत्यक्ष रूपमा संलग्न उपभोक्ता समितिहरू मध्येबाट कार्य समिति चयन गर्ने भनिएपनि कतिपय अवस्थामा प्रत्यक्षरूपमा संलग्न हुने व्यक्ति समुह पहिचान गर्न कठिन हुन्छ । जसले गर्दा समेत उपभोक्ता समितिको कार्य समितिमा आयोजनासँग प्रत्यक्ष रूपमा सम्बन्ध नभएको भएपनि प्रतक्ष्य संलग्न भएको उल्लेख गरी चयन हुन सक्ने समेत देखिएको छ । यस स्थितिमा आयोजनाको अपनत्व नहुने र निर्माण पश्चात आयोजनाको दिगो संचालनमा असर पर्ने देखिन्छ । तसर्थ उपभोक्ता समितिको कार्य समितिमा उपयुक्त पदाधिकारी छनौट सुनिश्चित हुने गरी उपभोक्ता समिति गठन सम्बन्धी स्पष्ट कार्यविधि बनाई लागू गर्नुपर्दछ ।

५४. **उपभोक्ता समिति दर्ता र नवीकरण** : जलस्रोत ऐन/नियमावलीले जिल्ला जलस्रोत समितिमा दर्ता हुने व्यवस्था गरेको छ । सिंचाई मन्त्रालयले जारी गरेको सिंचाई तथा जलउत्पन्न प्रकोप नियन्त्रण सम्बन्धी उपभोक्ता संस्थाबाट निर्माण कार्य गर्ने गराउने कार्यविधि, २०६९ ले सिंचाई कार्यालयमा दर्ता हुने व्यवस्था गरेको छ । लेखापरीक्षण क्षेत्रमा समावेश जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयहरूबाट उपभोक्ता समिति दर्ता र नवीकरण विवरण माग गरेकोमध्ये मकवानपुर, चितवन, नुवाकोट, धादिङ लगायत ७ जिल्ला स्थित कार्यालयमा २०७५।७६ र २०७६।७७ मा दर्ता एवं नवीकरण भएका र सिंचाई योजना निर्माण कार्यमा परिचालन भएका उपभोक्ता समितिको सम्बन्धमा निम्नानुसार देखिएको छ :

५४.१. ती ७ कार्यालयहरूमा २०७५।७६ मा ६२ उपभोक्ता समिति दर्ता भएको, ४४ उपभोक्ता समितिले नवीकरण गराएको एवं ८७ उपभोक्ता समिति निर्माण कार्यमा परिचालन भएका छन् । कार्यालयहरूले उक्त वर्ष मात्र दर्ता र नवीकरण गराएका उपभोक्ता समितिको संख्या मात्र उपलब्ध गराएकोले योजनामा परिचालन भएका उपभोक्ता समितिको संख्या बढी देखिन गएको छ ।

५४.२. यसैगरी २०७६।७७ को अवधिमा ती कार्यालयहरूमा ११२ उपभोक्ता समिति दर्ता, ७० उपभोक्ता समितिको नवीकरण र १६१ उपभोक्ता समिति आयोजना निर्माणमा परिचालन भएका छन् । यो वर्ष ७० उपभोक्ता समितिले मात्र नवीकरण गराएकाले २०७५।७६ मा दर्ता भएकाहरू समेत सबै उपभोक्ता समिति नवीकरणको लागि आएको देखिएन ।

५४.३. आर्थिक वर्ष २०७५/७६ मा ६ कार्यालयमा ६२ वटा संस्था दर्ता भएकोमा २०७६/७७ मा ११२ संस्था दर्ता भएकोले उपभोक्ताको चासो बढ्दै गएको देखिन्छ । तथापी सो वर्षमा दर्ता तथा नवीकरण भएका कुल १०६ उपभोक्ता संस्थामध्ये जम्मा ८७ उपभोक्ता संस्था मात्र निर्माण कार्यमा संलग्न भएका छन् ।

५४.४. नुवाकोट जिल्लामा सिंचाई कार्यालयले दर्ता भएका बाहेक अन्य निकायमा (स्थानीय तहमा) दर्ता भएका संस्थासंग समेत सम्झौता गरेको छ । अतः सिंचाई योजनामा उपभोक्ता संख्या परिचालनलाई थप प्रभावकारी बनाउनु पर्दछ ।

उपभोक्ता समिति दर्ता र परिचालन सम्बन्धमा छाता कार्यविधि नभएका कारण आआफ्नै प्रयोजनको लागि दर्ता एवं परिचालन हुने व्यवस्था रहेको छ । स्थानीय तहले गर्ने कार्यको लागि स्थानीय तहमा नै दर्ता हुने खानेपानी सम्बन्धी कार्य गर्नको लागि खानेपानी तथा सरसफाई डिभिजन कार्यालयमा दर्ता नबीकरण हुने व्यवस्था छ । हाल प्रदेश मन्त्रालयबाट खर्च हुने अधिकांश बजेटको हिस्सा उपभोक्ता समिति मार्फतनै परिचालन भएको अवस्था छ । कृषि ज्ञान केन्द्र तथा पशु कार्यालयबाट संचालन हुने योजनाको लागि उपभोक्ता समिति स्थानीय तहमा दर्ता हुने व्यवस्था छ । डिभिजन वन कार्यालय र पर्यटनसँग सम्बन्धित कार्यालयको कार्य गर्ने उपभोक्ता समितिहरूले स्थानीय तहको सिफारिसमा कार्य गर्ने गरे तापनि दर्ता हुने गरेको छैन । कतिपय अवस्थामा पटकेरूपमा कुनै काम विशेषको लागि मात्र उपभोक्ता समिति दर्ता हुने गरेका छन । सबै उपभोक्ता समितिहरू जिल्ला प्रशासन कार्यालय वा स्थानीयतहमा एकिकृतरूपमा दर्ता हुने व्यवस्था छैन । कार्यालयपिच्छे दर्ता हुँदा झन्झटिलो हुनुका साथै एकिकृत अभिलेख र क्षमता बिकासका क्रियाकलाप संचालन गर्न समेत समस्या परेको अबस्था छ । यसरी विभिन्न कानुन र कार्यविधि बमोजिम फरक फरक स्थानमा उपभोक्ता समिति दर्ता एवं नवीकरण हुने अवस्था रहेको र यी समिति स्थायी प्रकृतिका संस्था हुने वा प्रत्येक योजनापिच्छे दर्ता हुनुपर्ने सम्बन्धमा स्पष्टता छैन । यस सम्बन्धमा एकरूपता हुने गरी कानुन र कार्यविधि बनाउनु पर्दछ ।

५५. **जनसहभागिता :** सिँचाई नीति, २०७० र सिँचाई नियमावली, २०५६ मा परियोजना निर्माणको लागत अनुमानमा उपभोक्ताले व्यहोर्नु पर्ने अंश उल्लेख छ । सिँचाइ नियमावली अनुसार बृहत, ठूला, बहुद्देश्यीय, मझौला र साना सिँचाई आयोजना नयाँ निर्माणमा कामको प्रकृति अनुसार लागतको ३ देखि ५ प्रतिशत र सुदृढीकरणमा लागतको ३ देखि १० प्रतिशत उपभोक्ताले व्यहोर्नु पर्ने उल्लेख छ । नयाँ प्रविधि, भूमिगत सिँचाइ र लिफ्ट सिँचाइमा कामको प्रकृति अनुसार ५ देखि २५ प्रतिशतसम्म उपभोक्ताले व्यहोर्नुपर्ने व्यवस्था छ । जलस्रोत तथा सिंचाई विकास डिभिजन, नुवाकोट, ललितपुर र चितबनले श्रमदान बापत कट्टी गर्नुपर्ने रु.३ लाख ५९ हजार कट्टी गरेको छैन । यसरी उपभोक्ता समितिबाट जनसहभागिता हुने गरी कार्य गराउने निकायले महालेखापरीक्षकको कार्यालयबाट २०७६।२।१९ मा स्वीकृत भएको म.ले.प.फा.नं.५१४ को ढाँचामा जनसहभागितामा सम्पादित कार्यको प्रतिवेदन तयार नगरेबाट उपभोक्ता समिति परिचालन गरी सम्पन्न निर्माण कार्यमा जनसहभागिता खुल्ने विवरण प्राप्त हुन सक्ने अवस्था छैन । तोकिएको ढाँचामा जनसहभागितामा सम्पादित कार्यको प्रतिवेदन तयार गर्नुपर्दछ ।

५६. **जटिल संरचना निर्माण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिले गर्न सक्ने र नसक्ने कामको स्पष्ट वर्गीकरण नभएकोले उपभोक्ता समितिले सबै प्रकारको कार्य गर्न खोज्ने ठेक्का प्रक्रिया शुरु गर्दा समयमा नै सम्पन्न नहुने सालबसाली आयोजनाहरूको सम्बन्धमा सबै प्रकृतिका कार्य उपभोक्ता समितिबाट हुने गरेको छ । उपभोक्ता समितिले सिंचाई आयोजनाको हेडवर्क्स र पक्की नहर निर्माण लगायतका जटिल प्रकृतिका कार्य समेत गरेका छन् । स्पष्ट वर्गीकरणको अभावमा कुन कार्य उपभोक्ता समिति मार्फत गराउने कुन नगराउने भन्ने सम्बन्धमा अन्यौलता रहेको छ । यस अवस्थामा उपभोक्ता समितिले जटिल प्रकृतिका कार्य गर्न सक्ने र पर्याप्त सीप र दक्षताको अभावमा कामको गुणस्तरमा समेत असर पर्नसक्ने

देखिएकोले उपभोक्ता समिति मार्फत गराउन सकिने र गराउन नसकिने कार्यको स्पष्ट वर्गीकरण गर्नुपर्दछ ।

५७. **लागत अनुमान :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१) बमोजिम उपभोक्ता समितिमार्फत रु.१ करोडसम्म लागत अनुमान भएका कार्य गराउन सकिने व्यवस्था छ । लेखापरीक्षण गरेका कार्यालयहरूमा आयोजनाहरूको लागि सालबसाली रूपमा प्राप्त बजेटको आधारमा केही उपभोक्ता समिति र केही कार्य निर्माण व्यवसायी मार्फत गराएकोले सोही वर्षलाई मात्र आधार लिँदा उल्लिखित सीमाभन्दा घटिकै कार्य उपभोक्ता समितिबाट भएको देखिन्छ । सिंचाई आयोजनाहरू एकै वर्षमा सम्पन्न नहुने भएकोले यस्ता आयोजनाहरूमा प्रत्येक वर्ष उपभोक्ता समितिबाट हुने वा भएको कार्य गणना गर्दा उक्त सीमा नाघ्ने अवस्था देखिएको छ । उदाहरणार्थ जलस्रोत तथा सिंचाई विकास डिभिजन सिन्धुलीले एक सिंचाई योजनाको रु.१ करोड १ लाख ९९ हजार लागत अनुमान भएको कार्य उपभोक्ता समितिबाट गराउने गरी सम्झौता गरेको छ । कानुनमा उल्लेख भएको सीमा आयोजनाको समग्रता वा सालबसाली रूपमा हुने कार्यसँग तुलना गर्ने विषय अस्पष्ट देखिएकोले यस सम्बन्धमा समेत स्पष्ट गर्नुपर्दछ ।

५८. **दिगोपना :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) मा कानुन अनुसार निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । सिँचाइ नियमावली, २०५६ को नियम ९ मा उपभोक्ता संस्थाले सेवा शुल्क तथा अन्य आयको नब्बे प्रतिशतमा नघट्ने गरी सिँचाई प्रणाली तथा संरचनाको मर्मत सम्भार कार्यको लागि छुट्टै कोष खडा गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । कानुनमा उल्लिखित यी व्यवस्थाहरूले आयोजनाको दिगोपनालाई जोड दिएको छ । जलस्रोत तथा सिंचाई विकास डिभिजन, काठमाडौं र नुवाकोटले योजना हस्तान्तरणको अभिलेख राखेको छैन । त्यस्तै जलस्रोत तथा सिंचाई विकास डिभिजन, रामेछापले उपभोक्ता समिति मार्फत ३२ निर्माण कार्य गराई रु.५ करोड १८ लाख भुक्तानी दिएकोमा कुनै पनि योजना हस्तान्तरण गरेका छैनन् । लेखापरीक्षण क्षेत्रमा समावेश जलश्रोत तथा सिंचाई विकास डिभिजन, सिन्धुपाल्चोक, रामेछाप र सिन्धुलीबाट सञ्चालित योजनामा सेवाग्राहीबाट सेवा शुल्क असुल गरी मर्मत सम्भार कोष स्थापना गरेको पाइएन । अधिकांश जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय अन्तर्गतका उपभोक्ता समितिहरूले त्यस्तो कोष स्थापना नगरेको कारण सानातिना मर्मतको लागि समेत सम्बन्धित निकायमै अनुरोध हुने गरेको छ । सिंचाई कार्यालयहरूमा हरेक वर्ष आयोजनाहरू मर्मत सम्भारको लागि बजेट व्यवस्था भई खर्च हुने गरेकोले समेत यस कुरालाई थप पुष्टि गरेको छ । हस्तान्तरण भइसकेको आयोजनाको रेखदेख र मर्मत सम्भारको लागि कोषको व्यवस्था गरी उपभोक्ता समितिले यस सम्बन्धी पूरा जिम्मेवारी बहन गरी आयोजनाको दिगो संचालनमा योगदान गर्नुपर्दछ ।

५९. **क्षमता विकास** : आर्थिक वर्ष २०७६।७७ मा प्रदेश अन्तर्गतको सिंचाई कार्यालयहरूमा रु.२ अर्ब ८ करोड ९ लाख ३८ हजार खर्चमध्ये ९८ प्रतिशत निर्माण कार्यमा खर्च भएकोमा उपभोक्ता समिति मार्फत ८५ प्रतिशतसम्म र समग्रमा ४५.८१ प्रतिशत कार्य भएको छ । अतः ठूलो मात्रामा उपभोक्ता समिति मार्फत कार्य हुने, जटिल प्रविधि प्रकृतिका कार्य समेत गर्ने हुँदा उपभोक्ता समितिको क्षमता विकास महत्त्वपूर्ण रहेको छ । कतिपय अवस्थामा निर्माण व्यवसायी मार्फत गराउनुपर्ने कार्य समेत अनुभव नभएका उपभोक्ता समितिबाट गराउनुपर्ने तर उपभोक्तालाई तालिम दिई क्षमता अभिवृद्धि गर्न नसकिएकोले कामको गुणस्तर कायम गर्न समस्या देखिन्छ । उपभोक्ता समितिलाई तालिम दिने

निकायको व्यवस्था समेत छैन । जलस्रोत तथा सिंचाई डिभिजनको कार्यक्रममा तालिम दिने व्यवस्था गर्ने गरे तापनि यथेष्ट तालिमको व्यवस्था भएको देखिएन ।

आर्थिक वर्ष २०७५।७६ मा जलस्रोत तथा सिंचाई डिभिजन कार्यालय, चितवनले ६, सिन्धुपाल्चोकले ३, काभ्रेपलाञ्चोकले २, रामेछापले ३, मकवानपुरले १ र नुवाकोटले १ वटा समितिलाई तालिम दिएकोमा २०७६।७७ मा सिन्धुपाल्चोकले २, काभ्रेपलाञ्चोकले ७, चितवनले ४ र नुवाकोटले १ वटालाई तालिम दिएको छ भने रामेछाप र मकवानपुरले यस वर्ष तालिम संचालन गरेको छैन । अतः उपभोक्ता समितिलाई कानूनी व्यवस्था, अभिलेख व्यवस्थापन र प्राविधिक विषय तालिमको पर्याप्त व्यवस्था गर्नुपर्दछ ।

६०. **उपकरणको प्रयोग** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारी श्रृजना गर्ने भएमा उपभोक्ता समितिबाट कार्य गराउन सकिने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को ९७(९) मा निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर र ग्रेडर प्रयोग गर्न नहुने व्यवस्था भएकोमा जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय काठमाडौं नुवाकोट लगायत ७ बाट उपभोक्ता समितिले त्यस्ता उपकरणहरू प्रयोग गरी कार्य गराएकोले एकातिर नियमको पालना भएको छैन भने अर्कोतिर रोजगारी सृजनामा योगदान नभएको स्थिति छ ।

६१. **निर्देशिका** : उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययीता, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने, रोजगारी श्रृजना हुने, उपभोक्ता समितिको काम पारदर्शी, जवाफदेही हुने र निर्माण कार्यप्रति अपनत्व हुने लगायतका सकारात्मक पक्षलाई अंगिकार गर्न तथा नियममा स्पष्ट व्यवस्था नभएका विषयहरूलाई स्पष्ट पारी उपभोक्ता समितिको कार्यमा पारदर्शिता, जवाफदेहीता अभिवृद्धि गरिनुपर्दछ ।यस प्रयोजनका लागि निर्देशिका तयार गर्नुपर्ने हुन्छ । प्रदेश नं.२ ले उपभोक्ता समिति परिचालन सम्बन्धी निर्देशिका तयार गरी लागु गरेको छ । तर यस प्रदेशमा निर्देशिका तयार गरको देखिएन । तसर्थ उपभोक्ता समिति परिचालन सम्बन्धि निर्देशिका तयार गरिनुपर्दछ । उक्त निर्देशिकामा उपभोक्ता समितिको दर्ता र निरन्तरता, आयोजनाबाट प्रत्यक्ष लाभ प्राप्त गर्ने गरी सो स्थानमा स्थायी बसोबास गर्ने बासिन्दाहरूले आमभेलाबाट समिति गठन हुने व्यवस्था, उपभोक्ता समितिका सदस्यको योग्यता, उपभोक्ता समिति सूचीकृत हुनुपर्ने, उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार, जटिल प्रकृतिको कार्यको परिभाषा र वर्गीकरण, उपभोक्ता समितिले गर्ने कुल कार्यमध्ये निश्चित प्रतिशत श्रममूलक कार्य हुनुपर्ने, स्थानीय तहले तयार गरेको बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत व्यक्तिलाई श्रमिकको रूपमा काम खटाई रोजगारी सृजना गर्ने व्यवस्था उल्लेख गर्नुपर्दछ ।

यसैगरी उपभोक्ता समितिबाट काम गराउने लागत अनुमानको विस्तृत ब्याख्या, एक करोडको सीमा छल्ने उद्देश्यले काममा टुक्रा पार्न नहुने, उपभोक्ता समितिको क्षमता विकास, समितिलाई भुक्तानी गर्दा समितिले ब्यहोर्ने अंश (प्रतिशत) कट्टा गरी भुक्तानी दिनुपर्ने, आयकर ऐन, २०५८ बमोजिम भुक्तानीमा कर कट्टा गर्ने विषय, उपभोक्ता समितिले आय-ब्ययको प्रचलित कानुनबमोजिम लेखापरीक्षण गराई लेखापरीक्षण प्रतिवेदन सार्वजनिक निकायमा पेश गर्नुपर्ने, उपभोक्ता समितिले निर्माण ब्यवसायीलाई ठेक्कामा काम दिए नदिएको एवं प्रयोग भएका सामग्रीको गुणस्तर सम्बन्धमा अनुगमन गर्ने विषय, उपभोक्ता समितिले निर्माण सामग्री लगायतका सामान खरिद गर्दा सार्वजनिक खरिद ऐन र नियमावली

अनुसार प्रतिस्पर्धात्मक तरिकाले खरिद गर्नुपर्ने, उपभोक्ता समितिसँग भएको सम्झौताको म्याद थप, भेरिएशन स्वीकृति र अधुरो काम प्रतिको उपभोक्ताको जिम्मेवारी र क्षतिपूर्ति, उपभोक्ता समितिले पेश गर्ने निर्माण कार्यको विलको ढाँचा, उपभोक्ता समितिबाट कार्य गराउँदा प्रयोग हुने बोलपत्र सम्बन्धी कागजातको ढाँचा, योजना हस्तान्तरण र मर्मत सम्भार कोष, लगायतका विषय समावेश गरी निर्देशिका तर्जुमा गर्नुपर्दछ ।

६२. **पारदर्शिता र जवाफदेहिता** : उपभोक्ता समिति परिचालन गरी गर्ने कार्यको पारदर्शिता र जवाफदेहीताको लागि आयोजना खाता, सार्वजनिक सुनुवाई, सामाजिक लेखापरीक्षण एवं निर्माण स्थलमा सूचना पाटी राख्ने लगायतका व्यवस्था गर्नुपर्दछ । लेखापरीक्षणको सिलसिलामा स्थलगत निरीक्षण गरिएका सिन्धुली, दोलखा, चितवनका २/२ र मकवानपुर र काभ्रेपलाञ्चोकको १/१ समेत ९ उपभोक्ता समितिहरूले आयोजना खाता नराखेको एवं सार्वजनिक सुनुवाई र सामाजिक लेखापरीक्षण समेत नगराएको अवस्था देखिएको छ । ती आयोजना स्थलहरूमा सूचना पाटी राखेको समेत छैन । पारदर्शिता र जवाफदेहीताको लागि आयोजना खाता, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र सूचना पाटीको अनिवार्य व्यवस्था गर्नुपर्दछ ।

६३. **अनुगमन** : महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७५ मा उपभोक्ता समिति मार्फत सम्पादित निर्माण कार्य विषयमा कार्यमूलक लेखापरीक्षण गरी उपभोक्ता समितिको परिभाषामा स्पष्ट गरिनुपर्ने, पटके उपभोक्ता समितिले गरेका कार्यको मर्मत सम्भारको जिम्मेवारी लिने संस्था नहुने र कार्य वेवारिसे हुने हुँदा सो सम्बन्धमा कानूनी व्यवस्था गर्नुपर्ने, उपभोक्तालाई अभिमूखीकरण तालिमको व्यवस्था गर्नुपर्ने, लागत साझेदारी सम्बन्धी कार्यविधि तयार गर्नुपर्ने, जनसहभागिताको दर, प्रकृति, क्षेत्र र विधिमा स्पष्टता ल्याउनु पर्ने, जटिल प्रकृतिका कार्य उपभोक्ता समितिबाट गराउने कार्य बन्द गर्नुपर्ने, रोजगारी प्राप्तिको अभिलेख राख्नुपर्ने, कार्यको दिगोपना र जवाफदेहीता सुनिश्चित गर्नुपर्ने, वातावरणीय पक्षामा ध्यान दिनुपर्ने, खर्चको सार्वजनिकीकरण प्रक्रिया प्रभावकारी बनाउने लगायतका सुझावहरू दिइएकोमा सोको कार्यान्वयन हुन सकेको छैन । अतः प्रदेश स्तरमा समेत उपभोक्ता समितिबाट कार्य गराउँदा उपरोक्त विषयहरू समावेश गरी कार्यविधि बनाई उपभोक्ता समिति परिचालनलाई थप व्यवस्थित बनाउनु पर्दछ ।

- **बेरुजु स्थिति** : लेखापरीक्षणबाट मन्त्रालय र मातहतसमेत ४० निकायमा यो वर्ष रु.२८ करोड ८५ लाख ४१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट रु.३ करोड ११ लाख ७० हजार फर्स्यौट गरेकोले रु.२५ करोड ७३ लाख ७१ हजार फर्स्यौट गर्न बाँकी रहेको छ । सोमध्ये रु.५२ लाख ६६ हजार म्याद नाघेको पेस्की बेरुजु रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-१०** मा समावेश छ ।

सामाजिक विकास मन्त्रालय

प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ अनुसार यस मन्त्रालयको कार्यक्षेत्रमा स्वास्थ्य, शिक्षा, महिला, बालबालिका, जेष्ठनागरिक, अपाङ्ग, सामाजिक सुरक्षा, भाषा, संस्कृति, पुरातत्व, युवा, खेलकुद, श्रम तथा रोजगारसँग सम्बन्धित विषयहरू, कार्य क्षेत्रभित्रका निकायबीच समन्वय, नियमन, नियन्त्रण र सहज कार्य संचालनका लागि आवश्यक प्रदेश स्तरीय कानुन, नीति, मापदण्डहरूको तर्जुमा लगायतका कार्य रहेका छन्।

यो वर्ष मन्त्रालय र मातहत समेत ४६ निकायको विनियोजन रु.३ अर्ब ९५ करोड १९ लाख ६६ हजार, राजस्व रु.१ करोड ६८ लाख ५६ हजार, धरौटी रु.७ करोड ५८ लाख ५३ हजार र अन्य कारोवार रु.३० करोड २३ लाख ४६ हजार समेत रु.४ अर्ब ३४ करोड ७० लाख २१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ। त्यसैगरी अन्य संस्था र समितितर्फ ७ निकायको रु.६२ करोड ७६ लाख ७१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **कार्य जिम्मेवारी :** प्रदेश सरकारको कार्य विभाजन नियमावलीमा प्रदेश स्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन, प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, आपतकालीन तथा महामारी व्यवस्थापनका लागि प्रदेशस्तरीय हेल्थ सेन्टर संचालन, स्वास्थ्य बीमा, औषधि व्यवस्थापन, सूर्ती मदिरा जस्ता लागु पदार्थको मापदण्ड, टोलफ्रि टेलिफोन मार्फत स्वास्थ्य सेवा सुविधा लगायतका कार्य गर्न बाँकी रहेको छ । कार्य तालिका बनाई तोकिएको कार्य जिम्मेवारी पुरा गर्नुपर्दछ ।

२. **कानुन निर्माण** : स्वीकृत वार्षिक कार्यक्रममा मन्त्रालयको कार्यक्षेत्र अन्तर्गतका विविध कानुन निर्माण गर्ने उल्लेख भएपनि मन्त्रालयले तयार गर्नुपर्ने कानुनको पहिचान गरी लक्ष्य निर्धारण गरेको देखिएन । गत वर्ष ५ ऐन, २ नियमावली र कार्यविधि तयार गरेको मन्त्रालयले यस वर्ष ३ ऐन, ४ नियमावली र १९ कार्यविधि एवं मापदण्ड निर्माण गरेको छ । मन्त्रालयको कार्य क्षेत्र अन्तर्गतका आवश्यक कानुन पहिचान गरी तर्जुमा गर्नुपर्दछ ।

३. **दरबन्दी र पदपूर्ति** : सेवा प्रवाहको लागि आवश्यक दरबन्दीको व्यवस्था गरी पदपूर्ति गर्नुपर्दछ । मन्त्रालय र अन्तर्गतका ४६ निकायमा प्रशासनिक २९० र प्राविधिक ६३७ समेत ९२७ दरबन्दीमध्ये क्रमशः १४६ र ३४७ समेत ४९३ (५३ प्रतिशत) मात्र पदपूर्ति भई ४३४ दरबन्दी रिक्त रहेको छ । स्वीकृतमध्ये ३९ प्रतिशत दरबन्दी रिक्त रहेको कारण सेवा प्रवाहमा असर पर्न गएको छ । स्वीकृत दरबन्दी समयमै पदपूर्ति गर्नुपर्दछ ।

४. **विनियोजन दक्षता** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ बमोजिम मन्त्रालयले खर्च सृजना हुने स्पष्ट आधार सहित बजेट प्रस्ताव गरी खर्चको दक्षता बढाउनुपर्ने उल्लेख छ । मन्त्रालयको यस वर्ष संशोधित बजेट रु.६ अर्ब ११ करोड ४९ लाख ४३ हजारको ६५.५७ प्रतिशत अर्थात् रु.४ अर्ब ९३ लाख ५५ हजार मात्र खर्च भएको कारण मन्त्रालयको विनियोजन दक्षता कमजोर देखिएको छ । खर्च हुनसक्ने स्पष्ट आधार सहित वजेट विनियोजन गरी विनियोजन दक्षतामा सुधार गर्नुपर्दछ ।

५. **प्रगति समीक्षा** : बागमती प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ र २७ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायले प्रगति विवरण तयार गरी समीक्षा गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयको यस वर्षको समग्र भौतिक प्रगति ५५.९९ प्रतिशत रहेको छ । कुल १८४ क्रियाकलापमध्ये ऐतिहासिक प्राकृतिक धार्मिक र सांस्कृतिक सम्पदाहरूको निर्माण र मर्मत, आयुर्वेदिक

स्वास्थ्यसम्बन्धी अपरेशनल रिशर्च, माध्यमिक शिक्षा परीक्षा सम्बन्धी कानुन तथा संरचनागत कार्य, प्रदेशस्तरमा मानव संसाधनको प्रक्षेपण योजना तर्जुमा लगायत ४७ क्रियाकलापहरूमा कुनै कार्य नभई प्रगति शुन्य रहेको, २८ क्रियाकलापहरूमा २५ र २९ क्रियाकलापहरूमा ५० प्रतिशतसम्म भौतिक प्रगती भएको छ । बजेट व्यवस्था सहित निर्धारित क्रियाकलापहरूको कार्यान्वयनमा दक्षता अभिवृद्धि गर्नुपर्दछ ।

६. **मन्त्रालयको अख्तियारी** : प्रदेश आर्थिक कार्यविधि नियमावली बमोजिम मन्त्रालयलाई बजेट विवरण र खर्च गर्ने अख्तियारी प्राप्त भएको १५ दिनभित्र सम्बन्धित मन्त्रालयका सचिवले आफ्नो मन्त्रालय, कार्य संचालन इकाई कार्यालय, विभागीय प्रमुख तथा कार्यक्रम संचालन गर्ने कार्यालय प्रमुखलाई खर्च व्यहोर्ने स्रोत खोली बजेट खर्च गर्ने अख्तियारी दिनुपर्नेमा मन्त्रालयको लागि व्यवस्था भएको बजेटबाट मन्त्रालय स्वयंमलाई अख्तियारी नदिई बचत बजेटबाट खर्च गर्दै आएको स्थितिले मन्त्रालय स्वयंमको बजेट खर्च तुलना गर्न सकिएन । यस सम्बन्धमा सुधार गर्न गत वर्षको प्रतिवेदनमा समेत औंल्याएकोमा स्थिति यथावतै रहेको छ ।

७. **बजेट वक्तव्यको कार्यान्वयन** : बजेट वक्तव्यमा घोषणा भएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्नेमा २०७६।७७ लाई स्वास्थ्य परीक्षण वर्ष घोषणा गरी तीस वर्ष माथिका विपन्न अल्पसंख्यक तथा लोपोन्मुख लगायत जातिलाई निःशुल्क र आर्थिक अवस्था कमजोर भएकाहरूलाई सहुलियत प्रदान गरी स्वास्थ्य परीक्षणको लागि रु.११ करोड बजेट व्यवस्था गरेकोमा उक्त कार्यक्रम कार्यान्वयन भएको छैन । प्रत्येक स्थानीय तहमा पन्ध्र शैय्याको अस्पताल स्थापना, हेटौडा अस्पताल भवन निर्माण, दुर्घटना रेस्पोन्स सेन्टरको विकास, विभिन्न सीपमूलक तालिम, प्रदेश स्तरीय लैङ्गिक हिंसा प्रभावितका लागि दीर्घकालीन पुनस्थापना निर्माण लगायतका कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेकोमा ती कार्यक्रमहरू कार्यान्वयन हुन सकेको छैन । बजेट वक्तव्यमा घोषणा भएका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

८. **युवा वैज्ञानिक प्रोत्साहन कोष** : प्रदेशको आर्थिक विकास र नागरिकको समृद्धि जीवनका लागि उत्पादन, उत्पादकत्व, दिगो विकास, जनस्वास्थ्य तथा वातावरण संरक्षण लगायतका विषयमा सुधार गर्न वैज्ञानिक अनुसन्धान पद्धतिमा जोड दिदै नयाँ ज्ञान विज्ञान तथा प्रविधिको विकास गर्ने उद्देश्यले स्थापित युवा वैज्ञानिक प्रोत्साहन कोषमा विगतको मौज्दात समेत रु.१४ करोड ९८ लाख ९२ हजार रहेकोमा यस वर्ष बैठक भत्ता, कार्यालय संचालन लगायत कार्यमा रु.१० लाख ९२ हजार मात्र खर्च भएकोले उद्देश्य अनुसार कोष परिचालन भएको छैन ।

९. **विद्यालय बस अनुदान** : यो वर्ष मन्त्रालयले २५ सामुदायिक विद्यालयहरूलाई बस खरिद गर्न प्रतिविद्यालय रु.२५ लाखका दरले रु.६ करोड २५ लाख उपलब्ध गराएको छ । निश्चित मापदण्ड र स्पेशिफिकेशन तोकी, खरिद कानुनको पालना गरी खरिद गर्नुपर्नेमा मापदण्ड र स्पेशिफिकेशन नतोकेको एवं विद्यालयले प्रतिस्पर्धात्मक खरिद विधि पालना गरे नगरेको सम्बन्धमा अनुगमन नगरेकोले कानूनी प्रक्रिया अवलम्बन गरी तोकिएबमोजिम बस खरिद गरेको सुनिश्चित गर्नुपर्दछ ।

१०. **अनुदान** : समाज कल्याण संघ सम्बन्धित संघ संस्था, प्राज्ञिक एवं राष्ट्रिय व्यक्तित्व र भाषा, कला तथा साहित्य प्रवर्द्धन गर्ने संस्थालाई अनुदान दिने प्रयोजनका लागि सोसँग सम्बन्धित निर्देशिका तथा कार्यविधि तर्जुमा गरी मन्त्रालयले विभिन्न ३० संघ संस्थालाई रु.१ करोड ८९ लाख ६४ हजार, प्राज्ञिक एवं राष्ट्रिय व्यक्तित्वसँग सम्बन्धित प्रतिष्ठानलाई रु.१ करोड १३ लाख ४० हजार र भाषा,

कला तथा साहित्य सम्बन्धी संस्थालाई रु.२१ लाख ४० हजार समेत रु.३ करोड २४ लाख ४४ हजार अनुदान उपलब्ध गराएको छ । यसरी प्रदान गरेको अनुदान तोकिएको उद्देश्य र कार्यमा खर्च भएको सुनिश्चित हुने गरी अनुगमन प्रतिवेदन तयार गर्नुपर्दछ ।

११. **खर्चको विल भरपाई** : मन्त्रालय र कीर्तिपुर अस्पताल (जनस्वास्थ्य सरोकार ट्रष्ट) बीच निर्माण सुधार कार्यको लागि २०७६।१०।२८ मा रु.२ करोड उपलब्ध गराउने सम्झौता भएबमोजिम पहिलो किस्ता मध्येको रु.३० लाख ४५ हजार उपलब्ध गराएको छ । अस्पतालले उपलब्ध रकम सिभिल वर्क, फर्निचर र इक्विपमेण्ट खरिदमा खर्च गरेकोमा सम्झौता अनुसार अस्पतालले खर्चको बिल भरपाई, प्राविधिक मूल्याङ्कन तथा प्रगति प्रतिवेदन पेश गरेको छैन ।

शिक्षा विकास निर्देशनालय

१२. **विद्यालय तथा क्याम्पस अनुदान** : निर्देशनालयले यस वर्ष सामुदायिक विद्यालय तथा क्याम्पसहरूलाई देहायका कार्यक्रम संचालनको लागि रु.३१ करोड ३६ लाख ३८ हजार अनुदान उपलब्ध गराएको छ ।

(रकम रु.हजारमा)

कार्यक्रमको नाम	विद्यालय र क्याम्पस संख्या	अनुदान रकम
विद्यालयलाई लाइब्रेरी स्मार्ट बोर्ड र आइसिटी ल्याब स्थापना	५०	७३४०३
प्राविधिक तथा व्यवसायिक धार सञ्चालित विद्यालयहरूलाई प्रयोगशाला सामग्री खरिद	१५	१४७७७
सामुदायिक विद्यालयमा विषयगत प्रयोगशाला निर्माण	३३	३२१७२
शिक्षण सिकाई सहयोग अनुदान	२६३	३९५४८
नमूना विद्यालय गुरुयोजना निर्माण कार्य	२०	११०८४
नमूना विद्यालय विकासका लागि प्रोत्साहन कार्यक्रम	२०	९२३७३
सामुदायिक क्याम्पसहरूको गुणस्तर सुदृढीकरण सवलीकरण कार्यक्रम	४३	४५२०१
विशेष शिक्षाका लागि स्रोतकक्षा संचालन गर्ने विद्यालयहरूलाई सामग्री सहायता कार्यक्रम	६२ विद्यालयका १२७ कक्षा	५०८०
जम्मा	५०६	३१३६३८

अनुदान प्रदान गर्न विद्यालय छनौट गर्दा स्पष्ट मापदण्ड र पारदर्शी प्रक्रिया अवलम्बन गरेको छैन । यसरी उपलब्ध गराएको अनुदान रकम तोकिएको उद्देश्य र कार्यमा खर्च भएको, उपयुक्त गुणस्तरको सामग्री प्रतिस्पर्धी मूल्यमा खरिद गरेको, खरिद भएका सामग्रीको उचित प्रयोग भएको एवं नमूना विद्यालय गुरुयोजना तयार भएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन तयार गरेको छैन ।

१३. **पूँजीगत बजेटबाट चालु खर्च** : प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३६ मा कार्यालयले स्वीकृत बजेट, खर्च शीर्षक र कार्यक्रम बमोजिम तोकिएको कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । निर्देशनालयले संघीय सरकारबाट हस्तान्तरित आवासीय भवन निर्माण कार्यक्रममा विनियोजन भएको पूँजीगत बजेटबाट दैनिक भ्रमण भत्ता, कार्यालय सरसफाई, गाडी मर्मत, अध्ययन सामग्री छपाई, पुस्तक ढुवानी लगायतमा रु.३५ लाख ९ हजार खर्च गरेको छ । पूँजीगत बजेटबाट चालु प्रकृतिको खर्च गरेको कानुनसम्मत् देखिएन ।

१४. **उत्तर पुस्तिका छपाई** : निर्देशनालले २०७६ को एस.ई.ई. परीक्षा संचालनका लागि आवश्यक ९ लाख ५० हजार थान मूल उत्तर पुस्तिका र ४ लाख ५० हजार थान थप उत्तर पुस्तिका छपाईका लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेड मध्यमाञ्चल कार्यालय भरतपुरसँग रु.९० लाख ७ हजारमा सम्झौता गरेको छ । उक्त संस्थाबाट १० लाख ४२ हजार थान मूल उत्तर पुस्तिका र ७ लाख ३५ हजार थान थप उत्तर पुस्तिका छपाई गरी आपूर्ति गरेको आधारमा रु.१ करोड ५ लाख ८७ हजार भुक्तानी गरेको देखिन्छ । निर्देशनालयले आवश्यकता विश्लेषण नगरेको एवं थप उत्तर पुस्तिका छपाई गर्न स्वीकृति समेत नदिएको अवस्थमा बढी छपाई गरेको आधारमा सम्झौताभन्दा रु.१५ लाख ७९ हजार बढी भुक्तानी गरेको उचित देखिएन । उक्त उत्तर पुस्तिकाको सुरक्षा गरी अर्को परीक्षामा प्रयोग ल्याउन उचित प्रबन्ध गर्नुपर्दछ ।

स्वास्थ्य निर्देशनालय

१५. **प्रगति समीक्षा** : प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ र २७ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायले प्रगति विवरण तयार गरी समीक्षा गर्नुपर्ने व्यवस्था छ । निर्देशनालयको स्वीकृत कार्यक्रममध्ये क्षमता विकास तालिम लगायत ११ कार्यक्रममा प्रगति शुन्य रहेको, ३ कार्यक्रममा ५० प्रतिशत र अर्को ३ कार्यक्रममा ६० प्रतिशतभन्दा घटि भौतिक प्रगति भएको छ । निर्धारित कार्यक्रम कार्यान्वयनमा दक्षता अभिवृद्धि गर्नुपर्दछ ।

स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र

१६. **सामग्री आपूर्ति** : खरिद सम्झौतामा तोकिएको अवधिभित्र सम्झौता बमोजिमका सामग्री आपूर्ति गर्नुपर्नेमा स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले १५ देखि ४५ दिन समय दिई २०७७ जेष्ठ र असारमा खरिद सम्झौता गरेका चार आपूर्तिकर्तालि खरिद सम्झौताको अवधि समाप्त भएको महिनौ बितिसक्दा अर्थात् २०७७।१२।२८ (लेखापरीक्षण अवधि) सम्म पनि सम्झौता बमोजिम रु.९९ लाख ५ हजारको प्यासेन्ट मोनिटर सेभेन प्यारामिटर ३ वटा, डिफ ब्राइलेटर विथ एइडी ४ वटा, अल्ट्रा साउण्ड मेशिन ४ वटा, प्रोग्राम्स ड्रग्स एण्ड मेडिकल डिभाइस लगायतका स्वास्थ्य उपकरण तथा सामग्री आपूर्ति गरेका छैनन् । सम्झौताबमोजिम सामग्री आपूर्ति नगर्ने सम्झौताकर्तालाई केन्द्रले कुनै कारबाही प्रक्रिया अघि बढाएको छैन ।

१७. **सम्झौताभन्दा घटि आपूर्ति** : सार्वजनिक खरिद ऐन तथा नियमावली र आपूर्तिकर्तासँग भएको सम्झौता अनुसार सम्झौतामा तोकिए अनुसारको समय, परिमाण र गुणस्तरबमोजिम आपूर्तिकर्ताले कार्यालयलाई तोकिएका वस्तु, सामग्री र उपकरण आपूर्ति गर्नुपर्दछ । स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रसँग यस वर्ष खरिद सम्झौता गरेका चार आपूर्तिकर्ताले सम्झौता बमोजिम रु.२ करोड ३३ लाख ५६ हजारको सामग्री आपूर्ति गर्नुपर्नेमा रु.१ करोड ४३ लाख ६५ हजारको मात्र आपूर्ति गरेका छन् । घटि परिमाण आपूर्ति गरेकोमा नियमानुसार कारबाही प्रक्रिया अघि बढाएको छैन ।

अस्पताल तथा स्वास्थ्य कार्यालयहरू

१८. **आइसोलेसन वार्ड तयारी** : त्रिशुली अस्पतालमा १० शैयाको कोभिड १९ आइसोलेसन वार्ड तयारी र संचालनको लागि १२ मध्ये ११ स्थानीयबाट रु.३२ लाख आर्थिक सहयोग प्राप्त भएकोमा वेड, लकर, स्ट्याण्ड, ट्रली उपकरण एवं सर्जिकल सामग्री औषधी र पीपीई सेट खरिद लगायत आइसोलेसन वार्ड तयारी र संचालन गर्न रु.२७ लाख ३७ हजार खर्च भएको छ । बचत रकम तोकिएकै प्रयोजनमा खर्च गर्नुपर्दछ ।

१९. **कर्मचारी प्रोत्साहन भत्ता** : कोरोनाको महामारीमा काम गर्ने स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीलाई उत्प्रेरणा गर्न संघीय सरकारले रकम उपलब्ध गराएकोमा उक्त रकमलाई कोरोना महामारीमा खटेका कर्मचारीलाई यस वर्ष सामाजिक विकास मन्त्रालयले रु.१३ लाख ८५ हजार, भक्तपुर अस्पतालले रु.७३ लाख ६८ हजार, सिन्धुली अस्पतालले रु.५० लाख, हेटौंडा अस्पतालले रु.८९ लाख ७५ हजार, धादिङ्ग अस्पतालले रु.४४ लाख १५ हजार, त्रिशुली अस्पतालले रु.४४ लाख ३२ हजार लगायत प्रदेश अन्तर्गतका विभिन्न ३७ कार्यालयहरूमा रु.४ करोड ४६ लाख ४७ हजार खर्च भएको छ ।

२०. **सोझै खरिद** : त्रिशुली अस्पताल, नुवाकोटले यो वर्ष अस्पताल विकास समितिबाट रु.१ करोड १४ लाख ३८ हजार, अस्पताल फार्मेसीबाट रु.७२ लाख ५८ हजार र विभिन्न बजेट उप शीर्षकबाट रु.४८ लाख ५० हजार समेत रु.२ करोड ३५ लाख ४६ हजारको औषधी खरिद गर्दा प्रतिस्पर्धात्मक विधि अवलम्बन नगरी प्रायः दैनिक रूपमा वा दिनमै एकभन्दा बढी हुने गरी सोझै खरिद गरेको छ । खरिद कानुनको पालना गरी प्रतिस्पर्धात्मक रूपमा खरिद गर्नुपर्दछ ।

२१. **औषधी खरिद** : हेटौडा अस्पतालले फार्मेसीतर्फ औषधी खरिद बापत गत वर्षको भुक्तानी बाँकी रु.५१ लाख ६२ हजार, बोलपत्रको माध्यमबाट खरिद रु.८१ लाख ४० हजार र सोझै एवं खुला दररेटबाट खरिद रु.१ करोड ५१ लाख ४ हजार समेत रु.२ करोड ८४ लाख ६ हजार भुक्तानी गरेको छ । कुल खरिदको उल्लेखनीय हिस्सा प्रतिस्पर्धा नहुने गरी सोझै खरिद गरेकोले मितव्ययितालाई ध्यान दिएको देखिएन ।

२२. **खर्चको स्थिति** : स्वास्थ्य कार्यालय, चितवनले न्यूनतम सेवा मापदण्ड कार्यक्रमको लागि सामाजिक विकास मन्त्रालयबाट प्राप्त अनुदान बघौडा अस्पताल माडी, बकुलर अस्पताल रत्ननगर र भण्डारा अस्पताललाई प्रथम चरणमा ७५ प्रतिशतले हुने रु.५१ लाख ६४ हजार र दोस्रो चरणमा रु.१२ लाख सम्बन्धित अस्पतालको बैंक खातामा जम्मा गरेको छ । उक्त अनुदानको खर्च र प्रगति विवरण प्राप्त भएको छैन । स्वास्थ्य कार्यालयबाट खर्चको अनुगमन गरी उद्देश्य अनुसार सहि सदुपयोग भएको यकिन गर्नुपर्दछ ।

२३. **प्रदेश खेलकुद विकास परिषद्** : प्रदेशमा खेलकुद, खेल संस्कृतिको विकास, खेलकुद पुर्वाधार निर्माण, खेलाडीको व्यवसायीक सुरक्षा, प्रदेश राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा हुने प्रतियोगितामा सहभागिता एवं खेलकुद क्षेत्रको समग्र विकास गर्ने उदेश्यले सामाजिक विकास मन्त्रीको अध्यक्षतामा २१ सदस्यीय खेलकुद परिषद गठन गरी परिषद्को सचिवालय र परिषद्को निर्णय कार्यान्वयनका लागि प्रदेश खेलकुद विकास परिषद् २०७६।३।९ मा स्थापना भएको छ । कार्यालयको लागि यो वर्ष रु.५ करोड ९१ लाख बजेट व्यवस्था भएकोमा रु.१ करोड ८० लाख १३ हजार खर्च भएको छ । संविधान अनुसार खेलकुद तीनै तहको सरकारको साझा अधिकार सूचीमा समावेश भए अनुसार प्रदेशले परिषद् गठन सम्बन्धी ऐन तथा नियमावली जारी गरी संघीय खेलकुद परिषद्कै ढाँचामा प्रदेशमा परिषद् स्थापना गरेको छ । परिषदमा सदस्य सचिव समेत १३ दरबन्दी रहेकोमा काजमा आएका ४ कर्मचारीबाट कार्य संचालन भइरहेको छ ।

सार्वजनिक निर्माण कार्यान्वयन इकाईहरू

२४. **कन्टेन्जेन्सी खर्च :** प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ को नियम ५(७) र अनुसूची-१ मा स्टाफ वर्क चार्जमा २ प्रतिशत र अन्य सानातिना खर्चमा २ प्रतिशत गरी कन्टिन्जेन्सी खर्च लेख्न सकिने प्रावधान छ । सार्वजनिक निर्माण कार्यान्वयन इकाई, काभ्रेपलाञ्चोकले कन्टेन्जेन्सी खर्चको लागि छुट्याएको रकमबाट सोही प्रयोजनमा खर्च गर्नुपर्नेमा कार्यालयले करारका कर्मचारीको तलब तथा भत्तामा रु.४० लाख ७४ हजार, फर्निचरमा रु.४ लाख ६८ हजार, दैनिक तथा भ्रमण भत्तामा रु.१७ लाख ३७ हजार र बिबिध तथा अन्यमा रु.४४ लाख समेत कन्टेन्जेन्सीमा रु.१ करोड ६ लाख ७९ हजार खर्च गरेको छ । कन्टिन्जेन्सी खर्चको कार्यविधि बनाई व्यवस्थित गर्नुपर्दछ ।

२५. **परामर्श सेवा खर्च** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९(१) खण्ड (क) मा कार्यालयको जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य परामर्श सेवाको लागत अनुमान गरी प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था रहेकोमा सार्वजनिक निर्माण कार्यान्वयन इकाई, काभ्रेपलाञ्चोकले प्रतिस्पर्धा नगराई विभिन्न फर्महरूबाट प्राविधिक तथा आर्थिक प्रस्ताब लिई परामर्श सेवामा रु.१ करोड ८ लाख ४७ हजार खर्च गरेको छ । यसैगरी धादिङले विभिन्न योजनाको विस्तृत परियोजना प्रतिवेदन निर्माण गरी रु.९७ लाख ८८ हजार खर्च गर्दा खरिदको प्रतिस्पर्धात्मक विधि अवलम्बन गरेको देखिएन । स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पूँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गर्नुपर्दछ ।

२६. **नन फाइलर** : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गते भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक निर्माण कार्यान्वयन इकाई, धादिङले उपभोक्ता समिति मार्फत ५ निर्माण व्यवसायीलाई रु.१ करोड ८ लाख ७८ हजार भुक्तानी दिँदा दिएको मूल्य अभिवृद्धि कर रु.१२ लाख ५१ हजारको लेखापरीक्षण अवधिसम्म पनि कर विवरण नबुझाई नन् फाइलर रहेको पाइयो । कानूनी व्यवस्था अनुसार विवरण नबुझाएकोले आय कर तथा मूल्य अभिवृद्धि कर सम्बन्धित खातामा जम्मा भएको सुनिश्चित गर्नुपर्दछ ।

२७. **मुआब्जा विवाद** : सार्वजनिक खरिद नियमावली, २०६४ नियम ६ मा पूर्वाधार निर्माण गर्नुपूर्व निर्माणस्थलको उपलब्धता तथा अन्य निकायसँग समन्वय आदि कार्य नगरी ठेक्का व्यवस्थापन गर्नु नहुने उल्लेख छ। सार्वजनिक निर्माण कार्यान्वयन इकाई कार्यालय, धादिङले सल्यानटार रंगशाला निर्माणको लागि एक निर्माण व्यवसायीसँग २०७७।१।६ मा निर्माण सम्पन्न गर्ने गरी रु.२ करोड १४ लाख ८७ हजारमा खरिद सम्झौता भएकोमा मुआब्जा बिवादको कारण निर्माण कार्यमा स्थानीयको अवरोध भई कार्यालयले बिचमै ठेक्का अन्त्य गरी प्राविधिक नाँपजाँचको आधारमा रु.४१ लाख ७६ हजार भुक्तानी गरेको छ । स्थानीय सरोकारवालाहरूसँग समन्वय नगरी निर्माण शुरु गरेकोले विवाद उत्पन्न भई केही कार्य भएपछि आयोजना स्थगित भएकोले खर्च उपलब्धि विहिन हुन पुगेको छ । त्यस्तै गोदावरी रंगशाला निर्माण कार्यको लागि रु.५९ लाख ५७ हजारको लागत अनुमान स्वीकृत भई निर्माण कार्य शुरु गरी रु.११ लाख ४९ हजार भुक्तानी पश्चात उक्त रंगशाला निर्माण हुने स्थानमा ३ हजार सिट क्षमताको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र निर्माण गर्ने निर्णय भएको कारण जनाई खरिद सम्झौता अन्त्य गरेको छ । संघीय योजना तथा कार्यक्रमसँग समन्वय नगरी रंगशाला निर्माण शुरु गरेको कारण भएको खर्च उपलब्धि बिहिन हुन पुगेको छ ।

२८. **गजुरी कभर्डहल** : निर्माण व्यवसायीले सम्झौतामा उल्लेख भएबमोजिमको कार्य तोकिएको स्पेसिफिकेसन र मापदण्ड बमोजिम गुणस्तरीय रूपमा सम्पन्न गर्नुपर्दछ । गजुरी कभर्डहल निर्माण कार्यको लागि एक निर्माण व्यवसायीसँग २०७६।३।२९ मा सम्झौता भई अन्तिम रनिङ बिलको रु.१५लाख ७० हजार समेत रु.६३ लाख २ हजार भुक्तानी भएको छ । उक्त निर्माण कार्यको स्थलगत अवलोकन गर्दा निर्मित संरचनाको ढोका गुणस्तरीय नभएको कारण भत्किएको तथा कमसल शिशाहरू फुटेको देखियो । ईन्जिनियरले सम्पन्न प्रमाणित गरेको कभर्डहल संचालनमा आएको छैन । भत्किएका र कमसल संरचनाहरू निर्माण व्यवसायीकै लागतमा सुधार गरी कभर्डहल संचालन गर्नुपर्दछ । कभर्डहल निर्माणको गुणस्तर कमजोर र संचालन समेत नभएको देखिँदा अन्य ११ कभर्ड हलहरूमा भएको खर्च रु.१२ करोड ५२ लाख १५ हजारको सम्बन्धमा मन्त्रालयबाट अनुगमन निरीक्षण एवं छानबिन गरी गुणस्तर र संचालन अवस्थाको बारेमा यकिन गर्नुपर्दछ ।

२९. **सवलीकरण अनुदान** : सार्वजनिक निर्माण कार्यान्वयन इकाई, धादिङले विभिन्न २५ सामुदायिक क्याम्पसहरूलाई भौतिक सवलीकरण अनुदान कार्यक्रमको लागि रु.६ करोड ९१ लाख अनुदान वितरण गरेकोमा कार्यालयले सम्झौता बमोजिमको कार्य भए नभएको अनुगमन गरेको छैन ।

३०. **विस्तृत परियोजना प्रतिवेदन** : सार्वजनिक निर्माण कार्यान्वयन इकाई, धादिङले रंगशाला निर्माण कार्यको लागि राष्ट्रिय खेलकुद परिषद्ले विस्तृत परियोजना प्रतिवेदन तयार गरी सोहीबमोजिम गत वर्षदेखि नै निर्माण कार्यको थालनी भई रु.३ करोड ३२ लाख ९६ हजार खर्च भई सकेको गौरीटार रंगशाला धादिङ्गको पुनः विस्तृत परियोजना प्रतिवेदन तयार गरी रु.१४ लाख ८९ हजार खर्च गरेको छ । राष्ट्रिय खेलकुद परिषद्सँग समन्वय नगरी एकै कार्यमा दोहोरो खर्च गरेको उचित देखिएन ।

- **बेरुजु स्थिति** : यो वर्ष मन्त्रालय र मातहत समेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहाय अनुसार छ :

  - मन्त्रालय तथा मातहत २२ निकायको रु.२४ करोड ७४ लाख ८७ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ करोड ३० लाख ५२ हजार फर्स्यौंट गरेकोले रु.२३ करोड ४४ लाख ३५ हजार बाँकी देखिएको छ । सोमध्ये रु.४ करोड ८८ लाख ९६ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची–१०** मा छ ।

  - समितितर्फ ७ अस्पताल विकास समितिको रु.९० लाख ५५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि २ समितिको रु.१ लाख ७४ हजार फर्स्यौंट गरेकोले रु.८८ लाख ८१ हजार बेरुजु बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची–११ मा रहेको छ ।

मुख्य न्यायाधिवक्ताको कार्यालय

नेपालको संविधानको धारा १६० मा उल्लेख भए बमोजिम प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्या सम्बन्धी कुनै जटील संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्त्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी गर्ने, गराउने, प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारी समेतलाई कानूनी राय सल्लाह उपलब्ध गराउने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो । यस कार्यालयको कार्यक्षेत्र बागमती प्रदेश अन्तर्गतका १३ जिल्लाहरू रहेका छन् ।

यो वर्ष कार्यालयको विनियोजन रु.१ करोड १ लाख ३२ हजार, राजस्व रु.१ लाख १५ हजार र धरौटी रु.३ लाख ९३ हजार र अन्य कारोवार रु.७ लाख ६ हजार समेत रु.१ करोड १३ लाख ४६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

- **बेरुजु स्थिति :** कार्यालयतर्फ यो वर्ष रु.५२ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट रु.५२ हजार फस्यौंट गरेको छ । यस सम्बन्धी विवरण अनुसूची—१० मा समावेश छ ।

प्रदेश नीति तथा योजना आयोग

प्रदेश सरकारको विकास नीति एवं योजना तथा कार्यक्रम तर्जुमा कार्यलाई लक्ष्यउन्मुख, सूचकमा आधारित र प्राथमिकताको क्षेत्र केन्द्रीत बनाउन सहयोग र सल्लाह दिनको लागि प्रदेश सरकारको २०७५ जेठ २९ को निर्णयबाट प्रदेश नीति तथा योजना आयोग गठन भएको छ ।

यो वर्ष आयोगको विनियोजन रु.१ करोड ५६ लाख ९५ हजार, राजस्व रु.१ हजार, धरौटी रु.२ लाख ५९ हजार र अन्य कारोवार रु.५ लाख समेत रु.१ करोड ६४ लाख ५५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् :

१. **दरबन्दी र पदपूर्ति :** आयोगको स्वीकृत कर्मचारी दरबन्दी २२ मध्ये १० पदपूर्ति भई एक तथ्याङ्क अधिकृत सहित १२ पद रिक्त रहेको छ । जनशक्तिको अभावमा आयोगको कार्य सम्पादनमा असर पर्ने देखिएकोले रिक्त दरबन्दीमा पदपूर्ति गर्नुपर्दछ ।

२. **लक्ष्य प्रगति :** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २७ मा कार्यक्रम कार्यान्वयनको प्रगति समीक्षा गर्ने व्यवस्था रहेको छ । यस आयोगबाट संचालन गर्ने गरी क्षेत्रगत विकास नीति, कार्यविधि, निर्देशिका, मापदण्ड तयारी प्रदेश र स्थानीय तहको योजना (आवधिक/वार्षिक) तर्जुमा, अनुगमन तथा मूल्याङ्कन कार्यविधि सम्बन्धी प्रशिक्षण, प्रदेश वार्षिक योजना तर्जुमा सम्बन्धी प्रदेशस्तरीय कार्यालय तथा स्थानीय तहहरूलाई योजना अनुगमन तथा प्रशिक्षण लगायतका विभिन्न ७ क्रियाकलापहरू संचालन गर्ने गरी रु.९७ लाखको कार्यक्रम स्वीकृत भएकोमा प्रदेश स्तरीय नीति, योजना तर्जुमा कार्यान्वयन अनुगमन सम्बन्धी विषय विज्ञ निजी क्षेत्र तथा सरोकारवालाहरूसंग अन्तरक्रिया तथा छलफल लगायतका कार्यक्रममा १५ प्रतिशत प्रगति भई रु.१ लाख ९० हजार खर्च भएको छ । यस बाहेक अन्य ६ कार्यक्रमहरू संचालन नभई शून्य प्रगति रहेको छ । लक्ष्य अनुसार कार्यसम्पादन गरी प्रगति हासिल गर्नुपर्दछ ।

३. **दिगो विकास लक्ष्य :** दिगो विकासका सूचक र लक्ष्यहरूलाई स्थानीयीकरण गरी निर्दिष्ट लक्ष्य समयमै हासिल गर्न आयोगको भूमिका महत्त्वपूर्ण रहेको छ । आयोगले दिगो विकासका लक्ष्यहरूको आधार रेखा सूचकाङ्क तयार गरी परिमाणात्मक लक्ष्यहरू निर्धारण गरेको छैन ।

४. **आवधिक योजनाको समीक्षा :** आयोगले पहिलो आवधिक योजना २०७६।७७ देखि २०८०।८१ तर्जुमा गरी लागू गरेको छ । उक्त योजनाको प्रभावकारी कार्यान्वयनको लागि प्रत्येक वर्ष हासिल गर्नुपर्ने नतिजा सूचकहरू समेत उल्लेख गरेको छ । सोबमोजिम पहिलो वर्ष बहुआयामिक गरिबी सूचकाङ्क १०.८ प्रतिशतमा झार्ने, मानव विकास सूचकाङ्क ०.६४७ पुर्‍याउने, आर्थिक वृद्धि दर ९ प्रतिशत, उद्योग क्षेत्रको वृद्धिदर १३.८ प्रतिशत, प्रतिव्यक्ति आय २ हजार १११ अमेरीकी डलर पुर्‍याउने लगायतको लक्ष्य राखेकोमा सोको प्रगति समीक्षा गरेको छैन । प्रत्येक वर्षको लागि तोकिएका सूचकहरू बमोजिम नतिजा हासिल गर्न नसकेमा आवधिक योजनाले परिकल्पना गरेका सोच, लक्ष्य र उद्देश्यहरू प्राप्त गर्न नसकिने हुँदा नतिजाको समीक्षा गरी कार्ययोजना बमोजिम तोकिएको समयभित्रनै क्रियाकलापहरू संचालन गर्नुपर्दछ ।

- **बेरुजु स्थिति** : आयोगको लेखापरीक्षणबाट यो वर्ष लगती बेरुजु देखिएको छैन । यस सम्बन्धी विवरण अनुसूची-१० मा रहेको छ ।

परिच्छेद-४

प्रतिवेदन कार्यान्वयन स्थिति

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५ बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औल्याइएका बेरुजुका सम्बन्धमा सो बेरुजुको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिए बमोजिम फर्स्यौंट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनु पर्ने व्यवस्था छ । यस सम्बन्धी व्यहोरा निम्न छन्:

१. **प्रतिवेदन कार्यान्वयन** : लेखापरीक्षण ऐन, २०७५ को दफा १९ (५) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष पेश गरेको प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभा समक्ष पेश गर्ने व्यवस्था छ । महालेखापरीक्षकको प्रतिवेदनको कार्यान्वयन स्थिति खुलाई पठाउन २०७८/३/९ मा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पत्राचार गरिएको थियो । कार्यालयले महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ प्रदेश सभामा २०७८/२/१७ मा पेश भएको जानकारी दिएको छ । वार्षिक प्रतिवेदन उपर समयमै छलफल गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

२. **बेरुजु फर्स्यौंट** - यो वर्ष प्रदेश सरकारी कार्यालयतर्फ १८३ निकायको विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोवारको लेखापरीक्षण सम्पन्न गरी रु.७९ करोड ४९ लाख ७८ हजार लगती बेरुजु सहितको प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएकोमा ५२ इकाईको प्रमाण तथा प्रतिक्रिया पेश भई सैद्धान्तिक दफा ५७ र लगती दफा १५३ बाट रु.७ करोड ८६ लाख ३० हजार फर्स्यौंट भएको र १२१ इकाईको फर्स्यौंट हुन नसकि रु.७१ करोड ६३ लाख ४८ हजार बाँकी रहेको छ । समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षण भएका ८ इकाईको रु.९२ लाख ४७ हजारमा ३ निकायले प्रतिक्रियाबाट रु.३ लाख ६६ हजार फर्स्यौंट गरेकोले रु.८८ लाख ८१ हजार बेरुजु बाँकी रहेको छ । कानुनबमोजिम बेरुजु असुल फर्स्यौंट गर्नुपर्दछ ।

   गत वर्ष प्रदेशको सरकारी कार्यालयको कारोवारतर्फको रु.९७ करोड ३० लाख ६६ हजार बेरुजु फर्स्यौंट गर्न बाँकी रहेकोमध्ये यस वर्ष रु.३२ करोड ८४ लाख ३२ हजार फर्स्यौंट गरी रु.६४ करोड ४६ लाख ३४ हजार बाँकी रहेको तथा यस वर्षको रु.७१ करोड ६३ लाख ४८ हजार समेत रु.१ अर्ब ३६ करोड ९ लाख ८२ हजार बेरुजु बाँकी रहेको छ । उक्त बेरुजुमध्ये रु.२७ करोड ८५ लाख ७ हजार पेस्की रहेको छ । कानुनबमोजिम बेरुजु असुल फर्स्यौंट गर्नुपर्दछ ।

३. **बेरुजु न्यूनीकरण** - प्रदेश सरकारको आर्थिक कारोवारमा महालेखापरीक्षकबाट औंल्याइएको त्रुटिलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउनु पर्दछ । प्रदेश कार्यालयहरू संचालनको सुरुवाती चरणमा रहेकाले आन्तरिक नियन्त्रण प्रणाली स्थापना, प्रभावकारी आन्तरिक लेखापरीक्षण, सार्वजनिक खरिद लगायतका कानुनको पालना, अनुगमन तथा नियमन र कर्मचारीमा जिम्मेवारी र जवाफदेहिता वहनको स्थितिमा बढोत्तरी गरी बेरुजु न्यूनीकरण गर्नुपर्दछ ।

परिच्छेद-५

सुधारका क्षेत्रहरू

